सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ माघ २०८२, बिहीबार (5 Feb 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २८७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कर्नर किक

● रवि मिश्र



मोरङका सात लाख ८३ हजार मतदाताको इजलासमा ११० उम्मेदवार

अघिल्ला हरेक निर्वाचनमा चर्चाको शिखरमा रहने ६ निर्वाचन क्षेत्र रहेको मोरङमा ३१ स्वतन्त्रसहित ११० उम्मेदवार चुनावी मैदानमा छन् । दलहरूले जिल्ला, क्षेत्र, पालिका, वडा र टोलसम्म समिति बनाउन थालेका छन् भने उम्मेदवारहरू छलफल तथा भेटघाटमा जुटेका छन् ।

(विस्तृत पृष्ठ ३)

सहकारी ठगी र सम्पत्ति शुद्धीकरण मुद्दाका प्रावधान



अग्रलेख

सरकारी वकिललाई जित्ने सम्भावना कम भएको कमजोर मुद्दा फिर्ता लिने वा अभियोग संशोधन गर्ने पूर्ण अधिकार हुन्छ

(पृष्ठ ४)

यो वर्ष भारत र बंगलादेशमा २३ अर्ब ७३ करोडको विद्युत् निर्यात

गत वर्षको तुलनामा विद्युत् निर्यातबाट आठ अर्बभन्दा बढी आम्दानी

अब बिमामा हुने अपराधमा 'बिमा कसुर'कै मुद्दा

(विस्तृत पृष्ठ ६)



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ ०४८ यताको सदाबहार एजेन्डा

हरेक निर्वाचनमा सुकुमवासीलाई लालपुर्जा दिलाउने दलहरूको वाचा

३६ वर्षमा भूमि आयोगमा २१ अध्यक्षसहित २३ सय नेता-कार्यकर्ताको नियुक्ति, अझै १२ लाख परिवार भूमिहीन


सुवास भट्ट /नयाँ पत्रिका

सुकुमवासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीका भूमिसम्बन्धी समस्या समाधान गर्ने वाचा ०४८ यताका हरेक चुनावको सदाबहार एजेन्डा हो । ०४६ को आन्दोलनपछि अहिलेसम्म ३६ वर्षमा पटक-पटक नाम फेर्दै डेढ दर्जन भूमि आयोग, कार्यदल र समितिहरू पनि बनाइए, जहाँ २१ अध्यक्षसहित २३ सय कर्मचारीको राजनीतिक भर्ती भयो । तर, भूमिहीनका समस्या ज्युँका त्युँ छन्, झन्डै १२ लाख परिवार अझै भूमिहीन छन् । त्यसैले आफू र आफ्नो दलले चुनाव जिते जग्गा दिलाइदिने नारा यसपटक पनि सुकुमवासी बस्तीहरूमा पुगिरहेको छ ।

अहिले हरिप्रसाद रिजालको अध्यक्षतामा भूमि समस्या समाधान आयोग छ । आयोगको हालसम्मको अद्यावधिक तथ्यांकअनुसार देशभर ९६ हजार २१९ भूमिहीन दलित परिवार, एक लाख ७५ हजार ८९४ भूमिहीन सुकुमवासी र नौ लाख १२ हजार ६५२ अव्यवस्थित बसोबासी छन् । यी तीन प्रकारका भूमिहीन तथा अव्यवस्थित बसोबासीको कुल परिवार संख्या ११ लाख ८४ हजार ७६५ हुन्छ । यो वडा, पालिका हुँदै जिल्ला तहमा आएको निवेदनका आधारमा आयोगमा आइतबारसम्म अद्यावधिक भएको तथ्यांक हो ।

'भूमिहीन र अव्यवस्थित बसोबासी गरी ११ लाख ८४ हजार ७६५ परिवार रहेको तथ्यांक आयोगमा आएको छ । पालिका तहबाट आएका निवेदनका आधारमा जिल्लाहरूले तथ्यांक प्रविष्ट गरिसकेपछि

» पृष्ठ २ मा क्रमशः



● अहिले हरिप्रसाद रिजालको अध्यक्षतामा भूमि समस्या समाधान आयोग छ । आयोगको हालसम्मको अद्यावधिक तथ्यांकअनुसार देशभर ९६ हजार २१९ भूमिहीन दलित परिवार, एक लाख ७५ हजार ८९४ भूमिहीन सुकुमवासी र नौ लाख १२ हजार ६५२ अव्यवस्थित बसोबासी छन् । यी तीन प्रकारका भूमिहीन तथा अव्यवस्थित बसोबासीको कुल परिवार संख्या ११ लाख ८४ हजार ७६५ हुन्छ । यो वडा, पालिका हुँदै जिल्ला तहमा आएको निवेदनका आधारमा आइतबारसम्म अद्यावधिक भएको तथ्यांक हो ।

● भूमि आयोगका नाममा ०४७ देखि एउटै कथा दोहोरिँदै आएको छ । सरकार फेरिएपिच्छे अघिल्लो आयोग खारेज गर्दै उही प्रयोजनका लागि नयाँ नाम दिएर आयोग गठन गर्ने र कार्यकर्तालाई कर्मचारीका रूपमा भर्ती गर्ने परिपाटी विद्यमान छ । हालसम्म बनेका आयोगले औसत एक वर्ष पनि काम गर्न पाएका छैनन् । कतिपयले त प्रतिवेदनसम्म तयार गरेनन् । हालसम्म यी आयोगहरूमार्फत एक लाख ६० हजार भूमिहीन दलित, सुकुमवासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण गरेको अनौपचारिक तथ्यांक छ । यसमध्ये पनि ०७२ को संविधान जारी हुनुअघि वितरण गरिएका ८६ हजार लालपुर्जामा समस्या रहेको हालको आयोगले नै जनाएको छ ।

भूमि अधिकारकर्मी जगत देउजा भन्छन्-

सतही तरिकाले समस्या हल हुँदैन, सरकार र दलबिच साझा प्रतिबद्धता चाहिन्छ



"भूमिसम्बन्धी विषय नेपालको आर्थिक, सामाजिक सुधारको मुख्य एजेन्डा भए पनि बुझ्नमै समस्या भयो । ०४६ सम्म भूमि समस्यामाथि राजनीतिक रूपमा बहस हुन्थ्यो, तर तिनै दलहरू सत्तामा पुगेपछि भूमिका मुद्दा ओझेल पर्दै गए । दलहरूले केही प्रयास गरे पनि समाधानमुखी बनेनन् । अहिलेको सतही तरिकाले भूमिसम्बन्धी समस्या हल हुँदैन । यसका लागि सरकार र राजनीतिक दलबिच साझा प्रतिबद्धता आवश्यक छ । नीतिगत अस्पष्टता, कर्मचारीतन्त्रमा इच्छाशक्तिको कमी, आयोगका पदाधिकारीमा प्राविधिक ज्ञानको अभाव र दलहरूले पनि आयोग बनाएर मात्रै छाडिदिने चरित्रका कारण समस्या समाधान हुँदैन । भूमिको समस्या समाधान नभए दीर्घकालसम्म यसले आमअसन्तुष्टि र समस्या निम्त्याइरहन्छ ।

थलियो स्वास्थ्य बिमा कार्यक्रम

तत्कालको संकट टार्न स्वास्थ्य मन्त्रालयले माग्यो १५ अर्ब



● **प्रधानमन्त्रीसँग स्वास्थ्यमन्त्री डा. सुधा शर्माको गुनासो-**

अब तत्काल १५ अर्ब व्यवस्थापन गर्न नसके स्वास्थ्य बिमा प्रणालीमा आबद्ध रहेका अस्पतालहरूले सेवा बन्द गर्ने भनिरहेका छन् । शून्य बजेटमा २४ अर्ब दायित्व बोकेर स्वास्थ्य बिमा कार्यक्रम कसरी सञ्चालन हुन्छ ? सञ्चालन हुन सक्दैन, कि त स्पष्ट रूपमा स्वास्थ्य बिमा बन्द गर्न माथिबाटै निर्देशन हुनुपर्‍यो कि आवश्यक रकम जुटाइदिनुपर्‍यो ।



● **स्रोत जुटाउन र व्यवस्थित गर्न निर्देशन दिँदै प्रधानमन्त्री सुशीला कार्कीले भनिन्-**

एकातिर जनताले ३५ सय पनि तिरेका छन्, अर्कातिर सरकारले वचन दिएको एक लाखसम्मको उपचार गर्ने भन्या पनि छ । अहिले बिमाको रकम नपाएर अस्पतालले सेवा बन्द पनि गरेका छन्, अब यो जिम्मा त हामीजस्तैको टाउकोमा आउने न हो । क्याबिनेटले गर्न सकेन, मन्त्रिपरिषद्ले गर्न सकेन भन्ने कुरा हुन्छ । जनताले पनि के सोच्छन् भने ३५ सय त मैले दिएको थिएँ, उपचार किन भएन ? यो विषय र समस्याहरू आउने नै भयो । अब सेवा दिएन भने सेवाग्राहीले प्रश्न उठाउँछन्, ३५ सय सरकारले सित्तैमा खाएजस्तो भयो भनेर । त्यसैले के गर्ने हो सोच्नुपर्‍यो, अर्थमन्त्रीज्यू टुरमा हुनुहुन्छ, उहाँ आएपछि यसो बसेर छलफल गरेर उपाय निकाल्नुस् ।

शिवहरि घिमिरे /नयाँ पत्रिका

विपन्न नागरिकको उपचारको भरोसा मानिएको स्वास्थ्य बिमा कार्यक्रम नै थला पर्ने अवस्थामा पुगेको छ । सेवा प्रदायकलाई सरकारले तिर्नुपर्ने ११ अर्ब केन्द्र सरकारले भुक्तानी नदिएपछि स्वास्थ्य बिमा बोर्ड हात उठाउने अवस्थामा पुगेको हो । हाल उक्त रकम कसरी तिर्ने भनेर बोर्ड र स्वास्थ्य मन्त्रालय अन्योल अवस्थामा छन् ।

बुधबार सिंहदरबारमा स्वास्थ्य बिमाको वर्तमान अवस्था तथा भावी मार्गचित्रसम्बन्धी कार्यक्रममा स्वास्थ्यमन्त्री डा. सुधा शर्माले प्रधानमन्त्री सुशीला कार्कीसमक्ष पीडा पोखिन् । उनले स्वास्थ्य बिमाको तत्कालको संकट टार्न कम्तीमा १५ अर्ब बजेट यथाशीघ्र उपलब्ध गराउन माग गरिन् ।

'अब तत्काल १५ अर्ब व्यवस्थापन गर्न नसके स्वास्थ्य बिमा प्रणालीमा आबद्ध रहेका अस्पतालहरूले सेवा बन्द गर्ने भनिरहेका छन्,' उनले भनिन्, 'शून्य बजेटमा २४ अर्ब दायित्व बोकेर

» पृष्ठ २ मा क्रमशः

मिथ्या सूचना रोक्न निर्वाचन आयोग र टिकटकबिच सहकार्य

काठमाडौं/ निर्वाचनमा मिथ्या सूचना रोक्न निर्वाचन आयोग र टिकटकबिच सहकार्य गर्ने समझदारी भएको छ । आयोगपरिसरमा बुधबार आयोजित कार्यक्रममा निर्वाचनको नैतिकतालाई प्रवर्द्धन गर्ने उद्देश्यले टिकटकले आयोगसँग समझदारीपत्र आदान-प्रदान गरेको हो ।

सहकार्यअन्तर्गत टिकटकको प्रतिनिधिमण्डलले निर्वाचन नैतिकतासम्बन्धी क्षमता अभिवृद्धि कार्यशालासमेत सञ्चालन गरेको

» पृष्ठ २ मा क्रमशः



■ देशमा बेरोजगारीको विकराल चित्र

साढे दुई महिनाका लागि ४४ सय कर्मचारी माग्दा एक लाख १३ हजारको दरखास्त

■ अझै पाँच दिन बाँकी छ दरखास्त दिने अवधि



तथ्यांक कार्यालयले राष्ट्रिय आर्थिक गणनाका लागि राजपत्र अनंकित प्रथम श्रेणीतर्फ ५२६ र राजपत्र अनंकित द्वितीय श्रेणीका लागि ३,९१३ कर्मचारीका लागि दरखास्त आह्वान गरेको छ । करार सेवाको जागिरमा राजपत्र अनंकित प्रथम श्रेणी पदका लागि ३४ हजार ७३० तथा राजपत्र अनंकित द्वितीय श्रेणीका लागि ३२ हजार ९०२ रुपैयाँ मासिक तलब तोकिएको छ ।

नयाँ पत्रिका

राष्ट्रिय तथ्यांक कार्यालयले हालै करारका कर्मचारी माग्दा परेको आवेदन अंकले देशमा बेरोजगारीको विकराल चित्र झल्काएको छ । कार्यालयले राष्ट्रिय आर्थिक गणनाका लागि चार हजार ४३९ करारका कर्मचारी माग्दा झन्डै २६ गुणा बढी अर्थात् एक लाख १३ हजार ३५० दरखास्त परेका छन् । यो पनि लामो अवधिको जागिरका लागि होइन, केवल साढे दुई महिनाका लागि मात्र हो ।

तोकिएको अवधिमा सर्भरमा समस्या हुँदा सबैले दरखास्त दिन नसकेका कारण अझै पाँच दिन थप भएको छ । त्यसैले, दरखास्त अझै बढ्ने निश्चित छ । तथ्यांक कार्यालयले गत १ माघमा २१ दिनको म्याद दिएर राजपत्र अनंकित प्रथम श्रेणीतर्फ ५२६ र राजपत्र

» पृष्ठ २ मा क्रमशः

■ दल र उम्मेदवारको खर्च कस्दै निर्वाचन आयोग

अब चन्दा पनि बैंक खातामार्फत नै लिनुपर्ने

२५ हजारभन्दा बढी सोझै बैंक खातामा पठाउनुपर्ने, योभन्दा कमको नगदी रसिद बैंक खातामा जम्मा गर्नुपर्ने

सरकारी निकाय, सार्वजनिक निकाय, गैरसरकारी संस्था, विदेशीबाट सहयोग लिन नपाउने

कमलराज भट्ट/नयाँ पत्रिका

दल र उम्मेदवारले निर्वाचनमा गर्ने असीमित खर्च कस्न खोजिरहेको निर्वाचन आयोगले चन्दा पनि बैंक खातामार्फत नै दिनु/लिनुपर्ने कानुनी व्यवस्था गरेको छ। दल र उम्मेदवारलाई कसैले चन्दा दिन चाहे बैंक खातामार्फत नै सहयोग गर्नुपर्ने र यसका लागि दल र उम्मेदवारले छुट्टै बैंक खाता खोल्नुपर्ने प्रावधान बनाएको हो।

आयोगले बुधबार यससम्बन्धी 'निर्वाचन प्रचारप्रसार बैंक खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, ०८२ स्वीकृत गरी सार्वजनिक गरेको छ। दल र उम्मेदवारलाई प्रचारका लागि प्राप्त हुने स्वैच्छिक आर्थिक सहयोगको रकम तथा उनीहरूले गर्ने खर्चलाई मितव्ययी र पारदर्शी बनाई निर्वाचनमा सुशासन कायम गर्न यस्तो कार्यविधि बनाइएको आयोग प्रवक्ता नारायण भट्टराईले बताए।

२१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा भाग लिएर उम्मेदवारी दिएका सबै दल, उम्मेदवारहरू र स्वतन्त्र उम्मेदवारहरूले कार्यविधिअनुसार निर्वाचन प्रचारका निमित्त आर्थिक सहयोग लिई गर्ने आम्दानी खर्च कारोबार यसै खातामार्फत गर्नुपर्ने भट्टराईले बताए। खाता खोल्नका लागि दलको हकमा निर्वाचन आयोगको सचिवालयबाट र उम्मेदवारहरूको हकमा सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयबाट सिफारिस हुने गरी तोकिएको छ।

छुट्टै खाता कसरी खोल्ने ?

चुनावका लागि छुट्टै खाता खोल्न दलले आयोगको सचिवालय र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिनुपर्नेछ। निवेदन दिँदा दलको पत्र, उम्मेदवारी दिएको निस्सा, सम्बन्धित बैंकको दस्तखत नमुना कार्ड र खाता सञ्चालकको नागरिकताको प्रतिलिपि बुझाउनुपर्नेछ। निवेदन प्राप्त भएपछि कागजात जाँच तथा प्रमाणित गरी आयोगको सचिवालय वा निर्वाचन कार्यालयले बैंकमा सिफारिस गर्नेछ भने त्यसको जानकारी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा दिनुपर्नेछ।

सिफारिसपछि बैंकले खाता खोलेर दलको खाता भए आयोगको सचिवालय र उम्मेदवारको हकमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा जानकारी पठाउनुपर्नेछ।

बैंक खाता सञ्चालन गर्न दलको हकमा बढीमा दुईजना पदाधिकारी र उम्मेदवारको हकमा सम्बन्धित उम्मेदवार वा निजले अख्तियारी दिएको व्यक्ति रहने भनिएको छ।

बैंक खातामा चन्दादाताले दल तथा उम्मेदवारलाई निर्वाचन प्रचारका लागि दिने स्वैच्छिक आर्थिक सहयोग नेपाली मुद्रामा हुनुपर्नेछ। खर्च पनि नेपाली रुपैयाँमै हुनुपर्नेछ।

दल तथा उम्मेदवारले कुनै नेपाली नागरिक वा संगठित संस्थाबाट २५ हजारभन्दा बढी स्वैच्छिक आर्थिक सहयोग रकम प्राप्त गर्दा सोझै बैंक खातामा प्राप्त गर्नुपर्ने र सोभन्दा कम रकमका लागि नगदी रसिद वा भरपाई बैंक खातामा जम्मा गर्नुपर्ने भनिएको छ। सरकारी निकाय, सार्वजनिक निकाय, गैरसरकारी संस्था, विदेशीबाट सहयोग लिन नपाउने भनिएको छ।

नेपाली नागरिक वा संगठित संस्थाबाट एक लाखभन्दा बढी आर्थिक सहयोग लिँदा त्यस्तो सहयोग दने व्यक्ति तथा संस्थाको नाम, थर, ठेगाना, पेसा, स्थायी लेखा नम्बर तथा त्यस्तो आर्थिक सहयोग दिइएको रकमको स्रोत र त्यस्तो रकममा कर लाग्ने, नलाग्ने कुराहरू खुलाउन लगाएर मात्र लिनुपर्ने र त्यस्तो विवरणको अभिलेखसमेत राख्नुपर्ने भनिएको छ। दल तथा उम्मेदवारले यसअघि निर्वाचन प्रचार खर्च गर्न बैंक खाता खोली प्राप्त गरेको रकम यस कार्यविधिबमोजिम खोलिएको बैंक खातामा सार्नुपर्नेछ।

कानुनबमोजिम निर्वाचन प्रचार खर्चको विवरण सार्वजनिक गरी सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनुपर्ने भनिएको छ। खर्च विवरणको प्रतिवेदन तयार भएको ३५ दिनभित्र आयोग र कार्यालयले बैंक खाता बन्द गर्न लगाउने व्यवस्था कार्यविधिमा छ। निर्वाचन प्रचार खर्चको सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुखले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतको रूपमा निरन्तर अनुगमन गर्ने व्यवस्था छ।

अनुगमनका क्रममा दल तथा उम्मेदवारले सरकारी कर्मचारी वा सार्वजनिक सम्पत्ति प्रयोग गरे-नगरेको, कानुनविपरीत सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघसंस्थाबाट आर्थिक सहयोग लिए-नलिएको, आयोगले तोकेको हदभित्र रही खर्च गरे-नगरेको, निर्वाचन प्रचार अभियानमा निषेधित कार्यका लागि आर्थिक सहयोग लिए-नलिएको, प्रचारका लागि कोणसभा, आमसभा गर्दा मञ्चको तयारीका लागि गरेको खर्चको जाँचबुझ गर्ने, दल र उम्मेदवारले खर्च गर्दा बैंकमा छुट्टै खाता खोली खर्च गरे-नगरेको हेर्नुपर्ने र कानुनबमोजिम आवश्यक कारबाही गर्नुपर्ने भनिएको छ। आयोगको कानुन तथा राजनीतिक दल महाशाखा प्रमुख यज्ञ भट्टराईले पारदर्शी निर्वाचनका लागि कार्यविधि बनाइएको बताए।

'आचारसंहिताले पनि दलहरूले निर्वाचन प्रचार गर्दा छुट्टै खाता खोली गर्नुपर्ने, जिम्मेवार पदाधिकारी तोक्नुपर्ने, निर्वाचन प्रचारका लागि आयव्यय पारदर्शी हुनुपर्ने भनेको छ। त्यही उद्देश्यका लागि यो व्यवस्था गरिएको हो,' उनले भने, 'दल तथा उम्मेदवारले आयोगले तोकेको खर्चको हदभित्रै रहेर पारदर्शी किसिमले खर्च गर्दा स्वतन्त्र, निष्पक्ष पारदर्शी निर्वाचनलाई सहयोग पुग्छ।'

दल तथा उम्मेदवारको खर्चको सीमा

निर्वाचन आयोगले दल र उम्मेदवारका लागि खर्च गर्न पाउने सीमा तोकेको छ। दलले बन्दसूचीमा उम्मेदवार पेस गरेको आधारमा प्रत्येक उम्मेदवारको २ लाखको दरले खर्च गर्न पाउँछ। त्यस्तै, उम्मेदवारको हकमा निर्वाचन क्षेत्र हेरी २५ देखि ३३ लाखसम्म खर्च गर्न पाउने सीमा तोकेको छ। काठमाडौंका पाँच निर्वाचन क्षेत्र (१, ३, ६, ७ र ८) का उम्मेदवारले अधिकतम २५ लाख खर्च गर्न पाउने भनिएको छ। १७ निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २७ लाख, ६५ निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २९ लाख, ५२ निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम ३१ लाख र २६ निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम ३३ लाख खर्च गर्न पाउने सीमा तोकिएको छ।

बुढानीलकण्ठमा पाँच बंगलादेशीको अपहरण

सातजना पक्राउ

काठमाडौं/ इटाली पठाइदिने भन्दै पाँच बंगलादेशी नागरिकलाई काठमाडौं बोलाएर बन्धक बनाई लुटपाट गरिएको छ। अपहरणमा संलग्न पाँच बंगलादेशी नागरिक, एक भारतीय र एक नेपाली पक्राउ परेका छन्।

बुढानीलकण्ठको भंगालस्थित एक घरबाट पाँच बंगलादेशीको उद्धार गरी अपहरणमा संलग्नहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी पवन भट्टराईले बताए।

पक्राउ पर्ने बंगलादेशीहरूमा आलमामुन, बिलाल, रिवन विश्वास, बाबु हुसेन, मसिभुर रहमान, भारतीय सरोज कुमार र नेपाली नागरिक शशी पाठक छन्। उनीहरूलाई सातदेखि नौ लाख रुपैयाँ असुलेर इटाली पठाउने आश्वासनमा काठमाडौं बोलाइएको र सबै प्रक्रिया पूरा भएको भनेर भंगालमा भाडामा लिइएको घरमा लगिएको थियो। त्यहाँ उनीहरूसँग भएको डलरसमेत लुटेर बन्धक बनाइएको थियो। प्रहरीले सूचना पाएपछि मंगलबार पक्राउ गरेको हो।

पक्राउ परेकाउपर शरीर बन्धक तथा ठगी मुद्दामा प्रहरीले कारबाही अघि बढाएको छ। युरोप पठाइदिने भन्दै नेपाल बोलाएर उनीहरूलाई बन्धक बनाई फिरौती मागिएको सूचनाका आधारमा प्रहरीले सो घरमा छापा हानेको हो।

बौद्धको एक घरबाट ३५ तोला सुन र ७० तोला चाँदीका गहना चोरी

काठमाडौं/ काठमाडौंको बौद्धस्थित एक घरबाट ३५ तोला सुन र ७० तोला चाँदीका गहना चोरी भएको छ। काठमाडौं महानगरपालिका- ६, टुसालनजिक बस्ने रिन्जी लामाको घरमा कोही नभएको अवस्थामा घरभित्र प्रवेश गरी मंगलबार दिउँसो एक करोड चार लाख रुपैयाँबराबरका उक्त गहना चोरी भएको हो।

सुनका गहनामा १६ तोलाको माला, सात तोलाको ब्रासलेट, चार तोलाको चुरा, साढे दुई तोलाको झुम्का र अन्य साढे पाँच तोलाबराबरका विभिन्न गहना चोरी भएको हो। त्यस्तै, तीन लाख ५० हजार रुपैयाँबराबरको चाँदीका गहना चोरी भएको छ। चोरी गर्नेहरू फरार छन्। घटनाको विस्तृत रूपमा अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी पवन भट्टराईले बताए।

तत्कालको संकट...

पृष्ठ १ बाट क्रमशः

स्वास्थ्य बिमा कार्यक्रम कसरी सञ्चालन हुन्छ ? सञ्चालन हुन सक्दैन, कि त स्पष्ट रूपमा स्वास्थ्य बिमा बन्द गर्न माथिबाटै निर्देशन हुनुपर्‍यो कि आवश्यक रकम जुटाइदिनुपर्‍यो, बजेटविना समाधान निस्किँदैन।'

स्वास्थ्य बिमामा मात्रै सरकारको वार्षिक २४ अर्ब खर्च हुने गरेको छ। प्रतिमहिना दुई अर्बका दरले खर्च हुँदा सेवा प्रदायकलाई स्वास्थ्य बिमा बोर्डले तिर्नुपर्ने बक्यौता चुलिएको छ। रकम अभावमा बिमा कार्यक्रम नै धरापमा पर्न थालेपछि बिमा बोर्डले ओपिडी सेवा खुम्च्याएर २५ हजारमा झारेको छ। स्वास्थ्य बिमा बोर्डले तीन हजार पाँच सयमा बिमा गरेपछि एक लाखसम्मको निःशुल्क उपचार सेवा दिन्छ। तर, हालै उक्त बिमामध्ये ओपिडी सेवामा २५ हजार मात्र खर्च गर्न पाइने निर्णय बोर्डले गरेपछि सरकारको उपचार दायित्वमाथि नै प्रश्न उठेको छ भने सर्वसाधारण भौँतारिन थालेका छन्।

भदौयता पुस मसान्तसम्म बोर्डले सेवा प्रदायक स्वास्थ्य संस्थालाई ११ अर्ब तिर्न बाँकी छ। त्यस्तै, माघ महिनाको समेत दुई अर्ब थपिँदा १३ अर्ब हाराहारी बक्यौता पुग्छ। उक्त रकमसमेत केन्द्र सरकारबाट बोर्डलाई नआउँदा सेवा प्रदायक स्वास्थ्य संस्थाले बिमा सेवामा सर्वसाधारणलाई सास्ती दिने गरेका छन्।

स्वास्थ्यमन्त्रीले तत्काल १५ अर्ब माग्दा प्रधानमन्त्री कार्कीले उक्त बजेट स्रोत कसरी प्रदान गर्ने भन्ने सम्बन्धमा केही बोलिनन्। उनले बरु स्रोत जुटाउन र व्यवस्थित गर्न निर्देशन दिइन्। 'एकातिर जनताले ३५ सय पनि तिरेको छ, अर्कातिर सरकारले वचन दिएको एक लाखसम्मको उपचार गर्ने भन्या पनि छ। अहिले बिमाको रकम नपाएर अस्पतालले सेवा बन्द पनि गरेका छन्, अब यो जिम्मा त हामीजस्तैको टाउकोमा आउने न हो,' उनले भनिन्, 'क्याबिनेटले गर्न सकेन, मन्त्रिपरिषद्ले गर्न सकेन भन्ने कुरा हुन्छ। जनताले पनि के सोच्छन् भने ३५ सय त मैले दिएको थिएँ, उपचार किन भएन ? यो विषय र समस्याहरू आउने नै भयो। अब सेवा दिएन भने सेवाग्राहीले प्रश्न उठाउँछन्, ३५ सय सरकारले सित्तैमा खाएजस्तो भयो भनेर। त्यसैले के गर्ने हो सोच्नुपर्‍यो, अर्थमन्त्रीज्यू टुरमा हुनुहुन्छ, उहाँ आएपछि यसो बसेर छलफल गरेर उपाय निकाल्नुस्।'

स्वास्थ्य बिमाको रकम भुक्तानी र व्यवस्थापन सम्बन्धमा स्वास्थ्यमन्त्री डा. शर्माले बेवास्ता गरेको भन्दै ४ माघमा कार्यकारी निर्देशक डा. रघुराज काफ्लेले राजीनामा दिएका थिए। त्यसपछि उनको ठाउँमा मन्त्रालयले डा. कृष्णप्रसाद पौडेललाई पठाएको थियो। पौडेलले पनि सेवा प्रदायकले रकम माग गरिरहेको भन्दै स्वास्थ्य मन्त्रालयलाई सहजीकरण गर्न अनुरोध गर्दै आइरहेका छन्। तर, मन्त्रालयको बजेटबाट उक्त रकम दिन नसक्ने भन्दै स्वास्थ्य मन्त्रालय पन्छिँदै आइरहेको छ।

'बिमामा धेरै समस्या निम्तिएपछि यसलाई कसरी सपार्ने भनेर हामी छलफलमै छौं। निजी अस्पतालबाट बढी क्लेम आइरहेको छ, त्यसलाई पनि रोक्ने कि भन्ने सोच बनाएका छौं। प्रिमियमबारे पनि रिभ्यू गर्ने कि भन्ने भइरहेको छ, ओपिडीको सीमितता पनि तोकेका छौं,' कार्यकारी निर्देशक डा. पौडेलले भने, 'बिमितको संख्या हेर्दा अधिकांशले सेवा लिन मात्रै बिमा गरेको देखिन्छ, तर यसरी त भार बढी भयो। घरमा बिरामी सदस्य भएका तथा जोखिम अवस्थामा भएकाले बढी बिमा गर्ने प्रवृत्ति बढिरहेको छ।'

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले धेरैलाई बिमामा कसरी आबद्ध गराउने भन्नेतर्फ छलफल भइरहेको बताए। हाल स्वास्थ्य बिमामा आबद्ध हुनेको संख्या ६५ लाख १० हजार पुगेको छ। यसमध्ये ३२ लाख ५० हजारहाराहारीले सेवा लिइरहेका छन्। सेवा लिनेको संख्या बढ्दै जाँदा सेवा प्रवाह भने कमजोर भएपछि बिरामीले दुःख पाउने गरेका छन्। स्वास्थ्य बिमा बोर्डले आगामी पाँच वर्षमा ६० प्रतिशत जनसंख्यालाई बिमामा आबद्ध गराउने लक्ष्य राखेको छ। बोर्डका अनुसार बिमामा आबद्ध भएका संघीय अस्पतालहरूमा दैनिक एक हजारका दरले बिमामा आबद्ध भएका बिरामीहरू उपचारका लागि आइपुग्छन्। तर, बिरामीअनुसार बिमा सेवा प्रवाह गर्ने जनशक्ति राखिएको छैन। कम जनशक्तिले सेवा दिँदा बिमामा आबद्ध बिरामीहरू सेवा लिँदा निकै झन्झट खेप्ने गरेका छन्। त्यस्तै, बिमा बोर्डले भुक्तानी नगरेको र घाटा भएको भन्दै १ माघदेखि त्रिवि शिक्षण अस्पतालले स्वास्थ्य बिमा कार्यक्रम नै रोकेको छ।

साढे दुईमहिने...

पृष्ठ १ बाट क्रमशः

अनंकित द्वितीय श्रेणीका लागि तीन हजार ९१३ कर्मचारी माग गरेको थियो। तर, सर्भरमा समस्याका कारण तोकिएको अवधिमा सबैले दरखास्त हाल्न नपाएपछि कार्यालयले २६ माघसम्मका लागि म्याद थपेको छ।

सर्भरमा ओभर क्राउड हुँदा सबैले दरखास्त दिन नसकेकाले पाँच दिन म्याद थप गरिएको कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। औसतमा दैनिक पाँच हजार ५२६ दरखास्त परेको र अन्तिम दिनसम्म पनि सर्भरका कारण दरखास्त भर्न नपाएका सर्वसाधारणको मागका आधारमा २६ माघसम्मका लागि म्याद थपिएको लामिछानेले जानकारी दिए। करार सेवाको जागिरमा राजपत्र अनंकित प्रथम श्रेणी पदका लागि ३४ हजार ७३० तथा राजपत्र अनंकित द्वितीय श्रेणीका लागि ३२ हजार ९०२ रुपैयाँ मासिक तलब तोकिएको छ।

मिथ्या...

पृष्ठ १ बाट क्रमशः

थियो। कार्यशालामा जिम्मेवार डिजिटल सहभागिताको प्रवर्द्धन, भ्रामक सूचनासँग जुध्ने उपाय र सरोकारवालाहरूबिच निर्वाचनको गरिमासम्बन्धी बुझाइ सुदृढ गर्ने विषयमा छलफल गरिएको थियो।

आयोगका पदाधिकारीहरूलाई टिकटकले आफ्नो प्लाटफर्मले निर्वाचन प्रक्रियाको संरक्षण कसरी गर्छ भन्नेबारे जानकारी गराएको थियो। यस क्रममा टिकटकका सामुदायिक निर्देशिका, भ्रामक सूचना, राजनीतिक सामग्री तथा भ्रामक व्यवहारसम्बन्धी नीतिहरूबारे प्रस्तुति दिइएको थियो। साथै प्रयोगकर्ताले विश्वसनीय सूचना पहुँच गर्न, सम्भावित उल्लंघनबारे जानकारी गराउन र निर्वाचनसम्बन्धी सामग्री प्लाटफर्ममा कसरी व्यवस्थापन गरिन्छ भन्ने बुझ्न सहयोग गर्ने टिकटकका उपकरण तथा सुविधाबारे पनि जानकारी गराइएको थियो।

'कुनै पनि लोकतन्त्रका लागि निर्वाचन अत्यन्त महत्त्वपूर्ण क्षण हो र सार्वजनिक संवादलाई आकार दिने प्लाटफर्मका रूपमा टिकटकले आफ्नो जिम्मेवारीलाई गम्भीरतापूर्वक लिन्छ। यस सहकार्यमार्फत हामीले सचेत सहभागिता प्रवर्द्धन गर्ने, निर्वाचनको निष्पक्षतालाई सुदृढीकरण गर्ने र सकारात्मक डिजिटल अभिव्यक्तिका लागि सुरक्षित वातावरण उपलब्ध गराउने लक्ष्य राखेका छौं,' टिकटकको दक्षिण एसियाका सार्वजनिक नीति तथा सरकारी सम्बन्ध प्रमुख फिर्दोस मोत्तकिनले भने।

त्यस्तै, आयोग प्रवक्ता नारायण भट्टराईले डिजिटल प्लाटफर्मको जिम्मेवार प्रयोग र निर्वाचन नैतिक प्रवर्द्धनका लागि टिकटकसँगको सहकार्य स्वागतयोग्य भएको बताए। 'यस्ता सहकार्यहरूले भ्रामक सूचनाबारे सचेतना अभिवृद्धि गर्न र निर्वाचन प्रक्रियामा सचेत सहभागितालाई टेवा पुर्‍याउँछन्,' उनले भने।

टिकटकले निर्वाचन नैतिकता सुदृढ गर्न र नेपाली समुदायका लागि विश्वसनीय सूचनाको वातावरण बनाउन आयोग तथा अन्य सरोकारवालासँग निरन्तर सहकार्य गर्ने भट्टराईले बताए। 'विश्वव्यापी प्लाटफर्मका रूपमा प्रयोगकर्ताको विश्वास कायम राख्न, भ्रामक सूचनाको जोखिम कम गर्न र स्वस्थ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्न निर्वाचनको नैतिकता सुनिश्चित गर्नु अत्यावश्यक छ,' उनले भने। प्रवक्ता भट्टराईले फेसबुकको माउ कम्पनी मेटासँग पनि सहकार्यका लागि सघन छलफल चलिरहेको र चाँडै समझदारीपत्रमा हस्ताक्षर गरिने पनि बताए।

हरेक निर्वाचनमा...

पृष्ठ १ बाट क्रमशः

त्यसमाछि आयोगले परीक्षण गर्छ। तथ्यांक प्रविष्ट हुने क्रम जारी नै रहेकाले संख्या बढ्न सक्छ,' आयोग अध्यक्ष रिजालले भने, 'आगामी चैतसम्म एकीकृत तथ्यांक आउँछ।'

सुकुमवासीका समस्या छन्, त्यसैले सुकुमवासी बस्ती चुनावका वेला मत तान्ने 'हट स्पट' बन्छन्। दल र उम्मेदवारहरूले भूमिहीन दलित, सुकुमवासी र अव्यवस्थित बसोबासीलाई 'भोट बैंक'का रूपमा प्रयोग गर्दै आएका छन्। ०४८ देखिकै यो सिलसिला आसन्न निर्वाचनको पूर्वसन्ध्यामा पनि जारी छ। प्रतिस्पर्धामा होमिएका दल र उम्मेदवारले भूमिहीनलाई जग्गा दिने भन्दै प्रचार गरिरहेका छन्।

भूमि अधिकारकर्मी जगत देउजा भूमिसम्बन्धी विषय देशको आर्थिक र सामाजिक सुधारको मुख्य एजेन्डा भए पनि बुझ्नमा समस्या भएको बताउँछन्। ०४६ सालसम्म भूमि समस्यामाथि राजनीतिक रूपमा बहस हुने गरेकामा तिनै दलहरू सत्तामा पुगेपछि यो मुद्दा ओझेलमा पर्दै गएको बताउँछन्। केही प्रयास भए पनि दलहरू समाधानमुखी नबनेको उनको आरोप छ। 'अहिलेको सतही तरिकाबाट भूमिसम्बन्धी समस्या हल हुँदैन,' देउजाले भने, 'यसका लागि सरकार र राजनीतिक दलहरूबिच साझा प्रतिबद्धता र दृढ इच्छाशक्ति चाहिन्छ।'

भूमिहीन र अवैध बसोबास मात्र नभएर अरूको जग्गा कमाउने, गुठी जग्गा, बिर्ता जग्गा, हदबन्दी कार्यान्वयनलगायतमा पनि उनी समस्या देख्छन्। नीतिगत अस्पष्टता, कर्मचारीतन्त्रमा इच्छाशक्तिको कमी, आयोगका पदाधिकारीमा प्राविधिक ज्ञानको अभाव र दलहरूले पनि आयोग बनाएर मात्र छाडिदिने हालसम्मका चरित्रले समस्या समाधान नहुने उनको भनाइ छ। 'भूमिको समस्या समाधान नभए दीर्घकालसम्म यसले आमअसन्तुष्टि र समस्या निम्त्याइरहन्छ,' देउजाले भने।

भूमि समस्या समाधान आयोगको तथ्यांकअनुसार भूमिहीन दलित परिवारको संख्या प्रदेशगत रूपमा कोशीमा २१ हजार ४०२, मधेशमा २२ हजार २८६, बागमतीमा ६ हजार ५३९, गण्डकीमा आठ हजार ४४२, लुम्बिनीमा २३ हजार २९८, कर्णालीमा तीन हजार १२९ र सुदूरपश्चिममा ११ हजार १२३ छ। त्यस्तै, भूमिहीन सुकुमवासी परिवार कोशीमा ५५ हजार ३९०, मधेशमा २४ हजार ९२२, बागमतीमा २१ हजार २९१, गण्डकीमा १३ हजार १३५, लुम्बिनीमा ४२ हजार ६८१, कर्णालीमा एक हजार ४७७ र सुदूरपश्चिममा १६ हजार ९९८ छन्। अव्यवस्थित बसोबासी परिवारको संख्या भने प्रदेशगत रूपमा कोशीमा एक लाख ६७ हजार ६३४, मधेशमा ७१ हजार ८९४, बागमतीमा एक लाख चार हजार ३५६, गण्डकीमा ६९ हजार ९८०, लुम्बिनीमा दुई लाख ४७ हजार ५०२, कर्णालीमा ५१ हजार ३०८ र सुदूरपश्चिममा एक लाख ९९ हजार ९७८ छ।

आयोगले अन्तिमपटक भन्दै छुटपुट दिवेदन दिन गत ३० साउनमा पाँचदिने समय तोकेर दरखास्त आह्वान गरेको थियो। तर, त्यसको महिना दिन नपुग्दै भएको जेन-जी आन्दोलनले बिथोलिदियो। आयोगका अनुसार मकवानपुर, चितवन, मोरङ, सप्तरी, सुर्खेत, दाङ, कैलाली र बाँकेमा कागजातहरू जलेर नष्ट भएका छन्। यसबिचमा गत २३ असोजमा सरकारले जिल्ला समितिसहित आयोग नै खारेज गर्ने निर्णय गरिदियो। तर, यसविरुद्ध रिट परेपछि सर्वोच्च अदालतले १५ मंसिरमा आयोग खारेज गर्ने सरकारको निर्णय बदर गरिदियो।

फैसलापछि गत पुसयता निवेदन प्रविष्टिको काम अघि बढेको आयोगले जनाएको छ। आयोग अध्यक्ष रिजालले अब नयाँ निवेदन नथपिने बताए। कागजातहरू जलेकाको हकमा के गर्ने भन्ने विषय चुनावपछि सरकारको निर्णयअनुसार हुने उनको भनाइ छ। रिजालले आगामी असारसम्म पाँच लाखलाई लालपुर्जा बाँड्ने लक्ष्य रहेको अब तीन लाखलाई बाँड्ने योजना बनाएको पनि बताए।

'करिब ६ महिनाजति विभिन्न कारणले डिस्टर्ब भयो,' उनले भने, 'अब चुनावपछि अभियानकै रूपमा अघि बढाएर आयोगले पुर्जा वितरण गर्छ। अहिले धेरै जिल्लामा पुर्जा तयार छन्।'

भूमि आयोगका नाममा ०४७ देखि एउटै कथा दोहोरिँदै आएको छ। सरकार फेरिएपिच्छे अघिल्लो आयोग खारेज गर्दै उही प्रयोजनका लागि नयाँ नाम दिएर आयोग गठन गर्ने र कार्यकर्तालाई कर्मचारीका रूपमा भर्ती गर्ने परिपाटी विद्यमान छ। हालसम्म बनेका आयोगले औसत एक वर्ष पनि काम गर्न पाएका छैनन्। कतिपयले त प्रतिवेदनसम्म तयार गरेनन्। हालसम्म यी आयोगहरूमार्फत एक लाख ६० हजार भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण गरेको अनौपचारिक तथ्यांक छ। तर, यसमध्ये पनि ०७२ को संविधान जारी हुनुअघि वितरण गरिएका ८६ हजार पुर्जा अधुरा रहेको आयोग अध्यक्ष रिजाल बताउँछन्।

'स्पष्ट ऐन-नियमविना कार्यविधि बनाएर विगतका आयोगले बाँडेका पुर्जामा समस्या छन्,' उनले भने, 'ती पुर्जालाई पुनः परीक्षण गरेर कानुनबमोजिम वितरण गरिन्छ।' विभिन्न तहमा परीक्षण र कानुनी आधारमा मात्र पुर्जा वितरण गरिने उनले बताए। संविधान जारी भएदेखि हालसम्म आठ हजार ७४ भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गरेको आयोगको तथ्यांक छ।

भूमि समस्याका सम्बन्धमा आफू नेतृत्वको चालू आयोग नै अन्तिम हुने दाबी रिजालको छ। 'हामीलाई सरकारले यो अन्तिम आयोग हो भनेको छ। अहिले एक वर्ष बित्यो, अब दुई वर्ष बाँकी छ। बढीमा दुई वर्ष म्याद थप्न पाइने व्यवस्था छ,' उनले भने, 'यही अवधिभित्र समस्या समाधान गर्ने प्रयासमा आयोग छ।'

राजनीतिक दल, उम्मेदवार र नेताहरूले जग्गा बाँड्ने चुनावी आश्वासन दिँदै हिँड्नु गलत भएको उनको टिप्पणी छ। कसैले पनि आफूखुसी जग्गा बाँड्न नसक्ने उनले बताए। 'आयोगले कुनै पनि राजनीतिक पहुँच तथा सम्बन्ध, नाता इत्यादिका आधारमा कानुनबाहिर गएर पुर्जा बाँड्नै सक्दैन। कोही राजनीतिक दल, उम्मेदवार, नेताले जग्गा बाँड्छु भन्छ भने त्यस्तालाई कारबाही गर्नुपर्छ,' अध्यक्ष रिजाल भन्छन्, 'राष्ट्रपति, प्रधानमन्त्री वा जोसुकैले होस्, करोडौं खर्च गरे पनि जग्गा बाँड्न सक्दैन। आयोग आफैंले चाहेर मात्र पनि गर्न सक्दैन। कानुन र प्रक्रियाबमोजिम मात्र हुन्छ।'

जग्गा बाँड्न आयोगलाई कानुनी जटिलता

सरकारले भूमि आयोग गठन गरे पनि लाभग्राहीलाई जग्गा वितरणका लागि अझै कानुनी जटिलता छ। हाल काम गरिरहेको भूमि समस्या समाधान आयोगका अध्यक्ष हरिप्रसाद रिजाल अहिलेको कानुनमा धेरै अस्पष्टता र जटिलता भएकाले सुधारको आवश्यकता रहेको बताउँछन्।

'अहिलेको कानुनअनुसार सार्वजनिक जग्गा, वन, बगर, मध्यवर्तीलगायतका क्षेत्रमा बस्न मिल्दैन। तर, मान्छेहरू दशकौंदेखि ठुलो संख्यामा त्यहाँ बसेका छन्। यसको समाधानमुखी हल खोज्नुपर्नेछ,' उनले भने, 'मौजुदा कानुनअनुसार नै चल्ने हो भने हाल पहिचान भएका लाभग्राहीमध्ये बढीमा एकतिहाइ मानिसको मात्र व्यवस्थापन गर्न सकिन्छ।' चुनावपछि आउने नयाँ संसद्ले भूमि विधेयकमा धेरै विषय समेटेर समस्या समाधानका लागि कानुनी जटिलता फुकाउनुपर्ने उनको भनाइ छ।

■ ३६ वर्षमा भूमि आयोगमा २१ अध्यक्षसहित २३ सय नेता-कार्यकर्ताको नियुक्ति

०४७ | **द्रोणप्रसाद आचार्य**
- आचार्य नेतृत्वको आयोगले जग्गा बाँडेन

०४७ | **अच्युतराज रेग्मी**
- रेग्मी आयोगले पनि जग्गा बाँडेन

०४८ | **बलबहादुर राई**
- जग्गा बाँडेनन्
- कार्यकर्ता भर्ती : ५

०४९ | **शैलजा आचार्य**
- १,२७८ परिवारलाई २,२९६ बिघा वितरण
- कार्यकर्ता भर्ती : १

०५१ | **ऋषिराज लुम्साली**
- ५८,३४० परिवारलाई २१,९७४ बिघा वितरण
- कार्यकर्ता भर्ती : ५६

०५२ | **बुद्धिमान तामाङ**
- जग्गा बाँडेनन्

०५३ | **बुद्धिमान तामाङ**
- काम पनि गरेनन्, जग्गा पनि बाँडेनन्

०५४ | **चन्दा शाह**
- शाहले जग्गा बाँडिनन्

०५४ | **बुद्धिमान तामाङ**
- ८८६ परिवारलाई ३५२ बिघा वितरण

०५५ | **तारिणीदत्त चटौत**
- ३१,९९२ परिवारलाई ७,०३६ बिघा वितरण
- कार्यकर्ता भर्ती : ८

०५५ देखि ०५८ सम्म नियुक्त | **गंगाधर लम्साल, सिद्धराज ओझा, मो. अफ्ताब आलम**
- लम्साल, ओझा र आलमले २३,१२२ परिवारलाई ९,४५३ बिघा वितरण गरे
- कार्यकर्ता भर्ती : ५९४

०६४ | **कैलाश महतो**
- आयोग नै पूरा भएन

०६६ | **गोपालमणि गौतम**
- ३९,२३६ परिवारलाई ४,८५३ बिघा वितरण
- कार्यकर्ता भर्ती : १८५

०६८ | **भक्तिप्रसाद लामिछाने**
- जग्गा बाँडेनन्
- कार्यकर्ता भर्ती : १०७

०७१ | **शारदाप्रसाद सुवेदी**
- जग्गा बाँडेनन्
- कार्यकर्ता भर्ती : ४३८

०७३ | विक्रम पाण्डे
- आयोगले काम गर्न सकेन
- कार्यकर्ता भर्ती : ३९

०७६ | **देवी ज्ञवाली**
- १६ महिनामा २१ करोड खर्च, तर लालपुर्जा नबाँड्दै आयोग विघटन
- कार्यकर्ता भर्ती : २४३

०७८ | **केशवप्रसाद निरौला**
- ५,३५३ परिवारलाई लालपुर्जा वितरण
- कार्यकर्ता भर्ती : ३१६

०८१ | **हरिप्रसाद रिजाल**
- ३,५८८ परिवारलाई जग्गा वितरण
- कार्यकर्ता भर्ती : ३१६

तमोर बचत तथा ऋण सहकारी संस्था लि.

बौद्ध-६, काठमाडौं, फोन : ०१४५६१३५२

ऋणी सदस्यहरुलाई ऋण तिर्न आउने बारे ३५ दिने अत्यनत जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१०/२२

तपशिलमा उल्लेखित ऋणीहरुले यस तमोर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको बौद्ध ६ बाट धितो कर्जा बापत संस्थालाई तिर्न बुझाउनु मर्ने साँवा र ब्याज आदि रकम बुझाउन विभिन्न समयमा गरेको मौखिक तथा लिखित तर-ताकेतालाई समेत वेवास्ता गरी रकम नतिरी नबुझाई संस्था संग भएको ऋण कर्जा सम्बन्धी सर्त बन्देज अल्लंघन गरेको हुदाँ प्राप्त ऋण कर्जा बापत संस्थालाई तिर्न बुझायन बाँकी रकम यथासिघ्र चुक्ता गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थामा सम्पर्क राखी सम्पूर्ण साँवा, ब्याज आदी रकम अविलम्ब चुक्ता गर्नुहोला। अन्यथा प्रचलित बैंक तथा वित्तिय सम्बन्धी ऐन र सहकारी ऐन अनुसार धितो लखिदिएको चल-अचल सम्पत्तीहरु लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल-उपर गरिने छ।

तपशील

सि.नं	ऋणीको तीनपुस्ते विवरण	धन जमानी दिनेको तीनपुस्ते विवरण	धितोको विवरण
१	**ऋणीको नाम : यमुना मैया श्रेष्ठ** नागरिकता नं : ११७/७५०५६ बुबा : पूर्ण प्रसाद श्रेष्ठ पति : बिल बहादुर श्रेष्ठ ससुरा: सूर्यमान श्रेष्ठ ठेगाना: सिन्धुपाल्चोक बासखर्क २ 	**नाम : सुमन श्रेष्ठ** नागरिकता नं : १५२८६१ बुबा : बिर बहादुर श्रेष्ठ बाजे : सुर्यमान श्रेष्ठ ठेगाना : सिन्धुपाल्चोक बासखर्क १ 	ललितपुर जिल्ला लुभु गा.वि.स वार्ड नं. १ को कित्ता नं. १२१९, ११६८ नक्सा सीट नं. १ क मा रहेको २०६.६४ वर्ग मिटर क्षेत्रफलको जग्गामा बनेको घर समेत।

मोरङका सात लाख ८३ हजार मतदाताको इजलासमा ११० उम्मेदवार


कोशीको राजधानी विराटनगरसमेत रहेको मोरङमा कांग्रेस, एमाले, नेकपा, रास्वपा र जसपा मुख्य प्रतिस्पर्धी

विराटनगरमा **गणेश लम्साल**

अघिल्ला हरेक निर्वाचनमा चर्चाको शिखरमा रहने ६ वटा निर्वाचन क्षेत्र रहेको मोरङमा ३१ स्वतन्त्रसहित ११० उम्मेदवार चुनावी मैदानमा छन्। दलहरूले जिल्ला, क्षेत्र, पालिका, वडा र टोलसम्म समिति बनाउन थालेका छन् भने उम्मेदवारहरू छलफल तथा भेटघाटमा जुटेका छन्।

कोशी प्रदेशको राजधानी विराटनगर महानगरसमेत रहेको मोरङमा यसअघिका चुनावमा कांग्रेस, एमाले र माओवादी (हाल नेकपा) मुख्य प्रतिस्पर्धी थिए। तर, यो चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी र श्रम संस्कृति पार्टीको प्रभाव पनि देखिएको छ। त्यस्तै, जसपा नेपालको पनि प्रभाव क्षेत्र हो। ०७९ को प्रतिनिधिसभा चुनावमा मोरङमा कांग्रेसले तीन तथा एमाले र तत्कालीन माओवादीले एक-एक सिट जितेका थिए। मोरङ ५ मा भने स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डलले बाजी मारेका थिए। ०७४ मा भने एमालेले तीन, माओवादीले दुई र कांग्रेसले एक सिट जितेका थिए। हाल मोरङमा सात लाख ८३ हजार ५० मतदाता छन्। जसमा महिला तीन लाख ८३ हजार ३५७, पुरुष तीन लाख ९९ हजार ६८६ र अन्य सात रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

■ कति छन् मतदाता र मतदान केन्द्र ?



■ मोरङ १ :
मतदाता ४८, ८४९
मतदाता : १,२८,५४५
मतदानस्थल : ६०
मतदान केन्द्र : १५१
उम्मेदवार : १७

■ मोरङ २
मतदाता : १,२९,१८४
मतदानस्थल : ६८
मतदान केन्द्र : १५४
उम्मेदवार : १७ जना

■ मोरङ ३
मतदाता : १,५८,०५७
मतदानस्थल : ६८
मतदान केन्द्र : १५४
उम्मेदवार : १८ जना

■ मोरङ ४
मतदाता : १,१९,२५५
मतदानस्थल : ४०
मतदान केन्द्र : १३१
उम्मेदवार : १९

■ मोरङ ५
मतदाता : १,१०,१७७
मतदानस्थल : ४४
मतदान केन्द्र : १२४
उम्मेदवार : २२ जना

■ मोरङ ६
मतदाता : १,३७,८३२
मतदानस्थल : ३९
मतदान केन्द्र : १४९
उम्मेदवार : १७ जना

१ मा कांग्रेस, नेकपा, एमाले र रास्वपाको प्रतिस्पर्धा

मोरङको उत्तरी क्षेत्र उर्लाबारी र लेटाङ नगरपालिका तथा मिक्लाजुङ गाउँपालिका समेटिएको यो क्षेत्रमा मुख्य प्रतिस्पर्धी कांग्रेस, नेकपा, एमाले र रास्वपाबिच हुने देखिन्छ। कांग्रेसका खडग फागो, नेकपाका कुशल लिम्बू, एमालेका घनश्याम खतिवडा, रास्वपाका यज्ञमणि न्यौपाने, श्रम संस्कृतिकी शान्ति पाख्रिन लामा र राप्रपाका पूर्णबहादुर वाइबा तामाङसहित १७ जना चुनावी प्रतिस्पर्धामा छन्। फागो उर्लाबारी नगरपालिकाका पूर्वमेयर हुन् भने लिम्बू प्रदेशका पूर्वसांसद हुन्। खतिवडाले ०७४ को निर्वाचनमा जित हासिल गरेका थिए। रास्वपाका यज्ञमणि नयाँ अनुहार हुन्। पहाडी भूभागसहित जनजातिको बाक्लो बसोबास रहेको यस क्षेत्रमा यसपालि रोचक प्रतिस्पर्धा हुने देखिन्छ। मतदाता एक लाख २८ हजार ५४५ छन्। यो क्षेत्रमा ०७९ मा कांग्रेसका डिकबहादुर लिम्बूले जित हासिल गरेका थिए।

२ मा बदला लिने दाउमा कांग्रेस, प्रतिस्पर्धामा रास्वपा पनि

मोरङ २ मा कांग्रेस एमालेसँग बदला लिने दाउमा छ भने रास्वपासहितका दलहरू जित निकाल्ने योजनामा छन्। एमालेले अघिल्लो निर्वाचनमा विजयी ऋषिकेश पोखरेलको ठाउँमा रंगेली नगरपालिकाका मेयर दिलीप अग्रवाल (बगडिया)लाई अघि सारेको छ। उनी रंगेलीमा ०७४ मा माओबादीबाट र ०७९ मा एमालेबाट मेयर बनेका थिए। कांग्रेसले पनि अघिल्लोपटकको प्रतिस्पर्धी सुजाता कोइरालालाई विश्राम दिएर मीनेन्द्रप्रसाद रिजाललाई मैदानमा उतारेको छ। यहाँ नेकपाका चन्द्रवीर राई, रास्वपाका कृष्णकुमार कार्की, जसपाका विनोदकुमारसिंह गनगाईं, राप्रपाका कंशराज राजवंशी र श्रम संस्कृतिका अबुहो रैरहसहित १७ उम्मेदवार छन्, जसमा पाँच स्वतन्त्र हुन्। रंगेली, सुनवर्षी र रतुवामाई नगरपालिका समेटिएको सीमावर्ती यो निर्वाचन क्षेत्रमा एक लाख २९ हजार १८४ मतदाता छन्।

३ मा शर्मा दोहोरिने दाउमा, अरू दल जित निकाल्ने योजनामा

यस निर्वाचन क्षेत्रमा पनि बहुपक्षीय प्रतिस्पर्धा देखिन्छ। कांग्रेसका सुनील शर्मा दोहोरिने दाउमा छन् भने एमालेका इरनकुमार राई, नेकपाका डा. देवेन्द्र सम्बाहाङ्फे, रास्वपाका गणेश कार्की, जसपाका मजेबुल रहमान, राप्रपाका प्रेमप्रसाद सुवेदी, श्रम संस्कृतिका अमिर मगर, उज्यालो नेपालका मित्रसेन योञ्जनसहित १८ उम्मेदवार छन्। यस क्षेत्रमा मुख्यतः कांग्रेस र एमालेबिच प्रतिस्पर्धा हुँदै आएको छ। ०७४ मा एमालेका भानुभक्त ढकाल विजयी भएका थिए। तर, ०७९ मा कांग्रेसका शर्माले उनलाई हराएका थिए। यस क्षेत्रमा एक लाख ५८ हजार ५७ मतदाता छन्।

४ मा जित तेहेऱ्याउने योजनामा मोदी

विराटनगर महानगरपालिका तथा ग्रामथान र कटहरी गाउँपालिका समेटिएको यो निर्वाचन क्षेत्रमा नेकपाका अमनलाल मोदी जित तेहेऱ्याउने दाउमा छन्। कांग्रेस, एमाले र रास्वपा मुख्य प्रतिस्पर्धी हुन्।

मोदी ०७४ र ०७९ को निर्वाचनमा विजयी भएका थिए। मोदीले ०७९ मा कांग्रेसका गुरुराज घिमिरेलाई हराएका थिए। हाल कांग्रेस महामन्त्री रहेका घिमिरे हारको बदला लिने दाउमा छन् भने एमालेले प्रदेशका पूर्वसांसद जीवन घिमिरेलाई अघि सारेको छ। अघिल्लो चुनावमा विनोद ढकाल चुनावी मैदानमा थिए। मोरङ ४ मा रास्वपाका सन्तोष राजवंशी, जसपाका तवरेज अख्तर आलम, राप्रपाका माधवप्रसाद आचार्य, श्रम संस्कृतिका कृष्णकुमार अटलसहित १९ उम्मेदवार चुनावी मैदानमा छन्। यहाँ एक लाख १९ हजार २५५ मतदाता छन्।

५ मा पुराना अनुहारलाई नयाँको चुनौती

विराटनगर महानगरपालिकासहित भारतसँग सीमा जोडिएका जहदा र धनपालथान गाउँपालिका समेटिएको मोरङ ५ मा पुरानालाई नयाँ अनुहारको चुनौती देखिन्छ। यहाँ नेकपा, जसपा र राष्ट्रिय ऊर्जाशीलले पुरानै उम्मेदवारलाई अघि सारेका छन् भने कांग्रेस, एमाले र रास्वपासहित दलले नयाँ उम्मेदवारलाई मैदानमा उतारेका छन्। ०७९ को चुनावमा एमालेबाट बागी बनेर जित निकालेका योगेन्द्र मण्डल यसपटक आफ्नै दल राष्ट्रिय ऊर्जाशीलबाट प्रतिस्पर्धामा छन्। अघिल्लोपटक हार व्यहोरेका नेकपाका शिवकुमार मण्डल जित निकाल्ने दाउमा छन्। त्यस्तै, कांग्रेसका फूलकुमार लालवानी, एमालेका मनोजकुमार अग्रवाल, रास्वपाका आशा भा, जसपाका राजकुमार यादवसहित २२ उम्मेदवार चुनावी मैदानमा छन्। नौजनाले स्वतन्त्र उम्मेदवारी दिएको मोरङ ५ मा एक लाख १० हजार १७७ मतदाता छन्।

६ मा चारदलीय प्रतिपस्पर्धा

विराटनगर महानगरसहित सुन्दरहैंचा नगरपालिका र बुढीगंगा गाउँपालिका समेटिएको मोरङ ६ मा मुख्य प्रतिस्पर्धी चार दल देखिन्छन्। यहाँ कांग्रेसका शेखर कोइराला, एमालेका विनोद ढकाल, नेकपाका ओपेन्द्र राय र रास्वपाकी रुविना आचार्य मुख्य प्रतिस्पर्धी हुन्। ०७९ मा विजयी भएका कोइराला यसपटक पनि जित निकाल्ने योजनामा छन्। तर, एमालेका ढकाल, नेकपाका राय र रास्वपाकी आचार्यले चुनौती दिँदै छन्। आचार्य ०७९ को चुनावमा मोरङ ४ बाट पराजित भएका थिए। यो राप्रपाको पनि प्रभाव क्षेत्र हो। राप्रपाका सविन निरौला, जसपाका राजु मण्डल राजवंशी, श्रम संस्कृतिका मातृका पौडेल, उज्यालो नेपालका वसन्त बुढाथोकीसहित १७ जना चुनावी मैदानमा छन्। यस क्षेत्रमा एक लाख ३७ हजार ८३२ मतदाता छन्।

भन् बलियो भएर चुनावी मैदानमा छौं

● **मोदराज घिमिरे**, कांग्रेस मोरङ सचिव



भन् बलियो भएर चुनावी मैदानमा छौं। विशेष महाधिवेशन सकिएसँगै त्यसको तुष पनि उतै सकिएको छ। सबै समिति सक्रिय भएर चुनाव प्रसारप्रसारमा छन्। कांग्रेसले देशको नेतृत्व गर्ने गरी उम्मेदवारलाई विजयी बनाउन लागिपरेका छौं।

राष्ट्रियताको मुद्दालाई प्राथमिकता दिएका छौं

● **ऋषिकेश पोखरेल**, एमाले मोरङ इन्चार्ज



हामीले राष्ट्रियता र स्वाभिमानको मुद्दालाई मुख्य एजेन्डा बनाएका छौं। देश बनाउने र जलाउनेहरूबिचको फरक छुट्याउन मतदातालाई भनेका छौं। घोषणापत्रमा २० वटा ग्यारेन्टीसहित प्रचारप्रसार गरिरहेका छौं। मोरङमा एमालेको सबै निर्वाचन क्षेत्र, पालिका, वडा र टोलमा प्रतिबद्ध कार्यकर्ता र संगठनमार्फत प्रचारप्रसार थालेका छौं।

प्रस्ट विचार लिएर जनतामाझ पुगेका छौं

● **विजय विश्वास**, नेकपा मोरङ संयोजक



आगामी निर्वाचन अग्रमन र प्रतिगमन पक्षधरको जनमतसंग्रह हो। हामी प्रस्ट विचार लिएर शान्तिपूर्ण रूपले सबै क्षेत्र, पालिका र वडामा रहेका संगठन परिचालन गरी प्रचारप्रसारमा छौं। सदाचारी प्रचारप्रसार र स्थानीय जनताका समस्यालाई प्राथमिकता दिइरहेका छौं। झुटो आश्वासन दिँदैनौं। अनुभवी र नयाँ सक्षम उम्मेदवार छन्।

घन्टीको पक्षमा जनलहर छ

● **भरत कँडेल**, मोरङ रास्वपा सभापति



सबै निर्वाचन क्षेत्रमा समिति बनाएर प्रचारप्रसारमा सक्रिय भएका छौं। पहिलोचोटि मधेशको छोरालाई प्रधानमन्त्री बनाउँदै छौं। हाम्रा सबै उम्मेदवार नयाँ र दक्ष छन्। मतदातामा एकदमै उत्साह छ।

समावेशी पहिचानलाई आधार बनाएका छौं

● **राजकुमार यादव**, जसपा मोरङ अध्यक्ष



प्रचारप्रसार एकदमै राम्रो छ। आचारसंहिता पूर्ण पालना गरेर मतदातामाझ गइरहेका छौं। संघीयता र समावेशी पहिचानसहित जेन-जीका मागलाई जितको आधार बनाएका छौं। हामीले विवादित विधेयकबारे लिएका अडान र सुशासनका लागि उठाएका आवाजबारे पनि जनतालाई बुझाइरहेका छौं।

बिकाउ होइन टिकाउ राष्ट्रियता

● **सत्य घले**, श्रम संस्कृति पार्टी प्रवक्ता



मोरङ ५ बाहेक कोशी प्रदेशका सबै क्षेत्रमा उम्मेदवारी दिएका छौं। र, जिल्ला र क्षेत्रका कमिटीमार्फत सक्रिय रूपमा चुनाव प्रचारप्रसार गराइरहेका छौं। हाम्रो पार्टी र एजेन्डाबारे आममतदाता जानकार छन्। यसैले बिकाउ होइन टिकाउ राष्ट्रियताका लागि मतदाताले हाम्रा उम्मेदवारलाई नै विजयी गराउनेछन्।

उपभोक्ता अदालतका अध्यक्षमा भट्ट सिफारिस

काठमाडौं/ न्यायपरिषद्ले उपभोक्ता अदालतका अध्यक्षमा दिवाकर भट्टलाई तोक्न परामर्श दिएको छ। परिषद् प्रवक्ता रामप्रसाद भट्टराईका अनुसार बुधबार बसेको बैठकले उक्त अदालतको अध्यक्ष पदमा काठमाडौं जिल्ला अदालतका न्यायाधीश भट्टको नाम तोक्न परामर्श दिने निर्णय गरेको हो।

त्यस्तै, बिमा ऐन, २०७९ को दफा १४७ (१) को कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने प्रयोजनका लागि ७७ वटै जिल्ला अदालतलाई तोक्न परामर्श दिने निर्णयसमेत बैठकले गरेको छ। ऐनको उक्त उपदफामा दफा १४० बमोजिमका कसुरको कारबाही र किनारा गर्ने अधिकार नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अदालतलाई हुने उल्लेख छ। दफा १४० मा बिमासम्बन्धी कसुर छन्।

इजाजत नलिई बिमासम्बन्धी व्यवसाय गरेको, बिमासम्बन्धी जालसाजी गरेमा, कुनै पक्षसँग मिलेर बिमा दाबी गरेमा वा भुक्तानी गरेमालगायतका कसुर अब जिल्ला अदालतले हेर्ने मिल्ने गरी सरकारलाई सिफारिस गरिएको हो। बिमासम्बन्धी यी सबै कसुर जिल्लाले हेर्ने गरी परामर्श दिएपछि सरकारले निर्णय गर्ने र राजपत्रमा प्रकाशित भएपछि सबै जिल्ला अदालतले यससम्बन्धी कसुरमा सुरु कारबाही किनारा गर्न पाउनेछन्।

● २० जिल्ला न्यायाधीशको पदस्थापन

न्यायपरिषद्ले नवनियुक्त २० जिल्ला न्यायाधीशको पदस्थापन गरेको छ। निर्णयअनुसार कर्णबहादुर राई, वासुदेव पाण्डे र वीरेन्द्रप्रकाश खड्कालाई मोरङ पदस्थापन गरिएको छ भने हिरामाया अवाललाई धनुषा जिल्ला अदालतमा जिम्मेवारी तोकिएको छ। त्यस्तै, शिशिरकुमार यादव, शिवप्रसाद आचार्य र गोपालबहादुर भट्टराईलाई काठमाडौं जिल्ला अदालतमा पदस्थापन गरिएको छ।

रौतहटमा ललित सापकोटालाई र उदयपुरमा खेमकुमारी बस्नेतलाई जिम्मेवारी दिइएको छ। सप्तरी जिल्ला अदालतमा महेन्द्रप्रसाद पौड्याल, गोकुल पन्त र बाबुराम भट्टराईको पदस्थापन गरिएको परिषद्ले जनाएको छ। ताराप्रसाद डाँगीलाई दाङ, डिल्लीप्रसाद आचार्यलाई झापा, हिरालाल भुसाललाई कास्की, सुमन पाण्डेलाई रुपन्देही, ठाकुरप्रसाद बस्ताकोटीलाई सिराहामा पदस्थापन गर्ने निर्णय भएको छ। यसैगरी, विकास बस्नेत, इन्दिरा कार्की र टेकराज भुसाललाई सुनसरी जिल्ला न्यायाधीशका रूपमा पदस्थापन गरिएको छ।

● १० न्यायाधीशको सरुवा

परिषद् बैठकले १० न्यायाधीशको सरुवाको निर्णयसमेत गरेको छ। धनुषाकी अनुपमा पन्त, बारा जिल्ला अदालतका भोलानाथ ढकाल र काठमाडौं जिल्ला अदालतका मदनबहादुर धामीलाई न्यायपरिषद् ल्याइएको छ। काठमाडौं जिल्ला अदालतमा रौतहटमा कार्यरत विमला रेग्मी, रुपन्देहीका नारायण सापकोटा र दाङकी प्रतिमाकुमारी पोखरेल भट्टराईलाई ल्याइएको छ। कैलालीका हरिसिंह धामीलाई रौतहट, काठमाडौंका ढाकाराम पौडेललाई ललितपुर, मोरङका बाबुराम सुवेदीलाई बारा र काठमाडौंमा कार्यरत प्रकाशकुमार अधिकारीलाई पनि बारामा सरुवा गरिएको छ।

गाडीसहित ९० केजी गाँजा बरामद

धनकुटा/ धनकुटाको साँगुरीगढी गाउँपालिका- ६ फेदीबाट बुधबार ९० केजी लागुऔषध गाँजासहित प्रहरीले गाडी नियन्त्रणमा लिएको छ। कोशी लोकमार्गअन्तर्गत फेदीमा मूलघाट प्रहरी चौकीबाट खटिएको गस्ती टोलीले बा.१० च ५६१५ लेखिएको बिआर डब्लु ११ एच ४८७४ नम्बरको भारतीय गाडी लागुऔषध गाँजासहित नियन्त्रणमा लिएको हो। प्रहरीले रोकेर चेकजाँच गर्ने क्रममा गाडीचालक फरार भएको बताइएको छ।

बालेनको चुनावी दौड, एकै दिनमा पुगे कोशीका तीन जिल्ला

झापामा **चिरञ्जीवी घिमिरे**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता तथा प्रधानमन्त्रीका उम्मेदवार बालेन्द्र शाह (बालेन)ले चुनावी दौडलाई तीव्र बनाएका छन्। सोमबार मात्र आफ्नो निर्वाचन क्षेत्र झापा ५ पुगेका उनी बुधबार मोरङ, सुनसरी र उदयपुर पुगेका हुन्। बालेनले ती जिल्लाका निर्वाचन क्षेत्रमा रास्वपा उम्मेदवार तथा पार्टी कार्यकर्ता, समर्थक र मतदातासँग भेटघाट गरे। एमाले अध्यक्ष केपी ओलीसँग प्रतिस्पर्धा गर्ने गरी उम्मेदवारी दिएका बालेन पश्चिम नेपालको भ्रमणपछि झापा आएका थिए। उनले मंगलबार आफ्नो निर्वाचन क्षेत्रका विभिन्न ठाउँमा पुगेर यहाँका सुकुमवासी, आदिवासीललगायत मतदातालाई भेटेका थिए।

मंगलबार मोरङको उर्लाबारी पुगेका उनी बुधबार बिहानै पथरीशनिश्चरे, लेटाङ, डाइनिया हुँदै विराटनगर पुगे। त्यस्तै, सुनसरीको दुहबी, इटहरी, इनरुवा हुँदै बराहाक्षेत्र पुगे। बालेनले सप्तकोशी नदीमा रहेका किराँत समुदायको सांस्कृतिक स्थल 'खुवालुङ'मा पुगेर दर्शन गरेका थिए। खुवालुङ सप्तकोशी नदीमा रहेको एउटा ढुंगा हो, जसलाई किराँत समुदायले आस्थाको केन्द्रका रूपमा मान्दै आएको छ। जेटबोट चलाउन सरकारले खुवालुङ भत्काउने तयारी गर्दा किराँत समुदायले विरोध गरेपछि केही वर्षअघि चर्चामा आएको स्थान हो।



मोरङ ३ का रास्वपा उम्मेदवार गणेश कार्कीसँग बालेन।

खुवालुङ पुगेपछि बालेनले यसले किराँती सभ्यता, आदिवासी पहिचान र मानव-प्रकृति सम्बन्ध झल्काउँदै इतिहास, धर्म र संस्कृतिको सामूहिक प्रतिनिधित्व गर्ने भन्दै सामाजिक सञ्जालमा लेखेका छन्। 'खुवालुङ सप्तकोशी क्षेत्रमा अवस्थित किराँती तथा नेपालीका लागि पवित्र स्थल हो, जसलाई मुन्धुममा 'सभ्यताको द्वार' मानिन्छ। मुन्धुम पाठ र जीवनचक्र संस्कारहरूमा यसको अनिवार्य स्मरण हुने भएकाले यो जीवित सांस्कृतिक-आध्यात्मिक परम्पराको प्रतीक हो,' उनले लेखेका छन्, 'यसले किराँती सभ्यता, आदिवासी पहिचान र मानव-प्रकृति सम्बन्ध झल्काउँदै इतिहास, धर्म र संस्कृतिको सामूहिक प्रतिनिधित्व गर्छ।'

बुधबार साँझ उदयपुर पुगेर उनले त्यहाँका रास्वपा उम्मेदवार, नेता, कार्यकर्ता, समर्थक र मतदाता भेटेका छन्। यसरी मतदाता भेट्दै जिल्ला-जिल्ला पुगेका बालेनले सम्बोधन भने गर्दैनन्। हात हल्लाएर मतदातालाई अभिवादन गरेर उनी अघि बढ्छन्। आफ्नो निर्वाचन क्षेत्रमा कमै समय दिएका बालेन देश दौडाहमा छन्। यसअघि बालेनले झापा ५ मा मनोनयनलगत्तै पूर्वी पहाडी जिल्लासँगै पश्चिम नेपालको भ्रमण गरिसकेका छन्। काठमाडौं महानगरका पूर्वमेयरसमेत रहेका बालेनलाई रास्वपाले भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको छ।

■ माइतीघर-तीनकुने खण्डमा साइकल लेनसहितको फुटपाथ



२.६ किलोमिटर दूरीको आठ लेनको माइतीघर-तीनकुने सडकमा बनिरहेको साइकल लेनसहितको फराकिलो फुटपाथ। काठमाडौं महानगरपालिका, सार्वजनिक निर्माण विभागका प्रमुख सुरज राईका अनुसार छेउको लेन र पैदलयात्री हिँड्ने सडकपेटीको बिचमा साइकल लेन बनिरहेको हो। यसको लागत तीन करोड छ। तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

'सरकार चुनाव सार्ने बहानाको खोजीमा छ'



काठमाडौं/ एमाले उपाध्यक्ष रामबहादुर थापा बादलले सरकार २१ फागुनको चुनाव सार्ने बहानाको खोजीमा रहेको आरोप लगाएका छन्। 'अहिलेको सरकार निर्वाचन नगराउने, सार्ने दिशामा बहाना खोजिरहेको देखिन्छ। हामीले त पहिले पनि फागुनमा चुनाव हुँदैन त भनरिहेका थियौं। तर, हिमाली क्षेत्रमा चुनाव सार्ने कि भन्दै प्रधानमन्त्री सुशीला कार्कीले नै भनाइ राख्नुले चुनाव सार्न खोजिँदै छ भन्ने पुष्टि हुन्छ,' उनले भने। एमालेजस्तै देशभक्त र लोकतान्त्रिक पार्टी र मुख्य नेता केपी ओलीलाई समाप्त पार्ने मिसन पूरा भइनसकेकाले पनि चुनाव सार्ने बहानामा भइरहेको उनको जिकिर छ।

चुनाव चिह्न दुरुपयोग गर्नेमाथि कारबाहीको माग

एमालेले पार्टीको चुनाव चिह्न सूर्य र अध्यक्ष केपी ओलीविरुद्ध भ्रामक रूपमा प्रचार गरिएको भन्दै अविलम्ब रोक्न माग गरेको छ। 'विभिन्न राजनीतिक दलहरू, तिनका उम्मेदवारहरू तथा पार्टीका निर्वाचन चिह्नबारे भ्रम सिर्जना गर्ने उद्देश्यले कलाकारहरूको प्रयोग तथा प्रविधिको दुरुपयोग गर्दै पार्टी नेतृत्व र नीतिमाथि आक्रमण गरिँदै आएको विषयप्रति एमालेको गम्भीर ध्यानाकर्षण भएको छ। एमालेको निर्वाचन चिह्न परिवर्तनलगायतका भ्रामक प्रचार सामग्री तयार गरी प्रसारण गर्ने कलाकार वा जो-कोहीलाई पनि कानुनको दायरामा ल्याउन हामी जोडदार माग गर्दछौं,' एमालेको विज्ञप्तिमा भनिएको छ।

टीकापुरका उपमेयर निलम्बनमा, मेयर चुनावी प्रतिस्पर्धामा

कार्यपालिका बैठक बस्न नसक्दा तोकिएन कार्यवाहक

धनगढीमा **तेजराज भट्ट**

कैलालीको टीकापुर नगरपालिका नेतृत्वविहीन बनेको छ। मेयर रामलाल डगौरा राजीनामा दिएर नेकपाबाट कैलाली १ बाट प्रतिनिधिसभा सदस्यको चुनावी प्रतिस्पर्धामा उत्रिएपछि नगरपालिका नेतृत्वविहीन बनेको हो। उपमेयर खडक शाह भ्रष्टाचार मुद्दा लागेपछि यसअघि नै निलम्बनमा छन्। अब १७ जना कार्यपालिका सदस्यमध्ये एकजनाले कार्यवाहक प्रमुखको जिम्मेवारी पाउनेछन्। तर, कार्यवाहक मेयर तोक्न कार्यपालिका बैठक बसेको छैन। स्थानीय सरकार सञ्चालन ऐनमा नगर प्रमुख र उपप्रमुख दुवै नभएको अवस्थामा कार्यपालिकाले कार्यवाहक प्रमुख तोक्ने व्यवस्था छ।



मेयर डगौरा

उपमेयर शाह

नगरपालिका नेतृत्वविहीन भएपछि मेयर रहने स्थानीय स्वास्थ्य बोर्डबाट विपन्न वर्गका बिरामीलाई सहायता दिने निर्णय, घरनक्सासम्बन्धी पुनरावेदनका काम प्रभावित भएको कर्मचारी बताउँछन्। मेयर र उपमेयर दुवै नहुँदा कतिपय महत्त्वपूर्ण नीतिगत निर्णय गर्न, नीति तथा कार्यक्रम निर्माण गर्न, योजना कार्यान्वयन, अनुगमनजस्ता विषयमा समस्या हुनेछ। 'काम रोकिएकै अवस्था होइन, तर मूल नेतृत्व नहुँदा नगरपालिकाको समग्र सेवाप्रवाहमा असर पर्ने कुरा स्वाभाविक हो,' एक कर्मचारीले भने, 'महत्त्वपूर्ण निर्णय, नीति तथा कार्यक्रम निर्माण, योजना कार्यान्वयन, अनुगमनजस्ता विषयमा असर परिहाल्छ।'

प्रमुख प्रशासकीय अधिकृत सुमन धितालले मेयर र उपमेयर नहुँदा नगरपालिकाको काममा अहिले नै कुनै असर नपरेको दाबी गरे। 'अहिले नीतिगत निर्णय गर्नुपर्ने केही छैन। नगरसभा पनि भर्खरै सकिएको छ,' उनले भने। टीकापुर नगर विकास समितिको जग्गा घोटाला प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दर्ता गरेपछि उपमेयर शाह करिब दुई वर्षदेखि निलम्बनमा छन्। उपमेयरको अनुपस्थितिमा न्यायिक समितिका काम प्रभावित छन्।

डगौराले मुलुकको अहिलेको परिस्थितिमा फरक जिम्मेवारीमा जानुपर्ने भएकाले पदबाट राजीनामा दिएको बताए। 'फरक जिम्मेवारीमा जानुपर्ने परिस्थिति बन्यो,' उनले भने। उनी ०७९ मा नागरिक उन्मुक्तिबाट मेयरमा निर्वाचित भएका थिए। तर, हाल उक्त पार्टी नेकपामा समाहित भएको छ।

■ कार्यवाहक बन्न हानथाप

टीकापुर नगरपालिकामा हाल कायम १७ जना कार्यपालिका सदस्यमध्ये ११ जनासहित नेकपाको बहुमत छ। त्यसमध्ये सात नागरिक उन्मुक्तिबाट र चार पूर्वमाओवादीबाट निर्वाचित हुन्। कांग्रेसका पाँच र एमालेका एकजना सदस्य छन्। नौवटा वडाध्यक्षमा पूर्वमाओवादी र कांग्रेसबाट तीन-तीन, नागरिक उन्मुक्तिबाट दुई र एमालेबाट एकजना निर्वाचित भएका थिए।

एक कार्यपालिका सदस्यका अनुसार वडा नम्बर ७ का अध्यक्ष यज्ञ न्यौपाने, ४ का अध्यक्ष लालवीर चौधरी र कार्यपालिकाका ज्येष्ठ सदस्य रामबहादुर नागर्जीले कार्यवाहक मेयर बन्न चाहना देखाएका छन्। न्यौपाने पूर्वमाओवादी, चौधरी पूर्वनाउपा र नागर्जी कांग्रेसबाट निर्वाचित हुन्।

वडा नम्बर ८ का अध्यक्ष दीर्घ ठकुल्लाले कार्यबाहक मेयरको जिम्मेवारी कसलाई दिने भनेर औपचारिक छलफल र समझदारी भइनसकेको बताए। 'कार्यवाहक दिनेबारे पार्टीमा पनि कुरा राखेका छौं' उनले भने, 'पार्टीको परामर्श र कार्यपालिका सदस्य साथीहरूको रायअनुसार निर्णय गर्छौं।'

०७४ को प्रतिनिधि सभा सदस्यको निर्वाचनपछिका पाँच वर्ष टीकापुर पर्ने क्षेत्र नम्बर १ प्रतिनिधिविहीन बनेको थियो। थरुहट आन्दोलनका क्रममा नौ जनाको ज्यान जाने गरी भएको घटनापछि फरार रेशमलाल चौधरीले फरार अवस्थामै चुनाव जितेका थिए। आत्मसमपर्णपछि अदालतले उनलाई कारागार चलान गरेको थियो।

सहकारी ठगी र सम्पत्ति शुद्धीकरण मुद्दाका प्रावधान

सरकारी वकिललाई जित्ने सम्भावना कम भएको कमजोर मुद्दा फिर्ता लिने वा अभियोग संशोधन गर्ने पूर्ण अधिकार हुन्छ



● प्राडा गान्धी पण्डित

अग्रलेख

समाजमा वेलाबखत अपराध घट्छन् र त्यस्तो नहोस् भनी राज्यले सुरक्षा व्यवस्थालाई चुस्त राख्ने विभिन्न उपाय अवलम्बन गरिरहेको हुन्छ। त्यसका बाबजुद समाजमा अपराधका घटना घटिरहन्छन्। अपराध घट्न गएमा प्रहरी प्रशासनले त्यसको अनुसन्धान र तहकिकात गरी अपराधमा संलग्न व्यक्तिलाई प्रमाणका आधारमा सजायको भागी बनाउनु फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हो।

फौजदारी मुद्दाको तहकिकात र अनुसन्धानको कामकारबाही सरकारी वकिलको निर्देशनमा प्रहारीले गर्छ र संकलित तथ्य प्रमाणबाट मुद्दा चल्ने देखिएमा प्रतिवादीविरुद्ध कसुरअनुसारको अभियोग लगाई अदालतमा अभियोगपत्र दायर गरी मुद्दाको कारबाही प्रारम्भ गरिन्छ। कुन कसुरमा के-के दाबी र कतिवटासम्म दाबी लिने भन्ने अनुसन्धान र छानबिनका क्रममा प्राप्त दसी प्रमाणमा निर्भर गर्छ। प्राप्त दसी प्रमाणको विश्लेषण गरी कति र कुन दाबी लिई कुन प्रकृतिको मुद्दा चलाउने भनी निर्णय गर्ने अधिकार फौजादारी कार्यविधि २०७४ को दफा ३१ र ३२ अनुसार सरकारी वकिलमा रहेको हुन्छ।

अदालतमा अभियोग पत्र पेस गर्नु भनेको नेपाल सरकार वादी भई जसका विरुद्ध दोषी भनी अभियोग लगाइएको छ, त्यस्ता व्यक्तिले कसुरमा सजाय पाउनुपर्छ भनी सरकारी वकिलले लिएको दाबी हो। प्रमाण ऐन २०३४ ले सरकारले जुन दाबी लिएको छ, त्यसको अदालतसमक्ष दाबी पुष्टि र प्रमाणित गर्ने भार वादीको हुने व्यवस्था गरेको छ। सो व्यवस्थाबमोजिम कुनै कसुरमा अनुसन्धान र तहकिकातपछि कुनै व्यक्तिविरुद्ध अभियोग लगाई फौजदारी मुद्दा दायर गर्नुपुर्व त्यस्तो मुद्दामा सरकारले आफूले लिएको दाबी पुष्टि वा प्रमाणित हुन सक्छ, सक्दैन भनी यकिन गर्नु जरुरी हुन्छ। त्यसैगरी, सुरुवाती अवस्थामा कुनै कसुरमा कुनै व्यक्तिलाई अभियोग लगाई मुद्दा चलाएपछि अदालतमा मुद्दा चल्दै गर्दा पछि पेस भएका प्रमाणबाट पहिले लिएको दाबी पुष्टि गर्न सकिने अवस्था छैन भन्ने लागेमा सरकारी वकिलले अभियोग पत्रमा संशोधन गरी पहिले लिएको दाबी फिर्ता लिन वा पहिलाको भन्दा बढी दाबी लिन उचित देखेमा सोबमोजिम बढी दाबी लिने गरी अदालतको अनुमतिमा अभियोग पत्रमा संशोधन गर्न सक्ने व्यवस्था फौजदारी कार्यविधि संहिताको दफा ३५ ले गरेको छ।

दफा ३५, थप दाबी लिन सकिने : फौजदारी कार्यविधि संहिताले कुनै व्यक्तिविरुद्ध एकपटक मुद्दा दायर गरिसकेपछि पनि थप अभियोग लगाउन सकिने गरी सरकारी वकिललाई अधिकार प्रत्यायोजन गरेको छ। सो दफाअनुसार एकपटक अदालतमा कुनै व्यक्तिविरुद्ध कुनै एक कसुरमा मुद्दा दायर गरेपछि त्यस्ता व्यक्तिविरुद्ध पुनः थप अभियोग लगाउनुपर्ने देखिएमा त्यसको कारण खुलाई थप दाबी लिई मुद्दा दायर गर्न सकिन्छ। जसरी फौजदारी कार्यविधि संहिताले कुनै अभियुक्तविरुद्ध थप दाबी लिन पाउने अधिकार प्रदान गरेको छ, त्यसैगरी पहिले लिएको दाबी प्रमाणित गर्न सक्ने अवस्था सिर्जना भएमा त्यस्तो दाबी फिर्ता पनि गर्न सक्ने व्यवस्था कानुनमा गरिएको छ।

दफा ३६, अभियोगपत्रमा संशोधन गर्न सकिने : दफा ३६ मा सरकारी वकिलले अदालतमा दायर गरेको अभियोगपत्रमा पहिला लिएको दाबीलाई पछि पेस भएका थप प्रमाणबाट मागदाबी संशोधन गर्नुपर्ने देखिएमा महान्यायाधिवक्ताको स्वीकृति लिई सरकारी वकिलले पहिला लिएको अभियोग दाबी फिर्ता लिन सक्ने व्यवस्था गरिएको छ।

अभियोगपत्रमा किन संशोधन गरिन्छ ? : कुनै कसुरमा कुनै व्यक्तिविरुद्ध अनुसन्धान वा तहकिकात गर्दै जाँदा प्राप्त वा संलग्न दसी, प्रमाण र कागजातका आधार त्यस्ता व्यक्तिविरुद्ध कुनै अमुक कसुर गरेको पुष्टि हुन सक्ने देखिएमा सरकारी वकिलले अभियोग लगाई अदालतमा अभियोगपत्र दायर गरिन्छ। फौजदारी मुद्दा चलाइसकेपछि मुद्दा अदालतमा चल्दै जाने क्रममा अतिरिक्त प्रमाण कागज प्राप्त भई मिसिलमा संलग्न अन्य दसी, प्रमाण र कागजातको निरीक्षण र विश्लेषणबाट निजलाई दोषी कारर गर्न सक्ने किसिमको अवस्था र प्रमाण नपुग्ने देखिएमा सरकारी पक्षले पूरै मुद्दा फिर्ता लिन वा त्यस्ता मुद्दामा लिएका विभिन्न दाबीमध्ये केही दाबीलाई फिर्ता लिन अभियोग पत्रमा संशोधन गर्ने निर्णय गरी त्यस्तो दाबी फिर्ता लिन अदालतसमक्ष निवेदन दिन सक्ने व्यवस्था फौजदारी संहितामा छ। फौजदारी कार्यविधि संहिताको दफा ३६ बमोजिम अभियोगपत्र संशोधन र दफा ११६ बमोजिम मुद्दा फिर्ता लिने सम्बन्धमा रहेको भिन्नता :

फौजदारी संहिताको दफा ११६ (२)(४) मा अदालतमा दायर भएका केही अपवादका मुद्दाबाहेक सबै किसिमका मुद्दा सरकारले यस सम्बन्धमा तय गरेको मापदण्डको अधीन रहेर फिर्ता लिन सक्ने व्यवस्था गरेको छ। सरकारले मुद्दा फिर्ता गर्ने निर्णय गरे पनि अदालतको आदेशविना फिर्ता गर्न नसक्ने गरी संहितामा व्यवस्था गरिएको छ। सरकारले कुनै फौजदारी मुद्दा फिर्ता गर्ने निर्णय गरेपछि सरकारी वकिलले सम्बन्धित जिल्ला अदालतमा त्यसबमोजिम मुद्दा फिर्ताका लागि निवेदन दिनुपर्ने र अदालतले फिर्ताका लागि आदेश दिएमा मात्र फिर्ता हुन सक्ने व्यवस्था छ।

तर, भ्रष्टाचार तथा सम्पत्ति सम्पत्तिकरणसम्बन्धी मुद्दा भने सरकारी वकिलले फिर्ता लिन नमिल्ने तर संगठित अपराधको कसुरचाहिँ फिर्ता लिन पाउने गरी कानुनमा व्यवस्था गरिएको छ। त्यस अर्थमा रवि लामिछानेउपर लगाइएका आरोपमध्ये सहकारी ठगी र संगठित मुद्दा फिर्ता लिन मिल्ने देखिन्छ भने सहकारी ठगी मुद्दाको जरियाबाट उठान गरी लगाइएको सम्पत्ति सम्पत्तिकरण ऐनबमोजिमको कसुर भने फिर्ता लिन नमिल्ने भनी दफा ११६ मा व्यवस्था गरेको पाइन्छ।

यस अर्थमा लामिछानेविरुद्ध लगाइएको सहकारी ठगी मुद्दा फिर्ता लिने गरी सरकारी वकिलले निर्णय गरेमा के हुन्छ ? सरकारी ठगी मुद्दासम्बन्धी कसुर (प्रेडिकेटड अफेन्स) याने मूल मुद्दा हो भने सम्पत्ति सम्पत्तिकरणको कसुर सहकारी मुद्दाको जरियाबाट सिर्जना भएको सहायक दाबी हो। सहकारी ठगीको दाबी (प्रेडिकेटड अफेन्स) मा लामिछानेले सफाइ पाउनुभयो भने सम्पत्ति सम्पत्तिकरणको सहायक दाबी स्वतः खारेज हुने देखिन्छ। सम्पत्ति सम्पत्तिकरणसम्बन्धी दाबी बुझ्न सम्पत्ति सम्पत्तिकरणसम्बन्धी कानुनका केही अवधारणा बुझ्न जरुरी छ :



सम्पत्ति सम्पत्तीकरण कसुर भनेको के हो ? : सम्पत्ति सम्पत्तीकरण भन्नाले त्यस्ता कानुन, नियम तथा कार्यविधिलाई जनाउँछ, जसको उद्देश्य गैरकानुनी रूपमा प्राप्त वा आर्जन गरेको रकमलाई कुनै तरिकाबाट धुल्याएर कानुनी बनाउने काम कारबाहीलाई निषेध गर्नु रहेको हुन्छ। वित्तीय संस्थाले सम्पत्ति सम्पत्तिकरण रोक्ने नियम कानुनका माध्यमबाट गैरकानुनी आर्थिक गतिविधि पहिचान गरी सम्पत्ति सम्पत्तिकरण रोक्ने निकायलाई जानकारी गराउँछ र त्यस्ता अधिकारी सूचनाका आधारमा आतंकवाद, जालसाजी, लागुऔषधजस्ता गैरकानुनी स्रोतबाट प्राप्त आय रकमलाई निर्मलीकरण गर्ने कार्य रोक्न प्रयत्नशील रहन्छन्। सम्पत्ति सम्पत्तिकरणसम्बन्धी कानुनले निम्न कार्य रोक्न मद्दत पुग्छ :

क) गैरकानुनी रूपमा आर्जित नाफालाई लुकाउन खोज्ने कार्यलाई उजागर गर्ने

ख) ग्राहकको निजी पहिचान र आर्थिक कारोबारको जानकारीबाट सम्पत्ति सम्पत्तिकरण गतिविधिको पहिचान गर्ने।

ग) सम्पत्ति सम्पत्तिकरणमा गैरकानुनी आर्थिक कारोबारलाई लुकाउन तीन तहको प्रयास गरिन्छ, १) कुनै रकमलाई खातामा जम्मा (प्लेसमेन्ट) गर्ने, २) त्यसरी जम्मा गरिएको रकमलाई विभिन्न तहमा कारोबार फिँजाएर मूल स्रोतलाई धमिल्याउने (लेयरिङ) र ३) त्यसरी धमिलिएको रकमलाई विभिन्न क्षेत्रमा लगानी गरेर एकीकरण गर्ने (इन्टिग्रेसन)।

आतंकवाद, जालसाजी, लागुऔषधजस्ता गैरकानुनी कारोबार वा स्रोतबाट प्राप्त आय रकमलाई निर्मलीकरण गर्ने कार्य रोक्न भनी नेपालमा सम्पत्ति सम्पत्तिकरण ऐन २०६४ लागू गरिएको हो। उक्त कानुनले सम्पत्ति सम्पत्तिकरण कसुरको निम्नबमोजिम परिभाषा गरेको छ :

क) कुनै व्यक्तिले सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने वा छल्ने वा कसुरमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीबाट बचाउन कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गरेमा,

ख) कसुरबाट प्राप्त सम्पत्तिको प्रकृति, स्रोत, स्थान, निःसर्ग वा सो सम्पत्तिउपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने वा

ग) कसुरबाट प्राप्त सम्पत्तिलाई प्रयोग वा उपयोग गरेमा,
घ) आतंककारी कार्यमा वित्तीय लगानी गरेमा
सम्पत्ति सम्पत्तिकरण ऐनको दफा १३ बमोजिम ३ किसिमबाट सम्पत्ति सम्पत्तिकरण अभियोगमा मुद्दा चलाउन सकिन्छ :
क) आतंककारी कार्य वा आमविनाशका हातहतियार निर्माण कार्यमा वित्तीय लगानी गरेकामा
ख) सम्बद्ध कसुरसँग सम्बन्धित भएको सम्पत्ति सम्पत्तिकरण गरेमा,
ग) सम्बद्ध कसुरसँग सम्बन्धित नभएको कसुरमा सम्पत्ति सम्पत्तिकरण गरेमा

> अदालतमा मुद्दा चल्दै गर्दा पछि पेस भएका प्रमाणबाट पहिले लिएको दाबी पुष्टि गर्न सकिने अवस्था छैन भन्ने लागेमा सरकारी वकिलले अदालतको अनुमतिमा अभियोग पत्रमा संशोधन गर्न सक्छन्

लामिछानेविरुद्ध सम्पत्ति सम्पत्तिकरणको अभियोग सहकारी ठगीजस्ता कसुरको जरियाबाट सिर्जना भएको कसुर हुँदा यस्तो अभियोग स्वतन्त्र र मूल अभियोग नभई यो केवल सहकारी ठगी कसुरमा आश्रित सहायक अभियोग मात्र हो। सहकारी ठगी मुद्दासम्बन्धी कसुर (प्रेडिकेटेड अफेन्स) हो भनेपछि थप गरिएको सम्पत्ति सम्पत्तिकरण र संगठित अपराध दाबी सहकारी ठगी मुद्दामा आश्रित सहायक अभियोगसम्म हो। यदि मूल मुद्दामा दाबी नपुगेमा वा खारेज भएमा मूल मुद्दामा आश्रित सहायक दाबी पनि स्वतः खारेज हुने अवस्था आउँछ।

सहकारी ठगीबाट आर्जन गरेको रकमलाई सम्पत्तिकरण गरी कसुर गरेको भन्ने दाबी लिएको अवस्थामा ठगी कसुर नै कायम नभएको अवस्थामा कुन सम्पत्तिलाई निर्मलीकरण गर्न खोजी सम्पत्ति सम्पत्तिकरणको कसुर गर्न खोजेको हो भनी अदालतले कसुर ठहर गर्न सम्भव देखिन्न। त्यस अर्थमा फौजदारी कार्यविधि दफा ११६ अनुसार सम्पत्ति सम्पत्तिकरणको दाबी फिर्ता गर्न नमिल्ने भए पनि सरकारले सहकारी ठगीजस्ता सम्बद्ध कसुर फिर्ता लिएको अवस्था त्यसमा आश्रित सम्पत्ति शुद्धीकरण दाबी स्वतः खारेज हुन पुग्छ।

सहकारी ठगी मुद्दा फिर्ता लिएको वा दाबी नपुग्ने अवस्थामा सम्पत्ति सम्पत्तीकरणसम्बन्धी दाबीको हैसियत : लामिछानेविरुद्ध सहकारी ठगी मुद्दा दायर गर्दा विभिन्न सहकारी संस्थामा सदस्य बनी रकम ऋण लिई हिनामिनाबापत ठगी कसुरमा मुद्दा दायर गर्दा संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरमा पनि दाबी लिएको अवस्था हो। उच्चस्तरीय संसदीय छानबिन समितिले लामिछाने र छवि जोशीले सहकारीबाट कुनै रकम नलिएको, कुनै सदस्य नभएको हुँदा निजहरूले सहकारी ठगीमा संलग्न देखिने कुनै तथ्य प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा निजहरूलाई कम्पनी कानुनलगायत प्रचलित कानुनबमोजिम कारबाही गर्न मुनासिब देखिने भनी सिफारिस गरेको हो। वास्तवमा सरकारी वकिलले रवि र छविविरुद्ध गोरखा मिडियाको रकम हिनामिना वा दुरुपयोगको विषयमा कम्पनी कानुनअनुसार मुद्दा दायर गर्नुपर्नेमा सो नगरी सहकारी कानुनअनुसार ठगी मुद्दा चलाएकाले सरकार पक्षलाई सहकारी ठगीमा दाबी पुष्टि गर्न कठिन देखिन्छ। किनकि, कुनै पनि व्यक्तिविरुद्ध सहकारी ठगीमा मुद्दा चलाउन पहिला उसले सहकारीको सदस्य हुनुपर्‍यो, दोस्रो उसले सहकारीबाट ऋण लिन निवेदन दिएको हुनुपर्‍यो र तेस्रो ऋण प्राप्त गरी भुक्तानी नगरी दुरुपयोग गरेको देखिएमा सहकारी ठगीको दाबी प्रमाणित हुन सम्भव हुन्छ। यी तीनै तत्त्वको अभावमा सहकारी ठगीको दाबी प्रमाणित हुन सम्भव देखिँदैन।

सहकारीबाट लिएको ऋण रकम नतिरेको वा हिनामिना गरेको नदेखिएमा सम्पत्ति शुद्धीकरण ऐनबमोजिम दाबी लिन सम्भव देखिँदैन। किनभने, सम्पत्ति शुद्धीकरण ऐन आकर्षित हुन जुन सम्पत्तिउपर सम्पत्ति शुद्धीकरणको दाबी लिन खोजिएको हो, त्यस्तो सम्पत्तिको आम्दानी वा प्राप्तिको मूल स्रोत नै गैरकानुनी (इलिसिट ओरिजन) हुन जरुरी हुन्छ। सहकारीबाट ऋण लिने कार्य आफैँमा गैरकानुनी स्रोत नहुँदा त्यस्तो ऋण लिएको रकम समयमा तिर्न नसकेको कारणले त्यस्तो ऋण रकमलाई गैरकानुनी स्रोतको रकम (इलिसिट ओरिजन) भनी भन्न मिल्न सक्ने देखिँदैन। तर, लामिछानेले सहकारीबाट कुनै ऋण नलिएको अवस्थामा त गैरकानुनी स्रोतबाट सम्पत्ति आर्जन गरेको भनी दाबी लिन सक्ने अवस्था नै देखिँदैन।

अभियोगपत्रमा लिएको दाबी पुष्टि गर्ने भार सरकारमै हुनेछ भनी प्रमाण ऐनको दफा ३४ मा व्यवस्था गरेको हुँदा त्यस्तो दाबी प्रमाणित गर्न सकिने अवस्था छैन भनी लागेमा सरकारले त्यस्तो दाबी संशोधन गर्न पाउँछ। यस्तो व्यवस्था गरिएन भने एकपटक मुद्दा दायर गरिएपछि फिर्ता गर्न नपाउने अवस्थामा हार्न सक्ने मुद्दा वा दाबी पुष्टि गर्न नसक्ने मुद्दामा सरकारी वकिलले मुद्दाको पैरवी गर्नुपरेमा दाबी प्रमाणित गर्नुपर्ने सरकारी पक्षको दायित्व निस्तेज हुन पुग्छ। दाबी प्रमाणित गर्नुपर्ने दायित्व वादी पक्षमा रहने भनी प्रमाण कानुनले बोलेको अवस्थामा त्यस्तो दायित्वबाट विमुख भई जित्ने सम्भावना कम भएको कमजोर मुद्दा फिर्ता लिन वा अभियोग संशोधन गर्न पाउने स्वतन्त्रता सरकारी वकिलमा रहने कुरा मुनासिब देखिन्छ।

तसर्थ, नेपालको वर्तमान कानुनअनुसार कार्यविधि संहिताको दफा ११६ अनुसार कुनै व्यक्तिविरुद्ध दायर गरेको मुद्दा फिर्ता लिन वा मुद्दा नै फिर्ता नलिई त्यसमा लिइएका एकभन्दा बढी दाबीमध्ये केही दाबीलाई दफा ३६ बमोजिम फिर्ता लिन वा दफा ३५ बमोजिम पहिले लिएको अभियोग दाबी कम हुन गई बढी दाबी लिनुपरेमा अभियोग पत्रमा आवश्यक संशोधन गरी अभियोगमा थपघट गर्न प्रचलित नेपाल कानुनले निषेध गरेको छैन। त्यसैले, सरकारी वकिलले कानुनसम्मत तरिकाबाट लामिछानेविरुद्ध लगाइएको सम्पत्ति शुद्धीकरण तथा संगठित अपराधको अभियोग दाबी फिर्ता लिने गरी गरेको निर्णयलाई अन्यथा भन्न सक्ने अवस्था देखिँदैन।

(प्राडा गान्धी वरिष्ठ अधिवक्ता हुन्)

---

३ प्रश्न

ग्यास विक्रेता महासंघका पूर्वअध्यक्ष **चन्द्र थापा**लाई



बजारमा अहिले ग्यासको अभाव भइरहेको छ नि ?

जाडो मौसममा सधैँ एलपी ग्यासको खपत १०-१ ५ प्रतिशतसम्म बढ्छ। तर, अहिले चाहिँ उपभोक्ताको मागअनुसार भारतबाट उद्योगमा ग्यास नआइरहेको स्थिति छ। उद्योगमा नै ग्यास पर्याप्त नभएपछि डिलरमा पनि आएको छैन। त्यसैले उपभोक्ताले मागेजति ग्यास दिन सकिएको छैन।

भारतबाट आयात भएको ग्यासको समानुपातिक बिक्री प्रणाली नभएकाले पनि समस्या आएको हो कि ?

अहिले नेपालमा भित्रिएको ग्याससमध्ये घरायसीतर्फ कति र व्यावसायिकतर्फ (होटेल, रेस्टुरेन्ट र पार्टी प्यालेसलगायत)मा कति खपत भइरहेको छ भन्ने कुनै तथ्यांक छैन। त्यस्तै, डिलरकहाँ कति र सोभ्कै व्यावसायिक ग्राहककहाँ कति ग्यास गइरहेको छ भन्ने परीक्षण गर्ने संयन्त्र पनि छैन। आयात भएको ग्यास कसरी वितरण भइरहेको छ भन्ने संयन्त्र विकास नभएसम्म वेलावेलामा यस्ता अभावको समस्या खेपिरहनुपरेको स्थिति छ।

ग्यास अभावलाई स्थायी रूपमा समाधान गर्न के गर्नुपर्ला ?

कुन ग्यास उद्योगसँग कति विक्रेता छन्, कुन क्षेत्रका छन्, कुन विक्रेताले मासिक कति परिमाणमा ग्यास बिक्री गरिरहेका छन् जस्ता विषयलाई समेटेर ग्यास विक्रेता प्रमाणीकरण गर्नु जरुरी छ। विक्रेता प्रमाणीकरण हुनासाथ नेपालमा आयात भएको ग्यास कुन क्षेत्रमा कति बिक्री भयो भन्ने तथ्यांक सजिलै हेर्न सकिन्छ। यसबाट तत्काले समस्या समाधानको पहल लिन सजिलो हुन्छ।

प्रेरक प्रसंग

जिराफका माउ र बच्चा

कक्षा ६ मा पढ्ने बालबालिका राष्ट्रिय निकुञ्जको शैक्षिक भ्रमणमा थिए। जंगलमा उनीहरूले एउटा पोथी जिराफले बच्चा जन्माउँदै गरेको दुर्लभ दृश्य देखे। उनीहरूको गाडी भाडीबिच रोकियो। सबै उत्सुकतापूर्वक सो दृश्य हेर्न लागे।

पोथी जिराफ निकै अग्लो थियो। जन्म लिँदै गर्दा उसको बच्चा लगभग १० फिटको उचाइबाट जमिनमा फ्यात्त खस्यो। खस्नासाथ उसले आफू आमाको काखमै भएजस्तो गरी आफ्ना खुट्टा खुम्च्यायो। बच्चालाई जन्म दिइसकेपछि आमा जिराफ बच्चालाई हेर्न थाल्यो। विद्यार्थीहरू पनि बडो उत्सुकतापूर्वक त्यतै हेर्दै थिए। अचानक आमा जिराफले बच्चालाई जोडले एक लात हिर्कायो। बच्चा जिराफ बसिरहेको स्थानबाट एक बल्ढ्याङ पल्टियो।

सो दृश्यले विद्यार्थी भस्किए। उनीहरूले शिक्षकसित अनुरोध गरे- सर, तपाईं त्यो आमा जिराफलाई रोक्नुहोस् न। नत्र त त्यसले बच्चालाई मार्छ। शिक्षक केही बोलेनन्। उनले विद्यार्थीलाई शान्त रहेर हेरिरहन संकेत गरे र आफू पनि हेर्न थाले। बच्चा जमिनमा राम्ररी बस्न पनि सकिरहेको थिएन, आमा जिराफले फेरि उसैगरी अर्को लात हिर्कायो। आमाको दोस्रो लातपछि बच्चा जसोतसो अडिएर चार खुट्टाले उभियो। बिस्तारै यताउता गर्दागर्दै ऊ हिँड्न थाल्यो र एकैछिनमा आमासितै भाडीमा हरायो।

विद्यार्थीले शिक्षकलाई पुनः प्रश्न गरे- सर, आमा जिराफले किन त्यसरी लात हान्यो ? बच्चालाई जे पनि त हुन सक्थ्यो नि ? शिक्षकले भने- जंगलमा सिंह, चितुवा, बाघजस्ता हिंस्रक जनावरको कमी छैन। यहाँ कुनै पनि जनावरको बच्चा कति छिटो आफ्नो खुट्टामा उभिएर दौडिन सक्छ, उसको जीवन त्यसैमा निर्भर हुन्छ। आमा जिराफले लात नहानेको भए सायद बच्चा अझै भुइँमै लडिरहेको हुने थियो र कुनै हिंस्रक जनावरको सिकार पनि हुन सक्थ्यो।

भाइबहिनीहरू, यसैगरी बाबाआमाले पनि तपाईंहरूलाई हप्काउनुहुन्छ, सम्झाउनुहुन्छ र कहिलेकाहीँ पिट्नु पनि हुन्छ होला। तपाईंहरूलाई नराम्रो पनि लाग्छ होला। तर, उहाँहरूले तपाईंहरूलाई जीवनमा सक्षम बनाउन त्यसो गरिरहनुभएको हुन्छ। त्यसबाट तपाईंहरू निराश हुनुको साटो उत्साहित भएर अघि बढ्नुहोस्। सफलता तपाईंहरूको हातमा हुनेछ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आपूर्ति सहज बनाऊ

बजारमा ग्यासअभाव देखिएको छ। यो अभाव स्वाभाविक हो कि कृत्रिम, अनुमान गर्न कठिन भइरहेको छ। यहाँ आयल निगमले भनिरहेको छ- आवश्यकभन्दा बढी ग्यास आयात भइरहेको छ। तर, उपभोक्ता भने रित्ता सिलिन्डर बोकेर यताउता भौँतारिरहेका देखिन्छन्। यो सबै आयल निगम र व्यापारीको खेल पनि हुन सक्छ। ग्यासमा कमिसन बढाउने खेल लामो समयदेखि चलिरहेको छ। यस्तोमा अहिले बजारमा अभाव देखाएर हाहाकारको स्थिति सिर्जना गरी सरकारलाई कमिसनको दबाब बढाउने चाल पनि हुन सक्छ। त्यसैले, यस सम्बन्धमा उपभोक्ता, उपभोक्ता अधिकारकर्मी र सरकार सबै सचेत र जिम्मेवार भई यस्तो खेलविरुद्ध लाग्नुपर्ने देखिन्छ। सरकारले तत्काल आपूर्ति सहज गराउनुपर्छ भने उपभोक्ता अधिकारकर्मीले निरन्तर सचेतनाको बिगुल फुकिरहनुपर्ने देखिन्छ। राज्यको ध्यान निर्वाचन व्यवस्थापनतिर गएको मौका छोपेर व्यापारीले उपभोक्तालाई अप्ठ्यारोमा पारेर आफ्नो स्वार्थपूर्ति गर्न नपाऊन्।

■ **सविनय पाठक**, सतुंगल, काठमाडौं

सहिद स्मारक बनाउने कि ?

सरकारले नयाँ बन्दै गरेको संसद् भवन परिसरमा ४५ जना जेन-जी सहिदको सालिक बनाउने निर्णय गरेको समाचार पढियो। आन्दोलनमा सहादत प्राप्त गर्ने सहिदको सालिक बनाउने आफैँमा निकै राम्रो काम हो। तर, संसद् भवन परिसरमा ४५ सहिदको सालिक बनाउनुभन्दा उहाँहरूको योगदानको स्मरण गरी नेपाली कला, संस्कृति झल्किने स्मारक बनाएर त्यसमा उहाँको नाम अंकित गर्न पाए राम्रो हुन्थ्यो कि ?

■ **सुमिता मुल्मी**, अनामनगर, काठमाडौं

किसानलाई प्रोत्साहन गरौँ

देशमा हरेक वस्तु आयात गरी उपभोग गर्नुपर्ने अवस्था आइरहेको भए पनि पछिल्ला दिनमा नेपालका विभिन्न पहाडी बस्ती सुन्तलालगायत फलफूलका लागि निकै अगाडि रहेका देखिन्छन्। किसानले सुन्तला खेतीबाटै वर्षमा करोडौँ रकम भित्र्याइरहेको देखिनु हामी सबैका लागि उत्साह र प्रेरणाको विषय हो। यसरी सुन्तला आयात नै प्रतिस्थापित हुने गरी उत्पादनमा लागेको किसानलाई राज्यका तर्फबाट प्रोत्साहन गरियोस्।

■ **सन्देश सिजापती**, विराटनगर-४, मोरङ

सही उम्मेदवार छानौँ

यो टिप्पणी कुनै दल र कुनै दलका अमुक उम्मेदवारको पक्ष या विपक्षमा लेखिएको होइन। मतदातालाई सही दल र सही उम्मेदवार छनोट गर्न सम्झाउन मात्र खोजिएको हो। यो समय मतदाताको हो, त्यसैले समयको सदुपयोग गरौँ। दुई-चार पैसा या मासुभातमा बिकेर गलत मान्छेलाई मतदान गरियो भने फेरि थप पाँच वर्ष पछुताउनुपर्ने समय आउन सक्छ।

जनता मालिक बन्ने वेलामा सही निर्णय लिन सकिएन भने फेरि पनि नागरिक बन्ने अवसरबाट वञ्चित भइन्छ। म यो गर्छु, त्यो गर्छु भन्नेले कति गर्छन्, हामीले देख्दै आएकै छौँ। विगतमा मौका पाउनेले पनि खासै केही गरेको देखिएको छैन। त्यसैले पनि यसपटक थप 'स्क्रिनिङ' गरेर सही पात्र छान्नुपर्ने अवस्था आएको छ। जेन-जी आन्दोलनपछिको परिस्थितिलाई सम्हाल्न सक्ने र जनभावनाको कदर गर्ने दल र तिनका सही उम्मेदवारलाई आगामी पाँच वर्षका लागि देश जिम्मा दिनु ठिक हुन्छ।

■ **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

एसिड आक्रमणकारीलाई उन्मुक्ति र पीडितलाई आघात

एसिड हिंसा सबैभन्दा जघन्य आक्रमणमध्ये एक हो, जहाँ पीडितले आफ्नो बाँकी जीवन विकृत र घाइते मनका साथ बाँच्नुपर्छ



देश / विदेश

● नमिता भण्डारे

एसिड आक्रमणमा एउटा आँखाको दृष्टि गुमाएपछि साहिन मलिकले २५ वटा शल्यक्रिया गर्नुपर्‍यो, आक्रमणको १६ वर्षसम्म। शारीरिक अवस्था जस्तो भए पनि उनले जीवनमा आशा मारिनन्। तर, डिसेम्बरमा ट्रायल अदालतले तीन वयस्क षड्यन्त्रकारीलाई सफाइ दिँदा भने उनको मुटु छियाछिया बन्यो। वास्तवमा एसिड छर्कने नाबालिगले तीन वर्ष जेलमा बिताए। कानुनले नाबालिगका लागि विशेष छुट दिएकाले उनीहरू छोटो समयमै कारागार मुक्त भए। त्यसपछि, उनले अपिल दायर गरिन्।

यस साता उनी एसिड आक्रमणमा पारिएका पीडितका तर्फबाट दायर गरिएको छुट्टै सार्वजनिक हितको मुद्दामा सर्वोच्च अदालतमा उपस्थित भएकी थिइन्। 'मैले मेरो जीवनको सबैभन्दा ठुलो समय मुद्दाको पछि लाग्ने क्रममा बिताएँ,' हाल ४२औँ वसन्त पार गरेकी उनले सर्वोच्च अदालतको बेन्चलाई आफ्नो मुद्दाबारे भनिन्, 'मैले आशा मारेकी छैन।'

म पीडितको बाँकी जीवनबारे धेरै सोचिरहेकी छु र भयानक लैंगिक हिंसाको सामना गर्ने महिलालाई यस्ता घटनाले कस्तो परिणाम निम्त्याउला भनेर मनन गरिरहेकी छु। हामीलाई थाहा भएकै कुरा हो, एसिड आक्रमणले अत्यधिक रूपमा सीमान्तकृत पृष्ठभूमिका महिलालाई लक्षित गर्छ। प्रहरीको कमजोर अनुसन्धान, वर्षौंसम्म चल्ने मुद्दा, अनन्त पुनरावेदनपछि पनि अझै न्यायको कुनै निश्चितता छैन। राष्ट्रिय अपराध रेकर्ड ब्युरोको तथ्यांकले २०२३ मा ७३५ एसिड आक्रमणका घटनामा मुद्दा चलेको देखाउँछ। यीमध्ये ६४९ वटा अघिल्ला वर्षदेखि अघि बढाइएका मुद्दा थिए। त्यस वर्ष केवल १६ वटा दोषी ठहरिएका थिए र २७ जनालाई सफाइ दिइएको थियो।

न्याय आफ्नो गतिमा (बिस्तारै) अगाडि बढ्दै जाँदा समाज (र त्यसमा प्रहरी पनि समावेश छ)ले अपराधीको होइन, बरु हिंसाका पीडितको छानबिन गर्छ। उदाहरणका लागि २०१९ मा प्रहरीले रश्मी भाटियालाई सोध्यो कि के उनलाई उनका हिंस्रक पतिले साँच्चै एसिड सेवन गर्न बाध्य पारेका थिए वा उनी स्वयंले चाहेरै सेवन गरेकी थिइन् ? श्रीमानूलाई अन्ततः पक्राउ गरिएको थियो, तर नौ महिनापछि उनी जमानतमा छुटे। डिसेम्बरमा द प्रिन्टले प्रकाशित गरेको रिपोर्टअनुसार रश्मीले अझै पनि आफ्नो बयान पूरा गर्न बाँकी थियो।

एसिड हिंसा सबैभन्दा घृणित आक्रमणमध्ये एक हो, जहाँ बाँचेकाहरू आफ्नो बाँकी जीवन विकृत र मानसिक आघातका साथ जिउन बाध्य हुन्छन्। कर्नेल विश्वविद्यालयको २०११ को एक रिपोर्टअनुसार एसिड हमलाको उद्देश्य हत्या गर्नु होइन, बरु व्यक्तिलाई जीवनभर पीडा दिनु हो। प्रायः पुरुषहरू महिलाले आफ्नो प्रस्ताव अस्वीकार गर्ने हिम्मत गरेकामा रिसाउँछन्। साहिनको मामिलामा उनकी वकिल मदियाह



साहजार भन्छिन्, 'उनलाई उनका विवाहित हाकिमले प्रस्ताव गरेका थिए। जब उनले अस्वीकार गरिन्, त्यसपछि हाकिमले भयानक बदलाको योजना बनाए।' जुन समाजमा महिलाको हेराइका आधारमा मूल्यांकन गरिन्छ, त्यहाँ सामाजिक बहिष्कार सामान्य छ। साहिनले मलाई एक पीडित महिलाका बारेमा बताएअनुसार एक महिलालाई रेलयात्राका क्रममा भुइँमा बस्न लगाइएको थियो, तोकिएको सिटमा होइन। दिल्ली मेट्रोमा एक अपरिचित व्यक्तिले अर्की महिलालाई अनुहार छोप्न भने। पीडितले जागिर पाउन लगभग असम्भव छ। आफ्ना छोरीहरू अन्ततः आफ्ना भावी पतिको घरका सदस्य हुन् भनेर विश्वास गर्ने परिवार आजीवन चिकित्सा बिलहरूले थिचिएका छोरीहरूको आर्थिक बोझ बोक्न चाहँदैनन्। गुपचुप राखिएका र प्रायः आफ्ना परिवारद्वारा अस्वीकार गरिएका उनीहरूलाई आफ्नो सुरक्षा आफैँ गर्न छोडिन्छ। अर्कातर्फ, अपराधीहरूले दोषी ठहरिएमा आफ्नो सजाय पूरा गर्छन् र त्यसपछि आफ्नो बाँकी जीवन मस्तसँग बिताउँछन्।

२०१३ मा अर्की एसिड आक्रमणबाट बचेकी लक्ष्मीले दायर गरेको निवेदनका आधारमा सर्वोच्च अदालतले निजी अस्पतालमा एसिड बिक्री र उपचारको नियमनसहित धेरै आदेश जारी गर्‍यो। तर, वास्तविकतामा यो बिरलै लागू हुन्छ। बाधाका बाबजुद साहिनले हरेस खाइनन्। तीन वर्षअघि उनले 'ब्रेभ सोल्स' नामक एक गैरसरकारी संस्था स्थापना गरिन्। संस्थाले दुई 'आश्रय गृह' चलाउँछ- एउटा दिल्लीमा र अर्को पश्चिम बंगालमा। यसले अहिलेसम्म कानुनी सल्लाह, चिकित्सा उपचार, थेरापी र सीप विकासमार्फत ४०० पीडितलाई परामर्श दिएको छ। त्यसो भए उनलाई यस्तो उत्प्रेरणा केले दिएको छ त ? उनी भन्छिन्, 'यो मेरो एक्लैको लडाइँ होइन। म अन्याय भोगेका हरेक महिला र केटीका लागि लडिरहेकी छु।

(लेखक तथा पत्रकार भण्डारे लैंगिक विषयमा कलम चलाउँछिन्)

हिन्दुस्तान टाइम्सबाट

बंगलादेशको आगामी निर्वाचनमाथि भारतीय नजर

चुनावपछि बन्ने बंगलादेशी सरकार भारतसँग समन्वय गरेर अघि बढ्न इच्छुक हुने नयाँदिल्लीको आशा

२०२४ मा तत्कालीन प्रधानमन्त्री सेख हसिना र उनको अबामी लिग पार्टीलाई अपदस्थ गरेपछि बंगलादेशले पहिलोपटक चुनावको तयारी गरिरहेका बेला छिमेकी भारत, पाकिस्तान र चीनले यसलाई नजिकबाट हेरिरहेका छन् । बंगलादेश हाल नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम प्रशासनद्वारा शासित छ । यस महिनाको चुनावमा सत्ताका लागि प्रतिस्पर्धा गर्ने दुई मुख्य दल बंगलादेश राष्ट्रवादी पार्टी (बिएनपी) र जमात-ए-इस्लामी (जेआइबी) हुन् । दुवै पार्टीले जनवरीको अन्त्यतिर प्रचार सुरु गरेका थिए ।



● प्रियंका शंकर

प्रियंका अलजजिराकी स्तम्भकार हुन् ।

ऐतिहासिक रूपमा भारतसँग घनिष्ठ सम्बन्ध रहेको अबामी लिगलाई २०२४ मा विद्यार्थी नेतृत्वको विरोध प्रदर्शनमाथि भएको क्रूर दमनमा उसको भूमिकाका कारण आसन्न निर्वाचनमा प्रतिस्पर्धा गर्न प्रतिबन्ध लगाइएको छ । हाल भारत निर्वासनमा रहेकी ७८ वर्षीया हसिनालाई प्रदर्शनकारीविरुद्ध घातक बल प्रयोग गर्न अनुमति दिएकोमा दोषी ठहर गरिएको थियो । प्रहरी दमनका क्रममा एक हजार ४०० जना मारिएका थिए । नोभेम्बरमा बंगलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरण (आइसिटी) ले उनको अनुपस्थितिमा मुद्दा चलाएको र मृत्युदण्डको सजाय सुनाएको थियो । तर, अहिलेसम्म भारतले उनलाई सुपुर्दगी गर्न अस्वीकार गरेको छ ।

हसिनाले आगामी चुनावको निन्दा गर्दै गत महिना एसोसिएटेड प्रेस समाचार एजेन्सीलाई भनेकी थिइन्, 'बहिष्करणबाट जन्मिएको सरकारले विभाजित राष्ट्रलाई एकताबद्ध गर्न सक्दैन ।' उनको बर्खास्तपछि बंगलादेशको भूराजनीतिक स्थितिमा 'उदाहरणीय परिवर्तन' आएको राजनीतिक विश्लेषक बताउँछन् । 'पाकिस्तानसँगको न्यानो सम्बन्धविपरीत भारतसँगको द्विपक्षीय सम्बन्धमा ऐतिहासिक गिरावट आएको छ । यसबाहेक, चीनसँगको रणनीतिक सम्बन्ध उल्लेखनीय रूपमा गहिरो भएको छ,' बंगलादेशको इन्डिपेन्डेन्ट युनिभर्सिटीका विश्वव्यापी अध्ययन र शासनका व्याख्याता तहमिद रेजवान बताउँछन् । 'हसिनाको १५ वर्षे कार्यकालमा धेरै प्रमुख विशेषता थिए, जसले बाह्य संलग्नताको सन्दर्भमा ढाकाको विदेश र सुरक्षा नीतिलाई परिभाषित गऱ्यो । यी विशेषतामध्ये महत्त्वपूर्ण भारतसँग घनिष्ठ र समग्र द्विपक्षीय सम्बन्ध विकास गर्नु, पाकिस्तानसँग द्विपक्षीय सम्बन्धको सन्दर्भमा बेवास्ता र कूटनीतिक एक्लोपन र चीनसँग बलियो तर गणना गरिएको रक्षा, व्यापार र पूर्वाधार विकास साझेदारी कायम राख्नु थियो,' उनले भने ।

'ढाकाको यो भविष्यसूचक र ढाँचाबद्ध पंक्तिबद्धता अब भारत र पाकिस्तानको सन्दर्भमा उल्ट्याइएको छ वा चीनको सन्दर्भमा परिमार्जन गरिएको छ,' उनले भने । त्यसो भए भारत, पाकिस्तान र चीनले आगामी चुनावलाई कसरी हेर्छन् ? के चुनावको नतिजा यी तीन राष्ट्रका लागि महत्त्वपूर्ण छ ?



बंगलादेशमा जुन पार्टीको सरकार बने पनि उसलाई गैर-परम्परागत सुरक्षा खतरा, व्यापार र खाद्य सुरक्षा, सांस्कृतिक र मानवीय सम्बन्धमा पारस्परिक हितका खातिर आफ्नो सबैभन्दा ठुलो छिमेकी र भारतजस्तो क्षेत्रीय शक्तिलाई बेवास्ता गर्न गाह्रो हुनेछ

भारत-बंगलादेश सम्बन्ध कस्तो छ ?

हसिनाको सत्ताच्युत हुनुभन्दा अगाडिसम्म भारतले दक्षिण एसियामा सुरक्षा कायम राख्न बंगलादेशलाई ठुलो मात्रामा एक महत्त्वपूर्ण रणनीतिक साझेदार र सहयोगीको रूपमा हेर्थ्यो । भारत एसियामा बंगलादेशको सबैभन्दा ठुलो व्यापारिक साझेदार पनि हो । हसिना सत्ताच्युत हुनुअघि अप्रिल २०२३ र मार्च २०२४ को बिचमा भारतले कपडा, चिया, कफी, अटो पार्ट्स, बिजुली, कृषि, फलाम र स्टिल र प्लास्टिकलगायत सामान बेचेको थियो (११.१ अर्ब डलर मूल्यबराबरको) र १.८ अर्ब डलरबराबरको तयारी पोसाक, छाला र छालाका उत्पादन आयात गरेको थियो ।

जारी तनावका कारण हसिना भारत भागेदेखि दुवै देशले एक-अर्काको भूभाग र समुद्रबाट निर्यातमा प्रतिबन्ध लगाएका छन् । १९७१ मा पाकिस्तानबाट बंगलादेश स्वतन्त्र भएको दशकौंदेखि ढाकामा कुन राजनीतिक दल सत्तामा छ भन्ने आधारमा उनीहरूको सम्बन्धमा उतारचढाव आएको छ ।

१९९६ देखि २००१ र फेरि २००९ देखि २०२४ सम्म प्रधानमन्त्रीका रूपमा काम गरेकी हसिनाले भारतसँग घनिष्ठ सम्बन्ध कायम राखिन् । 'पछिल्लो पाँचदेखि ६ वर्षमा भारत र बंगलादेशले द्विपक्षीय सम्बन्धको सुनौलो अध्याय लेखेका छन् र हाम्रो साझेदारीलाई नयाँ आयाम र दिशा दिएका छन्,' भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मार्च २०२० मा भनेका थिए । तर, बंगलादेशका विपक्षी दलहरूले भारतसँग सम्बन्ध राख्ने कुरा आउँदा हसिनालाई 'धेरै कमजोर' भएको भन्दै प्रायः आलोचना गर्थे ।

भारतीय दैनिक इकोनोमिक टाइम्सका अनुसार २०१६ मा बिएनपीका एक प्रमुख सल्लाहकारले हसिनालाई भारतसँगको केही संयुक्त उद्यम शक्ति साझेदारी परियोजनाहरू रद्द गर्न आह्वान गरेका थिए, किनभने ती परियोजना बंगलादेशको वातावरणका लागि हानिकारक हुन सक्छन् । दशकौंदेखि, बिएनपीको बंगलादेशको सबैभन्दा ठुलो इस्लामवादी समूह जेआइबीसँग पनि गठबन्धन छ, जसले भारतको प्रमुख शत्रु पाकिस्तानसँग बलियो सम्बन्धको वकालत गर्छ र सन् १९७१ मा पाकिस्तानबाट बंगलादेशको स्वतन्त्रताको विरोध गर्छ । २०२४ मा हसिनालाई पदच्युत गरेपछि र त्यसको जवाफमा भारतले उनलाई देश फर्काउन अस्वीकार गरेपछि बंगलादेशमा भारतविरोधी भावनाले गति लिएको थियो ।

विगत एक वर्षदेखि दुई देशबिचको सम्बन्ध अझ चिसिएको छ, विशेषगरी २०२४ मा भारतविरोधी प्रदर्शनकारी नेता उस्मान हादीको हत्यापछि । उक्त घटनापछि गत वर्षको अन्त्यतिर बंगलादेशमा भारतविरुद्ध विरोध प्रदर्शन तीव्र भए । भारतले बंगलादेशको अन्तरिम सरकारको अधीनमा हिन्दु अल्पसंख्यकमाथि दुर्व्यवहार गरिएको आरोप पनि लगाएको छ ।

गत डिसेम्बरमा इस्लाम धर्मविरुद्ध अपमानजनक टिप्पणी गरेको आरोपमा देशको भालुका क्षेत्रमा एक हिन्दु बंगलादेशी पुरुषलाई कुटपिट गरी हत्या गरिएको थियो । हादीको मृत्युपछि व्यापक विरोध प्रदर्शनबिच यो घटना भएको थियो । साथै गत महिना बंगलादेश क्रिकेट बोर्ड (बिसिबी) ले भारतमा तय भएको आफ्नो टोलीको सबै आइसिसी मेन टी २० विश्वकप खेल श्रीलंकामा सार्न अनुरोध गरेको थियो ।

तर, अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले गत सप्ताहन्तमा बंगलादेशलाई प्रतियोगिताबाट निष्कासन गरेर यो मागको जवाफ दियो । ऐक्यबद्धताको प्रदर्शनमा पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी) ले तुरुन्तै बंगलादेशको समर्थन गऱ्यो र आइतबार पाकिस्तानले फेब्रुअरी १५ मा हुने भारतविरुद्धको खेलमा भाग लिन अस्वीकार गर्ने बताएको छ ।

'हसिनालाई हटाइँदा भारतले ठुलो रणनीतिक क्षति व्यहोर्नुपरेको थियो र नयाँदिल्ली अन्तरिम सरकारसँग धेरै असहज महसुस गरेको छ । नयाँदिल्लीले बुझाइमा बंगलादेश जमात र अन्य धार्मिक अभिनेताबाट धेरै प्रभावित छ, जसले भारतको हितलाई खतरामा पार्छ,' एट्लान्टिक काउन्सिलका दक्षिण एसियाका वरिष्ठ फेलो माइकल कुगेलम्यान भन्छन् ।

यद्यपि, जारी तनावबिच भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र युनुसले गत वर्ष अप्रिलमा थाइल्यान्डको बैंककमा भएको बिमस्टेक शिखर सम्मेलनको साइडलाइनमा पहिलो भेटवार्ता गरेका थिए । भारतका विदेश सचिव विक्रम मिश्रीले पत्रकारलाई भने कि मोदीले 'लोकतान्त्रिक, स्थिर, शान्तिपूर्ण, प्रगतिशील र समावेशी बंगलादेशका लागि भारतको समर्थन दोहोऱ्याएका छन् ।' मिश्रीले थपे कि युनुस र मोदीले हसिनाको प्रत्यर्पणबारे पनि छलफल गरेका थिए । तर, आजसम्म, हसिना भारतमै छिन् ।

आगामी निर्वाचनलाई भारतले कसरी हेर्छ ?

विश्लेषकले भारतका लागि दाउ उच्च रहेको बताएका छन् । 'भारतले आशा गरेको छ कि यो आगामी चुनावले भारतसँग संलग्न हुन इच्छुक सरकार निर्माण गर्नेछ र भारत आफ्नो हितलाई खतरामा पार्ने खालका कलाकारबाट प्रभावित हुनेछैन,' कुगेलम्यान भन्छन् । यदि यसमा जेआइबी वा अन्य इस्लामिक दल समावेश भए पनि कुनै पनि नयाँ सरकारले भारतसँग बढ्दो तनावलाई बेवास्ता गर्ने सम्भावना कम रहेको इन्डिपेन्डेन्ट युनिभर्सिटीका रेजवान बताउँछन् ।

'ढाकामा सत्तामा आउने कुनै पनि सरकारले गैरपरम्परागत सुरक्षा खतरा, व्यापार र खाद्य सुरक्षा, सांस्कृतिक र मानवीय सम्बन्धमा पारस्परिक हितका खातिर आफ्नो सबैभन्दा ठुलो छिमेकी र भारतजस्तो क्षेत्रीय शक्तिलाई बेवास्ता गर्न गाह्रो हुनेछ,' उनले भने, 'भोटको लागि प्रतिस्पर्धा गर्दा भारतविरुद्ध भड्काउने र लोकप्रिय बयानबाजी गर्न सजिलो छ, तर जब तपाईं सरकारमा हुनुहुन्छ, शक्तिशाली र प्रभावशाली छिमेकीसँग व्यवहार गर्दा लोकतान्त्रिक मुद्रा अन्ततः परिवर्तन हुन्छ ।'

अलजजिराबाट

इतिहासमा आज

फेब्रुअरी ५



सन् १८८५ : बेल्जियमका राजा लियोपोल्ड द्वितीयले कंगोलाई आफ्नो व्यक्तिगत मौजा घोषित गरे । कंगोका नागरिकमाथि चरम दमनकारी रहेको त्यस शासन व्यवस्था सन् १९०८ सम्म कायम रह्यो ।

सन् १९१८ : भ्लादिमिर लेनिन नेतृत्वको सोभियत सरकारले औपचारिक रूपमा राज्य र विद्यालयलाई धार्मिक प्रभावबाट अलग गरेको घोषणा गऱ्यो ।

सन् १९५८ : अरब एकतालाई प्रवर्द्धन गर्ने उद्देश्यले सिरिया र इजिप्टबिच बनेको राजनीतिक संघ 'संयुक्त अरब गणतन्त्र'का राष्ट्रपतिका रूपमा गमाल अब्देल नासेरको नाम औपचारिक रूपमा राष्ट्रपतिमा मनोनीत गरियो । फेब्रुअरी २१ मा जनमतसंग्रहले अनुमोदन गरिएपछि लगत्तै अर्को दिन उनी राष्ट्रपति बनेका थिए । तर, सो संघ लामो समय नटिकी तीन वर्षपछि नै टुट्यो ।

सन् २०२४ : बकिंघम दरबारले राजा चार्ल्स तृतीयलाई क्यान्सर लागेको घेषणा गर्दै राजाले गर्दै आएको राजकीय कर्तव्य रद्द गरिएको घोषणा गऱ्यो ।

गद्दाफीका माइला छोराको हत्या

त्रिपोली / कुनै समय मुअम्मर गद्दाफीका उत्तराधिकारीका रूपमा हेरिने उनका माइला छोरा सैफ अल-इस्लाम गद्दाफी मंगलबार मारिएका छन् । लिबियाको पश्चिमी सहर जिन्टानमा आफ्नै घरमा बसिरहेको समयमा केही बन्दुकधारीले अल-इस्लामलाई गोली हानी मारिएको उनका राजनीतिक सल्लाहकार अब्दुल्लाह ओथमानले पुष्टि गरेका छन् । ५३ वर्षका अल-इस्लाम सन् २०११ मा उनका पिता अपदस्थ भएदेखि नै जिन्टानमा बस्दै आएका थिए । बिचमा केही वर्ष जेलमा परी सन् २०१७ पछि कैदमुक्त भएका अल-इस्लाम राजनीतिमा फर्कने तयारीमा थिए ।

जिन्टानस्थित अल-इस्लामको घर पसेका 'चारजना नकाबधारी व्यक्ति'ले अन्धाधुन्ध गोली हानी उनको हत्या गरेको भनिएको छ । सन् २०११ को विद्रोहअघि धेरैले सैफ अल-इस्लामलाई आफ्नो पिताको उत्तराधिकारीका रूपमा हेर्थे । पिताको शासनकालमा उनी लिबियाका दोस्रो सबैभन्दा शक्तिशाली व्यक्ति मानिन्थे ।

तर, अरब बसन्तको लहरमा लिबियामा उठेको विरोध प्रदर्शनको परिणामस्वरूप लिबियामा गद्दाफीको शासन ढल्यो र अल-इस्लाम शक्तिहीन बने । अक्टोबर २०, २०११ मा सिर्तेमा आफ्ना बुबा तथा भाइ मुतासिमको मृत्युपछि उनी भूमिगत भएका थिए । उनलाई पछि पत्रेर जिन्टानमै कैद गरियो । पिताको शासनकालमा विरोधीहरूविरुद्ध यातना र चरम हिंसा गरेको धेरै आरोप लगाइएको थियो । तर, सन् २०१७ मा सो सहर कब्जामा लिने अबु बकर अल-सिद्दिक बटालियनले आममाफीअन्तर्गत उनलाई रिहा गऱ्यो ।

त्यसपछि उनी वर्षौंसम्म सार्वजनिक रूपमा पुनः देखा परेनन् । उनी वर्षौंपछि नोभेम्बर २०२१ मा लिबियाको राष्ट्रपति पदका लागि उम्मेदवारी दिन सेभा सहरमा सार्वजनिक भए । सुरुमा उनलाई निर्वाचनमा उम्मेदवारी दिन प्रतिबन्ध लगाइएको थियो । पछि उनलाई पुनर्स्थापित गरिएको थियो, तर लिबियाको अशान्त राजनीतिक अवस्थाको परिणामस्वरूप चुनाव भएन ।

इरानमाथिको सम्भाव्य अमेरिकी सैन्य कारबाहीले निम्त्याउने क्षेत्रीय जोखिम

अहिले कुनै पनि अमेरिकी सैन्य कारबाहीले पछि अनपेक्षित परिणाम निम्त्याउन सक्छ



● फराह एन जान

जान युनिभर्सिटी अफ पेन्सल्भेनियामा इन्टरनेसनल रिलेसनकी वरिष्ठ उपप्राध्यापक हुन् ।



कुनै राष्ट्रको आणविक कार्यक्रमलाई नष्ट गर्ने उद्देश्यले अमेरिकी सैन्य धम्की वा हमलाले अन्तर्राष्ट्रिय संरचनालाई पनि कमजोर बनाउँछ

संयुक्त राज्य अमेरिका इरानमाथि सम्भावित हमलातर्फ अघि बढिरहेको देखिन्छ । जनवरी २८ मा राष्ट्रपति डोनाल्ड ट्रम्पले इस्लामिक गणतन्त्रलाई आफ्नो धम्की तीव्र पार्दै सुझाव दिए कि यदि तेहरान मागहरूको एउटा सेटमा सहमत भएन भने उनले 'द्रुत गति र हिंसाका साथ' आक्रमण गर्न सक्छन् । यो खतरालाई जोड दिन पेन्टागनले विनाशकारी बमवर्षक र लडाकु जेटसहित विमानवाहक युएसएस अब्राहम लिंकनलाई देशको प्रहार दूरीभित्रका स्थानमा साऱ्यो ।

अमेरिकी प्रशासनले इरानका नेतालाई राखेका विभिन्न मागमध्ये प्रमुख भनेको देशको युरेनियम संवर्धन कार्यक्रमको स्थायी अन्त्य हो । यसले ब्यालिस्टिक क्षेप्यास्त्रहरूको विकासमा सीमितता र हमास, हिजबुल्लाह र हुथीलगायत मध्यपूर्वमा प्रोक्सी समूहलाई तेहरानको समर्थन तोड्न पनि आह्वान गरेको छ ।

ट्रम्पले यस क्षणलाई कमजोर अर्थतन्त्र र जनवरीको सुरुमा देशभर फैलिएको विशाल विरोध प्रदर्शनका कारण कमजोर बनेको इरानलाई निचोड्ने अवसरको रुपमा देखेका छन् । तर, मध्यपूर्वी सुरक्षा राजनीति र अस्त्र प्रसारको एक विद्वान्को रूपमा मलाई चिन्ता छ । अहिले कुनै पनि अमेरिकी सैन्य कारबाहीले पछि व्यापक रूपमा अनपेक्षित परिणाम निम्त्याउन सक्छ । यसमा तीव्र विश्वव्यापी आणविक प्रसारको सम्भावना पनि समावेश छ, भलै इरानी सरकार आफ्नो वर्तमान संकटको क्षणबाट बच्न सक्षम होस वा नहोस् ।

इरानको सीमा पाठ

अमेरिकाले सैन्य बल प्रयोग गरे पनि इस्लामिक गणतन्त्रको पतन निश्चित छैन । इरान द्रुत पतनका लागि कमजोर राज्य पनि होइन । नौ करोड ३० लाख जनसंख्या र पर्याप्त राज्य क्षमताको साथ तेहरानमा संकटबाट बच्न निर्मित तहगत जबर्जस्ती उपकरण र सुरक्षा संस्था छन् । शासनको हजारौं सैन्य शाखा र इस्लामिक रिभोलुसनरी गार्ड रहेको अनुमान गरिएको छ र यसले सहायक सेनालाई आदेश दिन्छ वा परिचालन गर्न सक्छ ।

४७ वर्षको शासनपछि इस्लामिक गणतन्त्रका संस्था इरानी समाजमा गहिरो रूपमा गडेका छन् । यसबाहेक, नेतृत्वमा हुने कुनै पनि परिवर्तनले सम्भवतः स्पष्ट धक्का दिनेछैन । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले जनवरी २८ मा अमेरिकी सदनमा सांसदलाई इरानी सरकार ढल्यो भने के हुन्छ भन्ने 'कुनै सरल उत्तर' नभएको बताए । सत्ताको बागडोर कसले सम्हाल्छ भन्ने केही थाहा हुनेछैन् । निर्वासित विपक्षी विभाजनले टुक्राटुक्रा भएको छ, घरेलु वास्तविकताबाट अलगिएको छ, यति ठुलो र विभाजित देशलाई शासन गर्ने संगठनात्मक क्षमताको अभाव छ ।

अनि यो अनिश्चितताका खतरा निहित छ । इरान एक 'थ्रेसहोल्ड राज्य' हो, आणविक हतियार उत्पादन गर्ने प्राविधिक क्षमता भएको तर उत्पादनको अन्तिम रेखा पार गरेको देश । अस्थिर थ्रेसहोल्ड राज्यले तीनवटा जोखिम निम्त्याउँछ, आणविक सामग्री र वैज्ञानिकमाथि केन्द्रीकृत कमान्ड गुमाउनु, गुटहरूलाई विशेषज्ञता निर्यात गर्न प्रोत्साहन गर्नु र पतन हुनुअघि सीमा सुरक्षित गर्न दौडिरहेका अभिनेता ।

इतिहासले चेतावनी दिन्छ । १९९० को दशकको सुरुवातमा सोभियत संघको पतनले आणविक सामग्रीको अवस्थामा चिन्ता उत्पन्न गऱ्यो । यसैबिच पाकिस्तानको आणविक कार्यक्रमको तथाकथित पिता वरिपरि केन्द्रित ए.क्यु खान नेटवर्कको गतिविधिले प्रमाणित गऱ्यो कि विशेषज्ञता यात्रा गर्छ खान नेटवर्क उत्तर कोरियादेखि लिबिया र इरानसम्म यात्रा गऱ्यो ।

आक्रमणमार्फत सन्देश

शासन परिवर्तन भए वा नभए पनि कुनै पनि अमेरिकी सैन्य कारबाहीले विश्वव्यापी प्रसारमा गहिरो प्रभाव पार्छ । थ्रेसहोल्ड राज्यको रूपमा इरानको स्थिति रणनीतिक संयमको विकल्प भएको छ । तर, जब जुन २०२५ मा इजरायल र अमेरिकाले इरानको आणविक सुविधामा प्रहार गरे, त्यो आक्रमण र पछिल्लो ट्रम्प धम्कीले स्पष्ट सन्देश दिन्छ कि इरानलाई पनि आक्रमणको जोखिम छ ।

आणविक आकांक्षा भएका अन्य राष्ट्रका लागि सन्देश स्पष्ट छ । पश्चिमासँगको सम्बन्ध सामान्यीकरणको बदलामा लिबियाले २००३ मा आफ्नो आणविक कार्यक्रम त्यागेको थियो । तर, आठ वर्षपछि लिबियाली विद्रोहीको समर्थनमा नेटोको हवाई आक्रमणले लामो समयदेखि शक्तिशाली नेता मुहमर गद्दाफीलाई पत्राउपछि हत्या गरेको थियो ।

युक्रेनले १९९४ मा रुस, अमेरिका र बेलायतबाट सुरक्षा आश्वासनका लागि आफ्नो आणविक हतियार त्यागेको थियो । तर, २० वर्षपछि २०१४ मा रुसले २०२२ मा प्रत्यक्ष आक्रमण सुरु गर्नुअघि क्रिमियालाई आफ्नो कब्जामा लियो । अब हामी इरानलाई सूचीमा थप्न सक्छौं, देशले संयम अपनायो, तैपनि २०२५ मा अमेरिकी बमले आक्रमण गऱ्यो र अब सम्भावित फलो-अप आक्रमणको सामना गरिरहेको छ ।

यहाँ इरानी वरिष्ठ सल्लाहकार मेहदी मोहम्मदीको पाठ बिर्सन सकिँदैन । जनवरी २७ मा सरकारी टिभीमा बोल्दै उनले भने कि वासिंटनको माग 'तेहरानलाई निःशस्त्र बनाएर वासिंटनले चाहेका बेला प्रहार गर्ने हो ।'

यदि इरानी नेतृत्व कुनै पनि अमेरिकी आक्रमणबाट बच्न सफल भयो भने मलाई विश्वास छ, उनीहरूले इरानको हतियार कार्यक्रमलाई लगभग दोब्बर बनाउनेछन् ।

आइएइएको विश्वसनीयतामा प्रश्न

कुनै राष्ट्रको आणविक कार्यक्रमलाई नष्ट गर्ने उद्देश्यले अमेरिकी सैन्य धम्की वा हमलाले अन्तर्राष्ट्रिय संरचनालाई पनि कमजोर बनाउँछ । अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीले इजरायल र अमेरिकी हमलासम्म डिजाइनअनुसार काम गरिरहेको थियो । इरानमाथि आइएइएको निगरानी निरीक्षण व्यवस्थाले काम गरेको एउटा प्रमाण थियो । सैन्य हमला वा तिनीहरूको विश्वसनीय धम्कीमा निरीक्षकहरूलाई हटाउने, अनुगमन निरन्तरतामा बाधा पुऱ्याउने समावेश छ । यदि नियम पालना गर्दा कुनै सुरक्षा प्रदान गर्दैन भने नियम किन पालना गर्ने ? आइएइएको विश्वसनीयता र आणविक चिन्तालाई कम गर्न अन्तर्राष्ट्रिय कूटनीति र अनुगमनको सम्पूर्ण प्रणालीको विश्वास खतरामा छ ।

डोमिनो प्रभाव

आफ्नो आणविक विकल्पको मूल्यांकन गर्ने हरेक राष्ट्रले अमेरिका र इरानबिचको यो पछिल्लो गतिरोध कसरी अन्त्य हुन्छ भनेर हेरिरहेका छन् । इरानको क्षेत्रीय प्रतिद्वन्द्वी साउदी अरेबियाले आफ्नो आणविक महत्त्वाकांक्षाबारे कुनै गोप्य कुरा राखेको छैन, युवराज मोहम्मद बिन सलमानले सार्वजनिक रूपमा घोषणा गरेका छन् कि यदि इरानले आणविक हतियार बनाएमा साउदीले पनि बनाउनेछ ।

तैपनि, इरानमाथि अमेरिकी हमलाले वासिंटनका खाडी सहयोगीलाई आश्वस्त पार्नेछैन । बरु, यसले उनीहरूलाई अस्थिर बनाउन सक्छ । जुन २०२५ मा इरानमाथि अमेरिकी हमला साउदी अरेबिया वा इरानलाई होइन, इजरायललाई बचाउन गरिएको थियो । खाडी नेताहरूले निष्कर्ष निकाल्न सक्छन् कि अमेरिकी सैन्य कारबाहीको प्रवाह उनीहरूलाई नभई अमेरिकी छनोटका देशलाई मात्र हुनेछ ।

उदाहरणका लागि, आणविक शक्ति सम्पन्न पाकिस्तानसँग साउदी अरेबियाको बढ्दो रक्षा सहयोगले अमेरिकी अविश्वसनीयता र क्षेत्रीय अस्थिरताविरुद्धको बचावको प्रतिनिधित्व गर्छ । खाडी राज्यले पाकिस्तानी सैन्य क्षमतामा ठुलो लगानी गरेको छ ।

यसैबिच, टर्की नेटोको आणविक व्यवस्थाबाट चिढिएको छ र बारम्बार उसको निष्पक्ष क्षमतामा चासो देखाएको छ । राष्ट्रपति रेसप तैयप एर्दोगानले २०१९ मा प्रश्न गरेका थिए कि यस क्षेत्रका अरूसँग आणविक हतियार हुँदा टर्कीले किन आणविक हतियार राख्नुहुँदैन ? इरानमाथिको आक्रमण, विशेषगरी टर्कीले विरोध गर्ने आक्रमणले सम्भावित रूपमा गम्भीर स्वदेशी हतियार कार्यक्रमलाई उत्प्रेरित गर्न सक्छ ।

उदाउँदो प्रति-व्यवस्था

अरब खाडी राजतन्त्रले यी जोखिम निश्चित रूपमा बुझेका छन्, जसले इरानविरुद्ध सैन्य कारबाहीविरुद्ध ट्रम्प प्रशासनलाई पैरवी गर्नुको कारण व्याख्या गर्न केही हदसम्म मद्दत गर्छ ।

अमेरिकी नेतृत्वमा रहेको क्षेत्रीय सुरक्षा संरचना पहिले नै तनावमा छ । यदि खाडी साझेदारले आफ्नो सुरक्षा सम्बन्धलाई विविधीकरण गरे र अमेरिकी अप्रत्याशितताबाट बच्न सके भने यो अझ भड्कने जोखिममा छ । फलस्वरूप, ट्रम्प प्रशासनको धम्की र इरानविरुद्ध सम्भावित हमलाले अमेरिकी प्रभाव बढाउने होइन, बरु क्षेत्र प्रभावका प्रतिस्पर्धात्मक क्षेत्रमा विभाजित हुँदा कम प्रासंगिकता निम्त्याउन सक्छ ।

सायद सबैभन्दा डरलाग्दो कुरा मलाई डर छ कि यसले प्रत्येक आकांक्षी आणविक राज्यलाई बम राखेर मात्र सुरक्षा प्राप्त गर्न सकिन्छ भनेर सिकाउन सक्छ ।

द कन्भर्सेसनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २२ माघ ०८२

अब बिमामा हुने अपराधमा 'बिमा कसुर'कै मुद्दा

सबै जिल्ला अदालतलाई कारबाही गर्ने अधिकार दिन न्यायपरिषद्को सहमति

नयाँ पत्रिका

सरकारले 'बिमा कसुर'को मुद्दा अघि बढाउन नीतिगत रूपमा बाटो खुलाउने भएको छ। नीतिगत निर्णय अभावको कारण हालसम्म बिमा क्षेत्रमा हुने अपराधलाई ठगी मुद्दाको रूपमा मात्रै अघि बढाउने गरिएको थियो। तर, अब बिमा क्षेत्रमा हुने अपराधलाई 'बिमा कसुर' मुद्दाकै रूपमा अघि बढाउने गरी सरकारले नीतिगत बाटो खुला गर्न लागेको हो। यसका लागि न्यायपरिषद्को सचिवालयले सरकारलाई परामर्शसमेत दिइसकेको छ।

बिमा ऐन, २०७९ को दफा १४० मा बिमा कसुरसम्बन्धी व्यवस्था छ। नेपाल बिमा प्राधिकरणबाट इजाजत नलिई बिमा व्यवसाय गर्ने, अभिकर्ता तथा मध्यस्थकर्ताको काम गर्न, किर्ते गर्ने, नक्कली दाबी पेस गर्ने, मिलेमतोमा गलत दाबी भुक्तानी दिने, गलत नियतले क्षति मूल्यांकन गर्ने, बिमितलाई नोक्सानी पुऱ्याउने, व्यवसाय सञ्चालनमा आर्थिक दुरुपयोग गर्नेलगायतका प्रयोजनलाई कसुरको रूपमा परिभाषा गरिएको छ। यो फौजदारी अर्थात् सरकारवादी मुद्दा हुनेछ। सोही ऐनको दफा १४७ मा यस्तो कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेर तोकेको अदालतलाई हुने भनिएको छ। तर, सरकारले हालसम्म यस सम्बन्धमा कुनै अदालतलाई अधिकार दिएको छैन।

त्यसले गर्दा बिमा क्षेत्रमा हुने अपराधसम्बन्धी मुद्दा ठगीअन्तर्गत अघि बढाउने गरिएको थियो। त्यसले गर्दा अपराधअनुसार कारबाही हुनेमा आशंका थियो। तर, अब यस्तो मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिने तयारीमा सरकार छ।

नियामक निकाय बिमा प्राधिकरणको प्रस्तावमा सरकारले सबै जिल्ला अदालतलाई यसको अधिकार प्रदान गर्न लागेको हो। यसका लागि बुधबार बसेको न्यायपरिषद्को बैठकले ७७ जिल्ला अदालतलाई यस्तो अधिकार दिन सरकारलाई सहमति दिने निर्णयसमेत गरिसकेको छ। 'बिमा ऐन, २०७९ को दफा १४७ को उपदफा (१)को कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने प्रयोजनार्थ ७७ वटा जिल्ला अदालतलाई तोक्न परामर्श दिने,' न्यायपरिषद्को निर्णयमा उल्लेख छ।

सम्भवतः अब यही आधारमा सरकारले सबै जिल्ला अदालतलाई कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार तोक्नेछ। त्यसपछि बिमा क्षेत्रमा हुने अपराधको मुद्दा 'बिमा कसुर'को रूपमा अघि बढ्नेछ। प्रहरीले पनि सोहीअनुसार अनुसन्धान अघि बढाउनेछ। जसरी बैंकिङ क्षेत्रमा हुने अपराधको मुद्दा 'बैंकिङ कसुर'अन्तर्गत अघि बढ्छ। त्यसैगरी



● **साम्भराज लामिछाने**
निर्देशक, नेपाल बिमा प्राधिकरण

न्यायपरिषद्ले परामर्श प्रदान गरेको हो। अब त्यसकै आधारमा मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्छ। त्यसपछि तोकिएका जिल्ला अदालतले बिमा कसुरको मुद्दामा कारबाही अघि बढाउन सक्नेछन्। प्रहरीले पनि बिमा कसुर नै भनेर अनुसन्धान अघि बढाउन सक्छ। यसअघि पनि बिमा कसुरसम्बन्धी अपराध हुने गरेको थियो। तर, अदालतलाई कारबाहीको अधिकार नदिँदा प्रहरीले यस्ता कसुरलाई ठगी मुद्दामा अघि बढाउने गरेको थियो। तर, अब बिमा कसुर नै भनेर मुद्दा अघि बढ्नेछ।

बिमा क्षेत्रमा हुने अपराधको मुद्दा भने 'बिमा कसुर'को रूपमा अघि बढ्नेछ।

नेपाल बिमा प्राधिकरणका निर्देशक साम्भराज लामिछानेले प्राधिकरणकै प्रस्तावअनुसार सबै जिल्ला अदालतलाई बिमा कसुर मुद्दाको कारबाही अघि बढाउने अधिकार दिन लागिएको बताए। उनले भने, 'यसअघि पनि बिमा कसुरसम्बन्धी अपराध हुने गरेको थियो। तर, अदालतलाई कारबाहीको अधिकार नदिँदा प्रहरीले यस्ता कसुरलाई ठगी मुद्दामा अघि बढाउने गरेको थियो। तर, अब बिमा कसुर नै भनेर मुद्दा अघि बढ्नेछ। त्यो भएपछि यस्ता मुद्दामा अनुसन्धान र कारबाही पनि प्रभावकारी हुने अपेक्षा लिएका छौं।' जिल्ला अदालतमा पुगेपछि यस्ता मुद्दा नियमित चक्रअनुसार उच्च अदालत हुँदै सर्वोच्च अदालतसम्म पुग्न सक्नेछन्।

योबाहेक दाबी भुक्तानीलगायतका बिमा सेवासम्बन्धी विवादका मुद्दा भने प्राधिकरणबाटै अघि बढ्नेछ। बिमा सेवासम्बन्धी विवादका मुद्दामा अनुसन्धान गरेर कारबाही गर्न प्राधिकरणलाई जिल्ला अदालतसरहको अधिकार ऐनले दिएको छ। 'बिमा सेवासम्बन्धी मुद्दा पहिलो चरणमा प्राधिकरणबाटै अघि बढ्नेछ। पछि पुनरावलोकन प्रक्रियामा उच्च अदालत हुँदै सर्वोच्च अदालतसम्म नै पुग्छ,' लामिछानेले भने, 'अपराधसँग जोडिएका मुद्दा भने अब बैंकिङ कसुरको रूपमा अघि बढ्नेछ। जुन सीधै जिल्ला अदालतको अधिकार क्षेत्रभित्र पर्छ। त्यसमा प्रहरीबाट अनुसन्धान गर्न सकिन्छ।'

बिमा ऐनमा अनुमति नलिई बिमा व्यवसाय गर्नेलाई बिगोको तेब्बर र पाँचदेखि १० वर्षसम्म कैद सजाय हुने व्यवस्था छ। अनुमति नलिई अभिकर्ता बनेमा, कम्पनीले अभिकर्तासँग मिलेर किर्ते गरी दाबी भुक्तानी दिएमा र बिमितले नक्कली दाबी गरेमा बिगो बराबरको जरिवाना वा तीन वर्षसम्म कैद हुने व्यवस्था छ।


यो वर्ष भारत र बंगलादेशमा २३ अर्ब ७३ करोडको विद्युत् निर्यात

गत वर्षको तुलनामा विद्युत् निर्यातबाट आठ अर्बभन्दा बढी आम्दानी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालले भारत र बंगलादेशतर्फ २३ अर्ब ७३ करोड ४५ लाख रुपैयाँको बिजुली निर्यात गरेको छ। नेपाल विद्युत् प्राधिकरणले यो वर्ष जेठदेखि पुससम्म सो रकमबराबरको विद्युत् निर्यात गरेको जनाएको छ।

प्राधिकरणको तथ्यांकअनुसार गत जेठ र असारमा चार अर्ब ३१ करोड ८१ लाख रुपैयाँको बिजुली निर्यात भएको छ। प्राधिकरणले राष्ट्र बैंकमा बुझाएको एक प्रारम्भिक तथ्यांकमा साउनदेखि पुससम्म अर्थात् चालू आवको पहिलो ६ महिनामा भने १९ अर्ब ४१ करोड ६४ लाख रुपैयाँबराबरको बिजुली निर्यात भएको छ। ६ महिनाको यो तथ्यांक राष्ट्र बैंकबाट प्राप्त भएको हो। यसरी यो बर्खामा पौने २४ अर्ब रुपैयाँबराबरको बिजुली निर्यात भएको देखिन्छ। प्राधिकरणले यससम्बन्धी अन्तिम तथ्यांक सार्वजनिक भने गरिसकेको छैन।



प्राधिकरणले बर्खाको समयमा भारत र बंगलादेशमा विद्युत् निर्यात गर्छ। प्राधिकरणले असार १ गतेदेखि कात्तिक ३० गतेसम्म भारतीय प्रसारणलाइन प्रयोग गरेर बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गरेको छ। त्यस अवधिमा १४७.४३ गिगावाट आवर विद्युत् निर्यात हुँदा ९४ लाख ३६ हजार डलर आम्दानी भएको छ।

गत वर्ष ०८१ मा १६ अर्ब ७३ करोड ९० लाख रुपैयाँको बिजुली निर्यात भएको थियो। त्यसमध्ये जेठ र असारको सिजनमा तीन अर्ब ६४ करोड ५१ लाख र साउनदेखि पुससम्मको सिजनमा १३ अर्ब नौ करोड ३९ लाख रुपैयाँ हाराहारीको बिजुली निर्यात भएको थियो। ०८० को बर्खामा भने १५ अर्ब २४ करोड रुपैयाँको विद्युत् भारततर्फ निर्यात गरिएको थियो।

नेपालका अधिकांश जलविद्युत् आयोजनाहरू नदी प्रवाह (आरओआर)मा आधारित छन्। त्यसअनुसार बर्सातमा खोलामा पानी बढी हुँदा विद्युत् उत्पादन पनि बढी हुन्छ। जुन समयमा भारतमा बिजुली निर्यातसमेत गर्न सकिन्छ। हिउँदमा खोलामा पानी कम हुँदा भने विद्युत् उत्पादन पनि स्वतः कम हुन्छ, त्यसबेला भने यहाँको माग धान्न भारतबाटनै विद्युत् आयात गर्नुपर्छ। हिउँदमा नेपालमा क्षमताको ३० प्रतिशत मात्रै विद्युत् उत्पादन हुने गर्छ। प्राधिकरणले सामान्यतः जेठदेखि पुससम्म विद्युत् निर्यात गर्दै आएको छ। अन्य समयमा भारतबाटै आयात गर्नुपर्छ। अहिले पनि भारतबाट झन्डै ६ सय मेगावाट हाराहारीमा विद्युत् आयात भइरहेको छ।

नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता राजन ढकालले यो वर्ष विद्युत् निर्यात उच्चदरमा बढेको बताए। 'विद्युत् उत्पादन बढ्दै गएको छ। तर, त्यसको तुलनामा आन्तरिक खपत बढ्न सकेको छैन। यहाँ खपत नभएपछि विद्युत् निर्यात नै गर्नुपर्छ। त्यसमाथि यसपालि भारतमा निर्यात गर्न पाउने विद्युत्को स्वीकृत कोटा पनि बढेको छ,' उनले भने, 'त्यसले गर्दा यो वर्ष विद्युत् निर्यात उच्चदरमा बढ्यो। आगामी वर्षमा पनि विद्युत् निर्यात बढ्दै जाने विश्वास छ। तर, आन्तरिक खपत पनि बढाउँदै जानुपर्नेछ। नेपालमा खपत भएर बाँकी हुने विद्युत् मात्रै निर्यात गर्ने हो।'

भारतमा विद्युत् निर्यात गर्न त्यहाँको केन्द्रीय विद्युत् प्राधिकरणबाट आयोजना नै तोकेर स्वीकृति लिनुपर्छ। हाल त्यहाँबाट विद्युत् निर्यात गर्न पाएको कोटा झन्डै १२ सय मेगावाट छ। प्राधिकरणले यो वर्ष भारतमा १२ सय मेगावाट हाराहारीमै विद्युत् निर्यात गरेको थियो।

बंगलादेशमा विद्युत् निर्यातबाट भित्रियो ९४ लाख ३६ हजार डलर

यो वर्ष बंगलादेशमा विद्युत् बिक्री गरेर ९४ लाख ३६ हजार डलर आम्दानी गरेको छ। प्राधिकरणले जुन १५ देखि नोभेम्बर १५ तारिख (असारदेखि कात्तिकसम्म ४० मेगावाट विद्युत् निर्बाध रूपमा दिने गरी बंगलादेशसँग सम्झौता गरेको थियो। त्यसमा नेपालले प्रतियुनिट ६.४० सेन्ट पाउनेछ। यो वर्ष असारदेखि कात्तिकसम्म १४७.४३ गिगावाट आवर अर्थात् १४ करोड ७४ लाख ३० हजार युनिट बिजुली निर्यात भएको छ। त्यसबापत ९४ लाख ३६ हजार डलर आम्दानी भएको छ। गत वर्ष ३० कात्तिकमा बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्दा २९ हजार डलर आम्दानी भएको थियो। गत मंसिर दोस्रो साता बंगलादेशमा सम्पन्न संयुक्त ऊर्जासचिवस्तरीय बैठकमा नेपालबाट थप २० मेगावाट विद्युत् निर्यात गर्ने सहमति भएको छ। त्यो कार्यान्वयन भएपछि बंगलादेशमा कुल ६० मेगावाट विद्युत् निर्यात गर्न सकिनेछ। त्यो अवस्थामा बंगलादेशमा विद्युत् निर्यात गर्दा हुने आम्दानी थप बढ्नेछ।

तीन वर्षको विद्युत् निर्यात तथ्यांक

वर्ष	निर्यातबाट आम्दानी
०८२	२३ अर्ब ७३ करोड ४५ लाख
०८१	१६ अर्ब ७३ करोड ९० लाख
०८०	१५ अर्ब २४ करोड



चीन र मलेसियाका व्यवसायी रुपन्देहीमा लगानी गर्न तयार

अन्तर्राष्ट्रिय विमानस्थल, कच्चा सामग्री ल्याउन सहज ढुवानीलगायतका कारण यस क्षेत्रबाट उत्पादन तथा निर्यातको सम्भावना रहेको भनाइ

बुटवल/ रुपन्देहीकेन्द्रित उद्योग क्षेत्रमा आफ्नो प्रविधि र लगानी गर्न तयार रहेको चीन र मलेसियाका लगानीकर्ताले बताएका छन्। अन्तर्राष्ट्रिय विमानस्थल, कच्चा सामग्री ल्याउन सहज, पहाडी इलाका, जनशक्तिको पर्याप्तता, ढुवानी सहजतालगायतका कारण यस क्षेत्रमा भएको उत्पादन निर्यातको सम्भावना देखिएको उनीहरूको भनाइ छ। मलेसियाका स्टेवार्ड चोङ, चीनका जोएसन छिन, भेलिरिन क्विन, मार्क लाइकको टोलीले यो क्षेत्रको फोहोर प्रशोधन गरी वस्तु उत्पादन तथा निर्यात गर्न सकिने सम्भावनासहितका धारणा राखेका छन्। टोलीको नेतृत्व गरेका मलेसियाको जेबिसी र जेडिएफका अध्यक्षसमेत रहेका स्टेवार्ड चेनले नेपालीले आयात गर्ने नभई निर्यात गर्ने वस्तु उत्पादन गर्नुपर्ने बताएका छन्।

उनीहरूको भ्रमण टोलीलाई संयोजन गरेका पूर्वमन्त्री तथा प्रदेश सभा सदस्य विष्णु पन्थीले कानुनी उल्झन नभए र लगानीको वातावरण बनाउन सके यस्ता खालका लगानीकर्ता धेरै आउन चाहेको बताए। 'चाइनिज, मलेसियनसहित विश्वका धेरै देशका लगानीकर्ता यहाँको प्रशस्त सम्भावना देखेर लगानीका लागि तयार छन्, तर यहाँ ससाना स्वार्थका कारण हुने विवादमा उनीहरू जोडिन चाहँदैनन्,' उनले भने।

यो टोलीले रुपन्देही उद्योग संघको टोलीसँग यहाँ आएर लगानीको वातावरणका विषयमा पनि छलफल गरेको छ। संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले लगानी अध्ययनका लागि आएको टोली यहाँको वातावरण हेरेर निकै सन्तुष्ट भएको र अब यसका विषयमा सबैले चासो दिएर समन्वय गर्नुपर्ने जनाए। 'चिनियाँ र मलेसियन लगानीकर्ताको टोलीले यहाँ लगानी गरेर निर्यात गर्न सकिने विषयमा हामीसँग मिहीन छलफल चलाएको छ, यसमा हामीहरू सकारात्मक छौं,' उनले भने।

सर्वसाधारणलाई ग्यास पाउन मुस्किल

तर निगम भन्छ– मागभन्दा बढी आयात भइरहेको छ

नयाँ पत्रिका

नेपाल आयल निगमले बजार मागको तुलनामा बढी ग्यास आयात गरिरहेको दाबी गरेको छ। सिलिन्डर लिन गएका सर्वसाधारणलाई खुद्रा ग्यास बिक्रेताले अझै एक साता सहज नहुने बताउदै आएपनि निगमले भने औषतभन्दा तेब्बर बढी ग्यास आयात भइरहेको जनाएको छ। निगमका कार्यकारी निर्देशक डा. चण्डिका भट्टले दैनिक औसत माग ९० टन भए पनि तीन दिनयता औसतभन्दा बढी आयात भइरहेको जानकारी दिएका हुन्।



उनका अनुसार शनिबार एक सय १८ बुलेट, सोमबार एक सय १५ बुलेट र मंगलबार एक सय ३२ बुलेट ग्यास इन्डियन आयल कर्पोरेसनको बरौनी, हल्दिया, मथुरा र पारादिप रिफाइनरीमा लोड भएको छ। सय बुलेटबाट करिब एक लाख २५ हजार सिलिन्डर ग्यास भर्न पुग्छ। अहिले दैनिक औसत माग एक लाख थान सिलिन्डर छ। तर, पछिल्लो समय माग ह्वात्तै बढेका कारण अहिले आयात भइरहेको परिमाणले पनि धान्न मुस्किल भइरहेको हो।

निगमका अनुसार तीन दिनमा ग्यास लोड भएको बुलेटबाट चार लाख ६२ हजार पाँच सय थान सिलिन्डरमा भरेर बजार पठाउन पुग्नेछ। भट्टले लोड भएका केही बुलेट नेपाल प्रवेश गरिसकेकाले चाँडै सहज आपूर्ति हुने दाबी गरे। 'आइओसी टर्मिनलमा लोड भएमध्ये केही बुलेट बाटोमा छन् र आजै (बुधबार) नेपाल प्रवेश गर्नेछन्। तसर्थ, उपभोक्ताहरूलाई अनावश्यक रूपमा ग्यास स्टक नगरिदिनुहुन अनुरोध छ,' उनले भने।

दुई सातादेखि ग्यास आपूर्ति असहज भइरहेकाले खाली सिलिन्डरसमेत भरेर राख्न थालेका छन्। जसकारण, सामान्य अवस्थाको तुलनामा माग बढेर अहिले आपूर्ति सहज गर्न कठिनाइ भइरहेको निगमको दाबी छ।

काठमाडौं उपत्यकामा तुलनात्मक रूपमा धेरै उपभोक्ता रहेका नेपाल ग्यासले पनि बुधबारबाट कार्यतालिका नै प्रकाशित गरेर ग्यास वितरण थालेको छ। बुधबार काठमाडौं जिल्लामा रहेका ८४ डिलरबाट ६ हजार ८ सय ७० थान ग्यास सिलिन्डर बजार पठाएको कम्पनीले जनाएको छ। भारतमा ग्यास लोडिङसम्बन्धी समस्या पनि हल भइसकेको कम्पनीले विज्ञप्तिमार्फत जानकारी दिएको छ।

ग्यास ढुवानीमा प्रयोग भइरहेको भारतीय बुलेटको संख्या घट्दा आयातमा समस्या भएको हो। करिब सात सय बुलेट प्रयोग भइरहेकोमा अहिले डेढ सय बुलेट कटौती भइसकेको ग्यास उद्योग संघले जनाएको छ। भारतीय बुलेट व्यवसायीले ढुवानी भाडा वृद्धि गर्न दबाब दिँदै नेपालमा ग्यास ढुवानीमा समस्या सिर्जना गरेका हुन्। काठमाडौं उपत्यकामा करिब २५ ब्रान्डका ग्यास सिलिन्डर प्रयोगमा छन्।

■ भारत-अमेरिका व्यापार सम्झौताको फाइदा

डलरको मूल्यमा एकै दिन दुई रुपैयाँको गिरावट

नयाँ पत्रिका

भारत र अमेरिकाबिच व्यापार सम्झौता भएसँगै नेपाली बजारमा अमेरिकी डलरको मूल्य एकै दिन दुई रुपैयाँले घटेको छ। भारत र अमेरिकाबिचको व्यापार द्वन्द्वका कारण भारतमा डलर बलियो हुँदा नेपालमा पनि यसको मूल्य बढेको थियो। तर, मंगलबार दुई देशबिच व्यापार सम्झौता भएको घोषणासँगै भारतीय बजारमा डलरको मूल्य घट्न थालेको छ। नेपाल र भारतबिच रहेका स्थिर विनिमय मूल्यका कारण नेपालमा पनि डलरको मूल्य घटेको हो।

राष्ट्र बैंकले मंगलबार एक डलरको खरिद मूल्य १४६.१३ रुपैयाँ र बिक्री मूल्य १४६.७३ रुपैयाँ तोकेको थियो। बुधबार त्यो दुई रुपैयाँले घटेर खरिद मूल्य १४४.१३ रुपैयाँ र बिक्री मूल्य १४४.७३ रुपैयाँमा सीमित भएको छ। डलरको मूल्य घट्नु भनेको नेपाली मुद्रा बलियो हुनु पनि हो। गत सोमबार डलरको खरिद मूल्य १४६.८८ र बिक्री मूल्य १४७.४८ रुपैयाँ थियो, जुन हालसम्मकै उच्च हो।

नेपाली मुद्रा भारतीय मुद्रासँग पेग (विनिमयदर स्थिर) छ। त्यो अवस्थामा भारतमा डलरको मूल्य बढ्दा नेपालमा बढ्ने र भारतमा घट्दा नेपालमा पनि घट्ने हुन्छ। विगतमा भारत र अमेरिकाबिचको व्यापार द्वन्द्वले भारतको डलरको मूल्य बढ्दै गएको थियो। अमेरिकाले भारतीय वस्तुको आयातमा लाग्ने करको दर गत २७ अगस्ट (११ भदौ)देखि २५ प्रतिशतबाट बढाएर ५० प्रतिशत पुऱ्याएको थियो। त्यसपछि भारतबाट अमेरिकामा हुने निर्यात प्रभावित भएको थियो। भारतको निर्यातमा अमेरिका ठुलो बजार हो। तर, अमेरिकाले कर लगाएपछि भारतको निर्यात प्रभावित भई डलर आम्दानीमा असर परेको थियो। त्यसमाथि भारतको निर्यातमुखी क्षेत्रमा भएको विदेशी लगानीसमेत फिर्ता भइरहेको थियो। त्यसरी भारतमा डलरको माग बढी र आपूर्ति कम भएको थियो। त्यसले गर्दा डलरको मूल्य बढेको थियो। फलस्वरूप नेपालमा पनि यसको मूल्य बढेको थियो।

तर, अमेरिकाले अहिले भारतबाट आयात हुने वस्तुमा लगाउने कर ५० प्रतिशतबाट घटाएर १८ प्रतिशतमा सीमित गरेको छ, जुन यसअघि लगाइएको २५ प्रतिशत करभन्दा पनि कम हो। त्यसले भारतबाट अमेरिकातर्फ निर्यात बढ्ने अपेक्षा छ। साथै, विदेशी लगानी पनि आकर्षण हुने अपेक्षा गरिएको छ।

Neelakantha Municipality
Office Of Municipal Executive
Dhadingbesi, Dhading

Invitation For Bids

2nd Date of Publication: 5th Feburary, 2026

1. Neelakantha Municipality invites electronic bids from eligible bidders for the execution of below mentioned works under National Competitive Bidding Procedures.
2. The Detailes of projects are tabulated below.Bidding is open to all eligible Nepalese Bidders.

S.N	Identifiction No.	Name Of Project	"Estimated Amount(Without VAT and Contingencies including P.S) (NRs)"	Bank Address for Bid Document Fee	Bid Document Fee(NRs)	Bid Security Amount (NRs)	Bank Address for Bid Security Amount	Last Date Of Bid Submission	Bid Validity/Bid Bond Validity Period
1	NEE-NCB:-18/2082/83	Ward Stariya Sadak Staronati Neelakantha 12	5,761,235.55	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	3,000.00	145,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	9th March 2026, 12:00 Hrs	90 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.

3. Eligible bidder may obtained further information from PPMO's website www.bolpatra.gov.np/egp.
4. The Bid will be opened in the presence of Bidder's representative who choose to attened at 9th March,2026 of 14:00 Hrs at the office of Nelakantha Municipality,Dhadingbesi Dhading
5. Neelakantha Municipality,Dhadingbesi,Dhading reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

Chief Administrative Officer

नेसनल लाइफले कर्मचारीलाई दियो व्यावसायिक तालिम

काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले आफ्ना कर्मचारीको प्राविधिक क्षमता अभिवृद्धि तथा व्यावसायिक दक्षता विकास गर्न तीनदिने सीप विकास कार्यक्रम (इम्प्लोई स्किल इन्हान्समेन्ट प्रोग्राम) गरेको छ। कम्पनीले 'ट्रान्जिसनिङ टु द एज अफ आर्टिफिसियल इन्टेलिजेन्स' नारासहित पोखरामा उक्त कार्यक्रम गरेको हो।

कार्यक्रममा कम्पनीका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन टोली तथा विभागीय प्रमुखसहित देशभरिका शाखा कार्यालय तथा केन्द्रीय कार्यालयका प्रशासनिक कर्मचारी गरी कुल दुई सय ७० जनाको सहभागिता थियो। कम्पनीकी अध्यक्ष प्रेमाराज्यलक्ष्मी सिंहले कार्यक्रममा बिमा व्यवसाय निरन्तर रूपमा प्राविधिक विषय हुँदै गएको र आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी



तालिमले कम्पनीको व्यवसाय प्रवर्द्धनमा टेवा पुग्ने बताइन्।

उनले कार्यसम्पादन मूल्यांकनका आधारमा बेस्ट इम्प्लोई अवार्ड- २०८२ मा उत्कृष्ट ठहरिएका सातजना कर्मचारी रोहितकुमार श्रेष्ठ, जीवन बाराकोटी, नेमप्रसाद थारू, बेजोन कार्की, योगेश निरौला, नवीना खाती र रचना पराजुलीलाई नगदसहित सम्मान गरिन्।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले दक्ष कर्मचारीबाट नै उत्कृष्ट परिणाम प्राप्त गर्न सकिने बताए। कर्मचारीलाई प्रविधिमा सक्षम बनाई डाटा विश्लेषण तथा ग्राहक सेवा प्रणालीजस्ता उपकरणको प्रभावकारी प्रयोगबाट सेवा प्रवाहलाई छिटो, सरल र गुणस्तरीय बनाउन मद्दत पुग्ने गरी तालिमको व्यवस्था गरिएको बताए। त्यस्तै, ब्रोडवे इन्फोसिसका सन्देश भट्टराईले आर्टिफिसियल इन्टेलिजेन्सबारे विभिन्न उदाहरण प्रस्तुत गर्दै एआईसम्बन्धी प्रशिक्षण प्रदान गरेका थिए।

त्यसैगरी, पेसागत ज्ञान अभिवृद्धिका लागि सञ्चालन गरिएको परीक्षामा उत्कृष्ट नतिजासहित प्रथम, द्वितीय र तृतीय हुने क्रमशः केन्द्रीय कार्यालयका सुरक्षा सिंह, बेजोन कार्की र कीर्तिपुर शाखाका सिद्धार्थ महर्जनलाई नगद प्रोत्साहनसहित सम्मान गरिएको थियो। साथै, प्रदेशस्तरीय फुटसल प्रतियोगिताका विजेतालाई पनि सिइओ खत्रीले पुरस्कृत गरे।

सागर ग्रुपको प्रविधि एक्स्पो आजदेखि

काठमाडौं/ सागर ग्रुपको चौथो संस्करणको विशेष आइटी एक्स्पो बिहीबारदेखि सुरु हुँदै छ। काठमाडौंको कलंकीस्थित सागर ग्रुपको कर्पोरेट हाउस परिसरमा आयोजना हुने 'बेलियो एक्सपेरियन्स टेक्नोलोजी एन्ड लाइफस्टाइल मिट एन्ड ग्रिट' नामक उक्त एक्स्पो आगामी माघ २७ गतेसम्म हुनेछ। यो चौथो संस्करणको एक्स्पो हो।



सागर ग्रुपले बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै मेलाको तयारी पूरा भएको जानकारी दिएको छ। मेलामा प्रमुख प्रायोजक एक्स-ल्याबसहित ब्रदर, कोनिका मिनोल्टा, कास्प्रेस्की, नेक, माइक्रोप्याक, आइडिपी र ओडो ब्रान्डका प्रिन्टर, ल्यापटपसहित आधुनिक प्रविधिसम्बन्धी उत्पादनको प्रदर्शनी गरिनेछ। कार्यक्रममा सम्बन्धित ब्रान्डका प्रतिनिधि तथा प्राविधिक स्वयं उपस्थित भई आवश्यक जानकारी, डेमो तथा परामर्श प्रदान गर्ने सागर ग्रुपकी भाइस चेयरपर्सन बुद्धलक्ष्मी मानन्धरले बताइन्। ग्राहक, विक्रेता, तथा सरोकारवालालाई एउटै थलोमा भेला गराई सूचना प्रविधि क्षेत्रका नवीन प्रवृत्ति, नयाँ उत्पादन तथा बजारको अवस्थाबारे प्रत्यक्ष अन्तर्क्रिया गराउने उद्देश्य लिएको उनको भनाइ छ।

एक्स्पो अवधिभर उत्पादन तथा सेवा खरिद गर्ने ग्राहकहरूले विशेष छुट तथा अतिरिक्त सेवा प्राप्त गर्नेछन्। साथै, एक्स-ल्याब, ब्रदर, कोनिका मिनोल्टा ब्रान्डका नयाँ उत्पादन सार्वजनिक पनि गरिनेछ।

मञ्जुश्रीले ल्यायो सुपर सेफ लकर सुविधा

काठमाडौं/ मञ्जुश्री फाइनान्स लिमिटेडले आफ्ना ग्राहकका लागि 'मञ्जुश्री सुपर सेफ लकर' सुविधा ल्याएको छ। हाललाई यो सुविधा फाइनान्सको कर्पोरेट शाखा थापाथली र न्युरोडमा उपलब्ध गराइएको छ। साथै, ग्राहकको सहजताका लागि मञ्जुश्रीले विनाकुनै सेक्युरिटी डिपोजिटमै यो सेवा प्रदान गर्ने बताइएको छ। यो सेवामा सीमित अवधिका लागि छुट उपलब्ध गराइएको फाइनान्सले जनाएको छ।



विभिन्न आकारमा उपलब्ध यी लकरहरू उच्च प्रविधियुक्त सुरक्षा प्रणाली, फायरप्रुफ र नियन्त्रित वातावरणमा हुनेछन्। सुविधा लिन इच्छुक ग्राहकले आफूलाई पायक पर्ने, लकर सुविधा उपलब्ध रहेका जुनसुकै शाखाबाट लाभ उठाउन सक्नेछन्। हालसम्म २४ अर्ब निक्षेप संकलन तथा २०.५ अर्ब कर्जा प्रवाह गरेको यस फाइनान्सले २८ वटा शाखाका साथै एक विस्तारित काउन्टरबाट बैंकिङ सेवा दिइरहेको छ।

टिसिएलको एस-५के गुगल टिभी नेपाली बजारमा



काठमाडौं/ विश्वव्यापी इलेक्ट्रोनिक्स ब्रान्ड टिसिएलले अत्याधुनिक एस-५के क्युलेड टिभी सार्वजनिक गरेको छ। कम्पनीले ३२ र ४३ इन्च आकारमा यी उक्त मोडेलका टिभी सार्वजनिक गरेको हो। यो टिभीले क्युलेड प्रविधिको ज्वलन्त दृश्यानुभूति, एचभिए प्यानलको गहिरो कन्ट्रास्ट, डल्बी साउन्ड र गुगल टिभीको बुद्धिमान सुविधालाई एउटै ठाउँमा समेटेको बताइएको छ।

कम्पनीका अनुसार टिसिएल एस-५के क्युलेड गुगल टिभीले विशेष गरी प्रिमियम मनोरञ्जन चाहने युवापुस्ता, डिजिटल सामग्री र चलचित्र मन पर्ने परिवारलाई र स्मुथ गेमिङ अनुभव चाहने गेमरलाई लक्षित गरेको छ।

यो टिभीमा क्वान्टम डट प्रविधिले प्राकृतिक र जीवन्त रङ, भएको, एचभिए प्यानलले तीन गुण बढी कन्ट्रास्ट र १७८ डिग्रीभन्दा बढीको दृश्यकोण प्रदान गर्ने बताइएको छ। साथै, डल्बी अडियोको २.० च्यानल स्पिकर सिस्टमले थिएटरस्तरको ध्वनि अनुभूति दिने कम्पनीको दाबी छ।

अन्य सुविधामा स्टाइलिस मेटालिक डिजाइन, पूर्ण कनेक्टिभिटी र द्रुत प्रदर्शन रहेका छन्। ग्राहकले यस टिभीमा गुगल सहयोगीमार्फत भ्वाइस नियन्त्रण, हजारौं एप्सको पहुँच र द्रुत गेमिङ अनुभवका लागि गेम मोड सुविधा पाउनेछन्। यसलाई नेपालमा सिजी इलेक्ट्रोनिक्सले बिक्री-वितरण गर्दै आएको छ।

रोयल इनफिल्ड-३५० लन्च



काठमाडौं/ रोयल इनफिल्डले आफ्नो लोकप्रिय स्ट्रिट रोड्स्टर हन्टर-३५० पोखरामा लन्च गरेको छ। कम्पनीले काठमाडौंपछि पोखरास्थित सोरुममार्फत टेस्ट राइड र बुकिङसमेत खुलाएको छ। विश्वका सहरी जीवनशैलीबाट प्रेरित रङ, सुधारिएको सस्पेन्सन र सहज एर्गोनोमिक डिजाइनसहितको बिएसभिआई हन्टर-३५० पोखराका सहरी तथा पहाडी सडक दुवैका लागि उपयुक्त हुने कम्पनीको दाबी छ।

मोटरसाइकलमा स्लिप एसिस्ट क्लच, १६० एमएम ग्राउन्ड क्लियरेन्स, डुअल च्यानल एबिस, सुधारिएको सिट र ट्रिप नेभिगेटरजस्ता सुविधा समावेश छन्। यसमा प्रयोग गरिएको ३४९ सिसी जे-सिरिज इन्जिनले दैनिक सवारीमा चुस्त र आरामदायी अनुभव दिने बताइएको छ। कम्पनीका निर्देशक मेघराज पौडेलले पोखराजस्तो पर्यटन र एड्भेन्चरले भरिएको सहरका लागि हन्टर-३५० अत्यन्त उपयुक्त मोडेल भएको बताए।

यसको डुअल टोन मूल्य चार लाख ९९ हजार ९०० र सिंगल टोनको मूल्य चार लाख ९४ हजार नौ सय रुपैयाँ तोकिएको कम्पनीको भनाइ छ।

एनआइसीले ५० लाखसम्म 'गोल्ड लोन' दिने



काठमाडौं/ एनआइसी एसिया बैंकले आकर्षक कर्जा योजना सार्वजनिक गरेको छ। बैंकले १ देखि ३ प्रतिशतसम्मको प्रिमियम सुविधा भएको प्रतिस्पर्धी ब्याजदरमा सुन तथा सुनका गरगहना धितो राखेर प्रवाह गरिने आकर्षक गोल्ड लोन कर्जा योजना सार्वजनिक गरेको छ। समयअनुसारको आवश्यकता र मागलाई सम्बोधन गर्दै ग्राहक महानुभावमाझ प्रतिस्पर्धी ब्याजदरमा 'गोल्ड लोन' योजना सार्वजनिक गरिएको बैंकले जनाएको छ।

योजनाअन्तर्गत ग्राहकले ५० लाखसम्म कर्जा रकम प्राप्त गर्न सक्नेछन्। औसत आधार दरमा १ देखि ३ प्रतिशतसम्मको प्रिमियम सुविधासहित प्रतिस्पर्धी ब्याजदरमा सुनको बार तथा गरगहना धितो राखेर बजार मूल्यको अधिकतम ७० प्रतिशतदेखि ८० प्रतिशतसम्म पाइने बैंकले जनाएको छ। साथै, यस कर्जा योजनाअन्तर्गत गरगहना खरिद गर्न पनि कर्जा पाइने भएको छ। ग्राहकले तोकिएका विभिन्न शाखाबाट उक्त कर्जा प्राप्त लिन सक्नेछन्।

मेटलाइफ अग्रणी बिमा कम्पनीका रूपमा सूचीकृत

काठमाडौं/ मेटलाइफ इन्क लगातार सातौं वर्ष फर्चुन वर्ल्डस् मोस्ट एड्मायर्ड कम्पनीको सूचीमा सूचीकृत भएको छ। सन् २०२६ का लागि मेटलाइफले जीवन तथा स्वास्थ्य बिमा उद्योगमा पहिलो स्थान हासिल गरेको हो। कम्पनिजका अनुसार यो सम्मानले वित्तीय सेवा क्षेत्रमा मेटलाइफको बलियो प्रतिष्ठा, निरन्तर प्रदर्शन र दीर्घकालीन नेतृत्वलाई प्रतिबिम्बित गर्छ।

'करिब एक सय ६० वर्षदेखि मेटलाइफले मानिसलाई आत्मविश्वासका साथ अघि बढ्न सहयोग गर्दै आएको छ,' मेटलाइफका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत मिसेल खलाफले भने, 'यो मान्यताले हाम्रो व्यवसायको मजबुती, हाम्रा सहकर्मीको समर्पण तथा विश्वभरिका हाम्रा ग्राहक, सहकर्मी र समुदायका लागि मूल्य सिर्जना



गर्ने हाम्रो अटल प्रतिबद्धतालाई झल्काउँछ।'

फर्चुन कोर्न फेरीले २५ वर्षभन्दा बढी समयदेखि सहकार्य गर्दै फर्चुन वर्ल्डस् मोस्ट एड्मायर्ड कम्पनिज सूचीमार्फत कम्पनीहरूको कर्पोरेट प्रतिष्ठाको पहिचान र मूल्यांकन गर्दै आएका छन्। यसका लागि शीर्ष कार्यकारी, निर्देशक तथा वित्तीय समुदायका सदस्यलाई आफ्नै उद्योगभित्रका कम्पनीलाई नौवटा मापदण्डका आधारमा मूल्यांकन गरिने बताइएको छ।

ती मापदण्डमा नवीनता, दीर्घकालीन लगानी मूल्य, वित्तीय सुदृढता तथा प्रतिभा आकर्षित र कायम राख्ने क्षमता समावेश छन्। मेटलाइफले यसअघि सन् २०२५ मा १०औं स्थानमा रहँदै लगातार दोस्रो वर्ष फर्चुन वर्ल्डस् २५ बेस्ट वर्कप्लेस सूचीमा समावेश हुनुका साथै ३३ बजारमा ग्रेट प्लेस टु वर्कको प्रमाणपत्र प्राप्त गरेको थियो।

बुद्धभूमि नेपाल हाईड्रोपावर कम्पनी लि.

मुख्य कार्यालय, पानीपोखरी, महाराजगञ्ज, काठमाडौं
फोन नं. ०१-४५३०१५०, ईमेल: lowertadi@gmail.com
वेबसाईट: www.buddhabhuminepalhydro.com.np

हकप्रद शेयर निष्काशन (Right Share Issue) को लागि शेयरधनी दर्ता पुस्तिका बन्द रहने बारेको सूचना

(प्रकाशित मिति २०८२ माघ २२ गते)

यस बुद्धभुमी नेपाल हाईड्रोपावर कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८२/१०/२१ गते बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको १:१ (एक कित्ता शेयर बराबर नयाँ एक कित्ता शेयर) अनुपातको रु.१००।- का दरमा ४०,००,०००।- (अक्षरुपी चालीस लाख मात्र) कित्ता हकप्रद साधारण शेयर साविक शेयरधनीहरूका लागि निष्काशन प्रायोजनको निमित्त मिति २०८२ फागुन १ गते १(एक) दिन शेयरधनी दर्ता पुस्तिका बन्द गरिने र सो मिति भन्दा एक दिन अगाढि अर्थात मिति २०८२ माघ २९ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोवार भई कायम भएका शेयरधनीहरूले मात्र यस हकप्रद शेयरका लागि दरखास्त दिन पाईने हुँदा सम्बन्धित सबै शेयरधनी तथा शेयर खरिदकर्ताहरूले सोहि अनुसार शेयर नामसारी गर्नुहुन समेत अनुरोध गर्दछौं। साथै धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) ले समेत यसै सूचनालाई आधार मानी CM Pool Account मा शेयर नराखि सम्बन्धित खरिदकर्ता शेयरधनीहरूको हितग्राही खातामा शेयर Transfer गरिदिनु हुन विनम्र अनुरोध छ। अन्यथा सो को जिम्मेवार यस कम्पनी/शेयर रजिष्ट्रार/धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नहुने व्यहोरा समेत अनुरोध छ।

Invitation for Bids

Proposal for supply of Calendar 2083

First Date of Published February 5, 2026

Citizens Bank International Ltd. (hereafter referred as the Bank) invites sealed "Qualify and Bid" from registered Nepalese contractors for the supply of Calendar under the terms and conditions outlined below:

1. Scope of Job
   - I)Supply of Calendar
2. A complete set of Bid documents may be purchased during office time hours from General Service Department of the Bank at Head Office, Narayanhiti Path Kathmandu upon payment of 1,000.00(Nepalese Rupees One Thousand Only), nonrefundable; latest by 11.00 hours, February 10, 2026 No joint venture (JV) is allowed.
3. Sealed tender should be submitted to Head Office of the Bank latest by 17.00hours, February 10,2026 Sealed Bids will be opened at 11.00hours, February 11,2026 at Head Office, of the Bank at Narayanhiti Path, Kathmandu in presence of respective bidders (or in presence of authorized representative of the bidders). However, non -presence of the bidders or its representative will not affect or change the pre-scheduled bid opening date for opening of the Bids.
4. If the last date of Purchasing, submission and opening falls on a public holiday, immediate next working day shall be considered the last day for respective jobs.
5. Bidder must have supplied Calendar at least one Nepali Commercial Bank
6. All other information is mentioned in the bid documents
   The Bank, at its sole direction, reserves all the rights to accept or reject the Bids received from the bidders, wholly or partly any or all the bid without assigning reason whatsoever.

Citizens Bank
General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti path, Kathmandu, Nepal
Telephone : +977-01-4527842,+977-01-4527843
Fax 977-01-4527044, Email: gsd@ctznbank.com
THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL
www.ctznbank.com

तमोर बचत तथा ऋण सहकारी संस्था लि.

बौद्ध-६, काठमाडौं, फोन : ०१४५६१३५२

ऋणी सदस्यहरूलाई ऋण तिर्न आउने बारे ३५ दिने अत्यनत जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१०/२२

तपशिलमा उल्लेखित ऋणीहरूले यस तमोर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको बौद्ध ६ बाट धितो कर्जा बापत संस्थालाई तिर्न बुझाउनु मर्ने साँवा र ब्याज आदि रकम बुझाउन विभिन्न समयमा गरेको मौखिक तथा लिखित तर-ताकेतालाई समेत वेवास्ता गरी रकम नतिरी नबुझाई संस्था संग भएको ऋण कर्जा सम्बन्धी सर्त बन्देज अल्लंघन गरेको हुदाँ प्राप्त ऋण कर्जा बापत संस्थालाई तिर्न बुझायन बाँकी रकम यथासिघ्र चुक्ता गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थामा सम्पर्क राखी सम्पूर्ण साँवा ,ब्याज आदी रकम अविलम्ब चुक्ता गर्नुहोला। अन्यथा प्रचलित बैंक तथा वित्तिय सम्बन्धी ऐन र सहकारी ऐन अनुसार धितो लिखिदिएको चल-अचल सम्पत्तीहरू लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल-उपर गरिने छ।

तपशील

सि.नं	ऋणीको तीनपुस्ते विवरण	धन जमानी दिनेको तीनपुस्ते विवरण	धितोको विवरण
१	ऋणीको नाम : विक्रम थापा नागरिकता नं : ७८३७ बुवा : मकर ध्वज थापा बाजे: सुर ध्वज थापा ठेगाना : काठमाडौं डाँछी १ 	नाम : संगीता खड्का नागरिकता नं : ८३७८ बुवा : श्याम बहादुर खड्का ससुरा : मकर ध्वज थापा ठेगाना : काठमाडौं, चपली भद्रकाली-९ 	काठमाण्डौं जिल्ला थलिडाछि गा.वि.स वार्ड नं. १ को कित्ता नं. १९०, १९२ नक्सा सीट नं. ५ मा रहेको १२७.१९ वर्ग मिटर क्षेत्रफलको जग्गामा बनेको घर समेत।
.	धन जमानी दिनेको तीनपुस्ते विवरण नाम : मुना न्यौपाने नागरिकता नं : ५१-०२-७४-००३१० बुवा : एक नारायण न्यौपाने बाजे : राम चन्द्र न्यौपाने ठेगाना : पर्वत बिहादी ६ 	धन जमानी दिनेको तीनपुस्ते विवरण नाम : प्रकाश भट्टराई नागरिकता नं : २४-६५-७४-९२ बुवा : दिर्घ बहादुर भट्टराई बाजे : छबीलाल भट्टराई ठेगाना : सिन्धुपाल्चोक हेलम्बु ७ 	

गर्जाङ उपत्यका हाइड्रो पावर लिमिटेड

विजुली बजार, थापागाउँ, काठमाडौं, फोन नं. ०१-५२४४३७७

बाह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/१०/२२

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८२/०९/०२ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको बाह्रौ वार्षिक साधारण सभा मिति २०८२/०९/३० गते बुधवार (तदनुसार जनवरी १४, २०२६), कम्पनीको मिति २०८२/०९/२८ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम मिति २०८२/१०/१७ गते शनिवार (तदनुसार जनवरी ३१ ,२०२६) र कम्पनीको मिति २०८२/१०/१४ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम मिति २०८२/१०/२३ गते शुक्रबार (तदनुसार फेब्रवरी ०६, २०२६) मा श्री होटेल भादगाउँ एण्ड रिसोर्ट पब्लिक लिमिटेड, बाराहिस्थान - ०४, भक्तपुरमा संचालन हुने बारे मिति २०८२ पौष ८, ९, २९ र माघ १५ गतेको नयाँ पत्रिकामा सुचना प्रकाशित गरिएकोमा विशेष कारणवश सो मितिमा साधारण सभा गर्न कम्पनी असमर्थ भएको कारणले कम्पनीको मिति २०८२/१०/२१ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको बाह्रौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान :

मिति : २०८२/११/३० गते शनिवार (तदनुसार मार्च १४ ,२०२६)
समय : बिहान ११:०० बजे
स्थान : श्री होटेल भादगाउँ एण्ड रिसोर्ट पब्लिक लिमिटेड, बाराहिस्थान -०४, भक्तपुर।

(ख) वार्षिक साधारण सभाको लागि छलफलको विषयहरू :

सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले २०८१।८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखा परिक्षकको प्रतिवेदन सहित आ.व.२०८१।८२ को वार्षिक आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह लगायतका वित्तिय विवरणहरू) माथि छलफल र पारित गर्ने।
३. संचालक समितिको बैठकबाट नियुक्त गरेको संचालकहरूको अनुमोदन/चयन गर्ने।
४. कम्पनीको आ.व.२०८२।८३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
५. संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरू अनुमोदन गर्ने।
६. विविध।

विशेष प्रस्ताव

१. प्रवन्धपत्र तथा नियमावली संशोधन वा परिमार्जन गर्नु परेमा संचालक समितिलाई अख्तियारी दिने।
२. सर्वसाधारणलाई प्रारम्भिक सार्वजनिक निष्काशन९क्ष्एइ० जारी गर्ने र सो निष्काशनबाट प्राप्त पूँजीको उपयोग सम्बन्धमा।
३. विविध।

कम्पनी सचिव
गर्जाङ उपत्यका हाइड्रोपावर लि.

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२/१०/२२

पूर्वाधार विकास कार्यालय, सिन्धुलीबाट मिति २०८२/०९/११ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम रित पूर्वक पेस हुन आएका बोलपत्रहरू खोली मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही रहेको देहायका बोलपत्रहरु स्वीकृत गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरूको जानकारीको लागि आशयको सूचना प्रकाशन गरिएको छ।

ठेक्का नं	कार्य विवरण	न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता	कबोल रकम रु.(पी. एस. र मु.अ.कर सहित)
IDO/SIN/W/NCB/082/83/27	Combined Package of Upgrading Works on (1) Buddha Park-Hilekharka-Deurali Road, Sunkoshi-04, Sindhuli (2) Lakhanpur-Dudbhanjyang Road, Sunkoshi-04, Sindhuli	M/S Lok Om Construction and Suppliers Pvt. Ltd., Sindhuli	24,80,426.41
IDO/SIN/W/NCB/082/83/30	Combined Package of Upgrading Works on (1) Litebhanjyang-Barpipal Road, Sunkoshi-05, Sindhuli (2) Kamichhap-Kirakhor Bhanjyang-Bandipur Road, Sunkoshi-05, Sindhuli	M/S Level Up Engineering and Builders Pvt. Ltd., Sindhuli	15,10,434.61
IDO/SIN/W/NCB/082/83/34	Upgrading Works on Khurhari Tallo Jhagare-Pauti Road, Phikkal-03, Sindhuli	M/S Level Up Engineering and Builders Pvt. Ltd., Sindhuli	18,16,062.55

कार्यालय प्रमुख

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.नं. १७/०६९/०७०
बिहीबार २२ माघ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

विश्वकपमा कुन समूहमा कुन राष्ट्र बलियो ?

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

१०औँ संस्करणको आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेट प्रतियोगिता आगामी ७ फेब्रुअरीदेखि सुरु हुँदै छ। भारत र श्रीलंकाले संयुक्त रूपमा विश्वकप आयोजना गर्दै छन्। आइसिसीले पहिलोपटक सहभागी संख्या बढाएर २० पुऱ्याएको छ। अघिल्लो संस्करणमा १६ राष्ट्रबिच प्रतिस्पर्धा भएको थियो। यसपटक सहभागी राष्ट्रलाई चार फरक समूहमा विभाजन गरिएको छ। समूह 'बी' र 'डी'लाई कठिन मानिएको छ। यी दुवै समूहमा अनुभवी तथा बलिया टेस्ट राष्ट्र छन्। समूह 'डी'मा साबिक उपविजेता दक्षिण अफ्रिका तथा सन् २०२१ को उपविजेता न्युजिल्यान्ड छन्। गत संस्करणको सेमिफाइनल पक्का गरेको अफगानिस्तान पनि यसै समूहमा छ।

समूह 'ए'



भारत (१० सहभागी)

पाकिस्तान (१०)

नेदरल्यान्ड्स (७)

अमेरिका (२)

नामिबिया (४)

विश्वकपको यस समूहमा दुई शक्तिशाली राष्ट्र भारत र पाकिस्तान छन्। भारत साबिक विजेता हो। पाकिस्तान एकपटकको पूर्वच्याम्पियन हो। भारत र पाकिस्तानलाई एसोसिएट राष्ट्र नेदरल्यान्ड्स, अमेरिका र नामिबियाले चुनौती दिनेछन्। समूह 'ए'मा भारत र पाकिस्तानबिचको खेललाई बहुप्रतीक्षित रूपमा राखिएको थियो। तर, पाकिस्तानले भारतविरुद्धको खेल नखेल्ने निर्णय लिएको छ। यसले आइसिसी र आयोजकलाई करोडौँ अमेरिकी डलर घाटा पर्ने देखिन्छ।

भारतमा पाकिस्तान नजाँदा उसले २ अंक गुमाउनेछ। यसको फाइदा भारतलाई नै हुनेछ। समूहमा अमेरिकालाई कमजोर लिन मिल्दैन। यो समूहको रोमाञ्चक पक्ष भनेको गत संस्करणमा सनसनी नतिजा निकालेका दुई राष्ट्र नेदरल्यान्ड्स र अमेरिका पनि छन्। गत संस्करणमा अमेरिकाले पाकिस्तानलाई स्तब्ध पारेको थियो। सन् २०२४ विश्वकपमा पहिलो अप्रत्याशित नतिजा यही नै थियो।

यसै नतिजाका कारण अमेरिकाले सुपर एटमा स्थान बनाउँदै सिधै सन् २०२६ को विश्वकपमा स्थान पक्का गरेको थियो। त्यसपछि नेदरल्यान्ड्सले पनि टेस्ट राष्ट्र दक्षिण अफ्रिकालाई हराएको थियो। नामिबियाले भने अहिलेसम्म विश्वकपमा ठुलो जित निकाल्न सकेको छैन। नामिबियाको यो तेस्रो विश्वकप यात्रा हो।

समूह 'बी'

अस्ट्रेलिया (१०)

श्रीलंका (१०)

आयरल्यान्ड (९)

जिम्बाबे (७)

ओमान (४)

विश्वकपको 'बी' समूहमा एक किसिमले सबै बलिया छन्। पूर्वविजेताहरू अस्ट्रेलिया र श्रीलंका पनि यही समूहमा छन्। टेस्ट राष्ट्र आयरल्यान्ड र जिम्बावेले समूहमा स्तब्ध नतिजा निकाल्न सक्छन्। आइसिसीले आयोजना गर्ने प्रतियोगितामा अस्ट्रेलियालाई उपाधि दाबेदार टोलीका रूपमा लिने गरिन्छ। एकदिवसीय विश्वकपको सर्वाधिक विजेतासमेत रहेको अस्ट्रेलियाले टी-२० विश्वकप एकपटक मात्र जितेको छ। तर, अस्ट्रेलियालाई समूह चरण पार गर्न त्यति सहज छैन। श्रीलंका र आयरल्यान्ड प्रमुख प्रतिद्वन्द्वीका रूपमा देखिएका छन्। जिम्बावे पछिल्लो समयमा उत्कृष्ट फर्ममा छैन। तर, अन्तर्राष्ट्रिय खेलका अनुभवी जिम्बावेले अस्ट्रेलिया, आयरल्यान्ड र श्रीलंकालाई चुनौती दिन सक्छ।

सन् २०१४ को विजेता श्रीलंका एसियाली भूमिमा उत्कृष्ट प्रदर्शन गर्ने योजनामा छ। सन् २०१४ को संस्करणको विजेता श्रीलंकाको पहिलो लक्ष्य नै सुपर एट हुनेछ। आइसिसीबाट पछिल्लोपटक टेस्ट राष्ट्रको दर्जा पाएको आयरल्यान्डले अक्सर विश्वकप प्रतियोगितामा शक्तिशाली राष्ट्रलाई पाखा लगाएको छ। यसपटक पनि आयरल्यान्डले यस्तै नतिजा निकाल्न प्रयास गर्नेछ। एसोसिएट राष्ट्रमा ओमान पनि राम्रो छ। ओमानको शक्ति नै स्पिन बलिङ हो। भारत तथा श्रीलंकाली पिचमा ओमानका स्पिनरले आशातीत प्रदर्शन गर्ने अपेक्षा छ।

समूह 'सी'

इंग्ल्यान्ड (१०)

वेस्ट इन्डिज (१०)

स्कटल्यान्ड (७)

नेपाल (३)

इटाली (१)

यो समूहमा पनि दुईपटकका पूर्वविजेताहरू इंग्ल्यान्ड र वेस्ट इन्डिज छन्। विश्वकपको 'ड्र'अनुसार समूह 'सी'को प्रतिस्पर्धा रोमाञ्चक हुने देखिन्छ। सुरुमा यस समूहमा बंगलादेश पनि थियो। तीन टेस्ट राष्ट्रविरुद्ध नेपालसँगै पहिलोपटक विश्वकपमा डेब्यु गरेको इटालीले चुनौती दिने अपेक्षा गरिएको थियो। तर, बंगलादेशले आफ्ना खेलाडीको सुरक्षा देखाउँदै भारतमा गएर विश्वकप नखेल्ने र त्यसको सट्टा श्रीलंकामा गएर प्रतिस्पर्धा गर्ने अडान राख्यो। जसका कारण आइसिसीले कारबाहीस्वरूप बंगलादेशको स्थानमा वरीयताका आधारमा स्कटल्यान्डलाई मौका दियो।

त्यसकारण स्कटल्यान्ड भाग्यमानी राष्ट्र बनेको छ। युरोपियन छनोटमा इटालीसँग पराजित हुँदै स्कटल्यान्ड बाहिरिएको थियो। चिट्ठा परेको स्कटल्यान्डले अन्तिम समयमा टोली घोषणा गरेको छ। टी-२० फर्म्याटमा इंग्ल्यान्ड र वेस्ट इन्डिज सधैं अलराउन्डरले भरिएको टोली हुन्। यस फर्म्याटमा यी दुवै राष्ट्रका खेलाडी अति नै आक्रामक हुने गर्छन्। जसका कारण उनीहरूको खेलमा दर्शकले मजा लिन्छन्।

उनीहरूलाई सबैभन्दा डर नै एसोसिएट राष्ट्रबिचको प्रतिस्पर्धा हुन सक्छ। किनभने स्कटल्यान्ड र नेपाल विपक्षीलाई अन्तिमा समयसम्म चुनौती दिन सक्ने एसोसिएट राष्ट्रमा पर्छन्। फेरि नेपालको गत संस्करणको प्रदर्शन कसले बिर्सन सक्छ ? गत संस्करणमा नेपाल दक्षिण अफ्रिकासँग केवल १ रनले चुकेको थियो। अर्को खेलमा नेपालले अन्तिम समयसम्म बंगलादेशलाई जितका लागि संघर्ष गराएको थियो। समग्रमा तेस्रोपटक विश्वकपमा सहभागी भएको नेपाललाई यस समूहमा 'डार्क हर्स'रूपमा लिएको छ। इटालीले आफ्नो पहिलो सहभागितामा कम्तीमा स्कटल्यान्ड र नेपाललाई चुनौती दिने लक्ष्य राखेको छ।

समूह 'डी'

दक्षिण अफ्रिका (१०)

न्युजिल्यान्ड (१०)

अफगानिस्तान (८)

क्यानडा (२)

युएई (३)

यस विश्वकपमा समूह 'डी'लाई सर्वाधिक कठिन मानिन्छ। यो समूहमा दक्षिण अफ्रिका, न्युजिल्यान्ड र अफगानिस्तानबिच त्रिकोणात्मक भिडन्त हुने पक्का छ। वरीयता र अन्तर्राष्ट्रिय सहभागिता हेर्दा दक्षिण अफ्रिका र न्युजिल्यान्ड सर्वाधिक बलियो राष्ट्र हुन्। तर, अफगानिस्तान उनीहरूलाई चुनौती दिन सक्ने एक मात्र टोली हो। क्यानडाको दोस्रो र युएईको तेस्रो विश्वकप सहभागिता हो।

यसकारण यस समूहमा दक्षिण अफ्रिका, न्युजिल्यान्ड र अफगानिस्तानमध्ये दुई टोली सुपर एटको सम्भावित राष्ट्रका रूपमा छन्। गत संस्करणको फाइनलमा दक्षिण अफ्रिका भारतसँग पराजित भएको थियो। न्युजिल्यान्डले २०२१ को फाइनल खेलेको थियो। सन् २०२४ मा अफगानिस्तानले अप्रत्याशित रूपमा सेमिफाइनलमा स्थान बनाएको थियो। क्यानडाले पहिलोपटक गत संस्करणमा डेब्यु गरेको थियो। पहिलोपटकको विश्वकप खेल्दा क्यानडाले गतिलो प्रदर्शन गर्न सकेन। आफ्नो समूहमा क्यानडाले ब्याटिङ र बलिङमा खराब प्रदर्शन गरेको थियो।

यसपटक भने क्यानडाले सुधारिएको प्रदर्शन गर्ने अपेक्षा छ। एसियाली राष्ट्र युएई भने एसोसिएटमा राम्रो नै छ। युएईले एसोसिएट राष्ट्रको प्रतिनिधित्व गर्दै टेस्ट राष्ट्रलाई चुनौती दिने क्षमता राख्छ। यसपटक आइसिसी विश्वकप लिग १ मा युएईले उत्कृष्ट प्रदर्शन गरिरहेको छ। खेलाडीहरू उत्कृष्ट फर्ममा रहँदा युएईले टेस्ट राष्ट्रलाई चुनौती दिन सक्ने अनुमान छ। विश्व क्रिकेट इतिहासमा दक्षिण अफ्रिकालाई अभागी राष्ट्र मानिन्छ। अहिलेसम्म आइसिसीले आयोजना गर्ने कुनै पनि प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरे पनि दक्षिण अफ्रिकाले उपाधि जित्न सकेको छैन। गत संस्करणको फाइनलमा दक्षिण अफ्रिका नर्भसको सिकार भएको थियो।

- आइसिसीको सहयोगमा

■ राष्ट्रिय लिग २०८२

छैटौँ खेलमा काँक्रेबिहारले बटुल्यो अंक



पाँच खेलमा पराजित काँक्रेबिहारले छैटौँ खेलमा चित्लाङ क्लबलाई २-२ को बराबरीमा रोक्दै १ अंक जोड्यो

नयाँ पत्रिका

राष्ट्रिय लिग फुटबल प्रतियोगिताको नवप्रवेशी क्लब काँक्रेबिहार क्लबले छैटौँ खेलमा अंक बटुलेको छ। यसअघि पाँचौँ खेलसम्म पराजित काँक्रेबिहारले बुधबार चित्लाङ फुटबल क्लबलाई बराबरीमा रोक्दै अंक बटुलेको हो। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा काँक्रेबिहारले चित्लाङलाई २-२ को बराबरीमा रोकेको हो। बराबरीसँगै काँक्रेबिहारले छैटौँ खेलमा १ अंक जोडेको छ। एक खेल बढी खेलेको चित्लाङको ६ अंक छ। लिगमा नवजनजागृति क्लब मात्र अंकविहीन छ।

खेलको २९औँ मिनेटमा भरत नेपालले काँक्रेबिहारलाई १-० को अग्रता दिलाएका थिए। पहिलो हाफमा चित्लाङले बराबरीको अवसर गुमाएको थियो। तर, काँक्रेबिहारले छैटौँ खेलमा चित्लाङविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गरेको थियो। खेलको २३औँ मिनेटमा काँक्रेबिहारका बुद्धि बुढाले प्रहार गरेको फ्रिकिकलाई चित्लाङका गोलरक्षक सन्तोष महतले बचाउ गरे।

खेलको २८औँ मिनेटमा सुपबहादुर शाहीले दिएको पास भरतले डिबक्सभित्र गोल गर्न सकेनन्। दोस्रो हाफमा चित्लाङले रणनीति परिवर्तन गरेको थियो। काँक्रेबिहारविरुद्ध काउन्टर एट्याक्टमा दबाब राखेको चित्लाङले खेलको ७६औँ मिनेटमा चेतनकुमार थारूको गोलमा १-१ को बराबरी गऱ्यो। खेलको ८६औँ मिनेटमा आरोन थापाले गोल गर्दै चित्लाङ २-१ को अग्रता दिलाए। खेलको अन्तिम इन्जुरी समयमा सन्दीप देउवाले गोल गर्दै काँक्रेबिहारलाई २-२ को बराबरीमा पुऱ्याए।

लगातार तेस्रो खेलमा पराजित फ्रेन्ड्स

लिगअन्तर्गत अर्को खेमला प्लानिङ ब्वाइजले 'ए' डिभिजनको अनुभवी क्लब फ्रेन्ड्स क्लबलाई २-० ले हरायो। प्लानिङको जितमा फागुराम थारूले दुई गोल गरेका थिए। जितसँगै प्लानिङले ६ खेलबाट १३ अंक जोडेको छ। प्लानिङ लिगको शीर्ष स्थानमा उक्लेको छ।

दोस्रो स्थानमा रहेको एपिएफ, न्युरोड टिम (एनआरटी) र मच्छिन्द्र क्लबले समान १३ अंक बनाएका छन्। तर, गोलअन्तरमा प्लानिङ ब्वाइज शीर्ष स्थानमा उक्लिएको हो। प्लानिङको जितमा दुई गोल गरेका थारूले खेलको ५२औँ मिनेटमा १-० को अग्रता गोल गरे। खेलको ८०औँ मिनेटमा उनले टोलीको जित २-० ले पक्का पारे। प्लानिङको यो लगातार तेस्रो जित र फ्रेन्ड्सको यो लगातार तेस्रो हार हो।

खेल संक्षेप

न्यु एरा र एक्सेल्सियर सेमिफाइनलमा

काठमाडौं/ न्यु एरा एकेडेमी र आयोजक दी एक्सेल्सियर स्कुल (नीलो) १२ औँ एक्सेल्सियर कपअन्तर्गत यू-१६ पुरुष फुटसलको सेमिफाइनलमा प्रवेश गरेका छन्। बुधबार भएको खेलमा न्यु एराले एलआरआईलाई ४-२ ले पराजित गऱ्यो। अर्को खेलमा एक्सेल्सियर (नीलो)ले किड्स लर्निङलाई २-० ले पराजित गऱ्यो। त्यसैगरी रिब्सले ह्वाइट हेभेनलाई २-१ तथा बोधिसत्त्वले न्यु अरुणोदयलाई ३-१ ले पाखा लगाउँदै अन्तिम चारको स्थान सुरक्षित गरेका छन्। यू-१३ मा एक्सेल्सियर (यल्लो)ले जोन डेवीलाई ४-० ले हरायो। एलआरआईले कोहिनुरलाई १-० ले पाखा लगायो। काष्ठमण्डप विद्यालयले रेडियन्ट पब्लिकलाई ५-१ र रिब्सले हार्टल्यान्डलाई १-० ले पन्छ्याउँदै सेमिफाइनलमा स्थान बनाए। एक्सेल्सियर कपअन्तर्गत बास्केटबलको यू-१२ महिलामा राई स्कुल र चाँदबाग सेमिफाइनलमा प्रवेश गरेका छन्। राई स्कुलले युरो स्कुललाई १२-२ ले पराजित गऱ्यो। चाँदबागले एक्सेल्सियर (नीलो)लाई ६-० ले हरायो। सेमिफाइनलमा चाँदबागको भेट एक्सेल्सियर (नीलो)सँग हुनेछ। राई स्कुलले स्वर्णिमविरुद्ध खेल्नेछ।

बक्सर चन्द्र सम्मानित

काठमाडौं/ एक्स मकाउ बक्सिङ ग्रुपले आइवा पुरुष विश्व बक्सिङ च्याम्पियनसिपमा कांस्य पदक जितेका चन्द्रबहादुर थापालाई बुधबार नगदसहित सम्मान गरेको छ। प्रतियोगिताको क्वार्टरफाइनलसम्म पुगेका लालप्रसाद ओप्रेती पनि नगदसहित सम्मानित भए। गत ३ देखि १३ डिसेम्बरसम्म दुबईमा भएको च्याम्पियनसिपमा पुरुष ५४ केजीमा चन्द्रले कांस्य पदक जितेका थिए। विश्व बक्सिङ च्याम्पियनसिपमा पदक जित्ने चन्द्र एक्लो नेपाली बक्सिङ खेलाडी हुन्। उनले तीन राष्ट्रका खेलाडीलाई हराउँदै सेमिफाइनल यात्रा तय गरेका थिए। चन्द्रले ३० हजार र लालबहादुर २० हजार रुपैयाँ पाए। पुरस्कार राशिका लागि एक्स मकाउ बक्सिङ ग्रुपका संयोजक तेजबहादुर चन्दले समन्वय गरेको नेपाल बक्सिङ महासंघका सचिव पुष्करराज पन्तले जनाएका छन्।

जेबी बास्केटबल शुक्रबारदेखि

काठमाडौं/ जेबी स्कुलको आयोजनामा दोस्रो जेबी अन्तरविद्यालय बास्केटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। प्रतियोगितामा सिनियर महिला र जुनियर पुरुषमा समान १२ टोलीले भाग लिने जेबी स्कुलका प्रिन्सिपल नारायण रोकाले जानकारी गराए। दुवै विधामा सहभागी टोलीलाई चार समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइनेछ। हरेक समूहको विजेता र उपविजेता क्वार्टरफाइनलमा पुग्नेछन्। सिनियर महिलामा कक्षा नौसम्म तथा जुनियर पुरुषमा कक्षा सातसम्म अध्ययनरत विद्यार्थी सहभागी हुन पाउनेछन्। सिनियर पुरुषको समूह 'ए'मा तेजस्वी एकेडेमी, जेबी र इडेन ब्रिज एकेडेमी (इबिए) छन्। समूह 'बी'मा आरम्भ, ग्रिनल्यान्ड र मञ्जरी रहेको आयोजकले जनाएको छ। समूह 'सी'मा त्रिवेणी, भ्याली पब्लिक र बेलमोन्ट रहे।

कायकमा विजय माझी च्याम्पियन

काठमाडौं/ चितवनको फिस्लिङमा भएको नवौँ राष्ट्रिय च्याफ्टिङ तथा १४औँ राष्ट्रिय क्यानोइङ प्रतियोगितामा नेपाल च्याफ्टिङ एन्ड कायक क्लब फिस्लिङ 'ए'ले समग्रमा प्रथम स्थान हात पारेको छ। प्रतियोगिताको अन्तिम दिन च्याफ्टिङका तीनवटै मुख्य विधामा उत्कृष्ट प्रदर्शन गर्दै फिस्लिङ 'ए'ले सर्वाधिक ९७२ अंक जोडेर उपाधि जितेको हो। सहभागी कुल १२ क्लबलाई पछि पार्ने क्रममा फिस्लिङ 'ए'ले स्लालोममा तीन सय, हेड टु हेडमा ३५० र डाउन रिभर रेसमा ३२२ अंक प्राप्त गऱ्यो। प्रतियोगितामा ८९९ अंकका साथ प्याडल नेपाल 'बी' दोस्रो भएको छ। ८५१.५ अंक बटुलेको च्याफ्टिङ एड् भेन्चर नेपाल तेस्रो भएको आयोजकले जनाएको छ। प्रतियोगिताको कायक स्लालोम विधामा विजय माझी च्याम्पियन बनेका छन्। माझीले निर्धारित दूरी १२४.५१ स्कोरका साथ पूरा गर्दै शीर्ष स्थान हासिल गरे। सोही विधामा आशिष रानामगर १२६.९२ स्कोरसहित दोस्रो स्थानमा रहे। नेपाल च्याफ्टिङ एन्ड क्यानोइङ संघका अध्यक्ष राजीव श्रेष्ठले क्यानोइङ स्लालोम विधामा उत्कृष्ट ५ भित्र परेका खेलाडीलाई जापानमा आयोजना हुने एसियाली खेलकुदको पहिलो चरणको छनोट प्रक्रियामा सहभागी गराइने बताए।

कोशी पाथीभरा क्रिकेटमा आसाम विजयी

नयाँ पत्रिका

कोशी पाथीभरा इन्डो-नेपाल टी-२० क्रिकेट प्रतियोगिताको उद्घाटन खेलमा भारतको राइनोल्यान्ड क्रिकेट एकेडेमी आसामले सहज जित हात पारेको छ। मेची क्रिकेट मैदान भद्रपुरमा बुधबार भएको खेलमा आसामले जिएचसिए काठमाडौंलाई ४२ रनले हराएको हो। पहिलो ब्याटिङ गरेको आसामले १८.१ ओभरमा अलआउट हुँदै ९६ रन बनाएको थियो। प्रत्युत्तरमा काठमाडौं १६.२ ओभरमा ५४ रनमा समेटियो। जितसँगै आसामले महत्त्वपूर्ण ३ अंक जोडेको छ। आसामका मोहमद हबिबुल्लाले सर्वाधिक १९ रन बनाए।

काठमाडौंका रूपेश श्रीवास्तवले चार ओभरमा १६ रन खर्चिएर तीन विकेट लिए। काठमाडौंका रूपेशले ब्याटिङमा सर्वाधिक १४ रन जोडेका थिए। बलिङमा आसामका प्राञ्जल भरालीले चार ओभरमा ९ रन खर्चिएर तीन विकेट लिए। यसअघि प्रतियोगिताको उद्घाटन कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले गरेका थिए। मुख्यमन्त्री कार्कीले खेलकुद क्षेत्रलाई अघि बढाउन कोशी प्रदेश सरकार प्रतिबद्ध रहेको बताए।

उनले मेची क्याम्पसको क्रिकेट मैदानलाई थप विकसित गर्न कोशी प्रदेश सरकारले लगानी गर्ने बताए। प्रतियोगितामा नेपालका चार र भारतका चार गरी आठ टिमको सहभागिता छ। टिमलाई दुई समूहमा विभाजन गरिएको छ। अंकका आधारमा सेमिफाइनल खेल्नेको टुंगो लाग्ने आयोजक भद्रपुर क्रिकेट क्लबका महासचिव वसन्त पोखरेलले जानकारी दिए।

■ वेस्ट इन्डिजमाथि अफगानिस्तान २३ रनले विजयी



एजेन्सी/ आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको पूर्वसन्ध्यामा बुधबार भएको अभ्यास खेलमा अफगानिस्तानले दुईपटकको पूर्वविजेता वेस्ट इन्डिजविरुद्ध २३ रनको जित निकालेको छ। पहिलो ब्याटिङ गरेको अफगानिस्तानले २० ओभरमा ६ विकेट गुमाएर १८२ रन बनाएको थियो। प्रत्युत्तरमा वेस्ट इन्डिजले २० ओभरमा सात विकेटको क्षतिमा १५९ रन जोड्यो। अफगनिस्तानको ब्याटिङमा इब्राहिम जर्दानले ३४ बलमा ५१ तथा ओमाजीले १५ बलमा ३५ रनको योगदान दिए। वेस्ट इन्डिजका लागि म्याथु फोडेले २६ बलमा समान चार चौका र छक्का प्रहार गरी सर्वाधिक ५२ रन जोडेका थिए। यसैगरी, नामिबियाले स्कटल्यान्डलाई ६ रनले हराएको छ। नामिबियाले पहिलो ब्याटिङ गरी २० ओभरमा २२६ रन बनाएको थियो। स्कटल्यान्डले २० ओभरमा पाँच विकेटको क्षतिमा २२० रन जोड्यो।

■ साफ यू-१९ महिला च्याम्पियनसिप

उपाधिका लागि बंगलादेश र भारत भिड्ने

साबिक विजेता बंगलादेशसँग ४-० को फराकिलो अन्तरले पराजित भएपछि आयोजक नेपाल बाहिरियो उपाधि होडबाट

कास्कीमा रोहितराज पराजुली

पोखरामा चलिरहेको साफ यू-१९ महिला च्याम्पियनसिप प्रतियोगितामा घरेलु टोली नेपाल साबिक विजेता बंगलादेशसँग ४-० ले पराजित भएको छ। हारसँगै नेपाल उपाधि दौडबाट बाहिरिएको छ। अब बंगलादेश र भारतबिच फाइनल खेल हुनेछ। बुधबार लिग चरणका सबै खेल सकिएसँगै अपराजित बंगलादेश सर्वाधिक ९ अंकसहित शीर्ष स्थानमा रह्यो। भुटानलाई ८-० ले हराएको भारत दुई जितका साथ दोस्रो भयो।

राउन्ड रोबिन लिगअनुसार सञ्चालन भइरहेको यू-१९ साफको शीर्ष दुई टोली फाइनलमा पुग्ने प्रावधान थियो। दोस्रो स्थानमा रहेको भारतले ६ अंक जोड्यो। फाइनल शनिबार हुनेछ। नेपालले प्रतियोगितामा ३ अंक मात्र बनाएको छ। नेपालले भुटानलाई अघिल्लो खेलमा २-१ ले हराएको थियो। तीन खेलमै पराजित भुटान भने एक खेलअगाडि नै प्रतियोगितबाट बाहिरिएको थियो।

लिग चरणको आफ्नो अन्तिम खेलमा नेपालले बंगलादेशविरुद्ध उत्कृष्ट खेल पस्किन सकेन। यो खेलमा जित निकाल्दा नेपालको फाइनल पुग्ने सम्भावना रहन्थ्यो। तर, हारले नेपालको फाइनल यात्रा राउन्ड रोबिन चरणसम्म मात्र रह्यो।

नेपालको महिला उमेर समूहले हालसम्म कुनै पनि अन्तर्राष्ट्रिय उपाधि जितेको छैन। नेपालका मुख्य प्रशिक्षक सुमन श्रेष्ठले उपाधि जित्ने योजना बनाएको बताएका थिए। उनले नेपाली टोलीलाई तीन साताको प्रशिक्षण दिएका थिए। तीनपटकको उपविजेता नेपालले आफ्नो घरेलु



मैदानमा उपाधिमाथि बलियो दाबेदारी प्रस्तुत गर्न चुकेको उनले बताए। प्रतियोगितामा नेपाल आफ्नो पहिलो खेलमा भारतसँग १-० ले पराजित भएको थियो। दोस्रो खेलमा भुटानमाथि २-१ को जित निकाल्यो।

एकपक्षीय खेल

बंगलादेशले एकपक्षीय प्रदर्शन गऱ्यो। घरेलु टोली नेपालले बंगलादेशले कुनै पनि समयमा खेलमा फर्कने अवसर दिएन। खेलको तेस्रो मिनेटमै प्रोतिमा मुन्डाले बंगलादेशलाई १-० को अग्रता दिलाइन्। पहिलो हाफको इन्जुरी समयमा अल्पी अख्तरले बंगलादेशको अग्रता २-० को स्थितिमा राखिन्। पहिलो हाफमा जस्तै नेपाली खेलाडीले मध्यान्तरपछि डिफेन्समा कमजोर बनाएका थिए। अल्पीले त्यसको फाइदा उठाउँदै दोस्रो हाफमा ह्याट्रिक पूरा गरिन्। उनले खेलको ६७औँ र ८२औँ मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरिन्। भुटानमाथि सानदार जित निकाल्दा भारतकी पर्ल फर्नान्डेजले ह्याट्रिक गरेकी थिइन्।

फिनिसिङमा कमजोर नेपाल

नेपालले भारत, भुटान र बंगलादेशसँग प्रतिस्पर्धा गरेको थियो। यी तीनवटै खेलमा नेपाल फिनसिङमा कमजोर रहेको देखिन्छ। यद्यपि, प्रशिक्षक श्रेष्ठले प्रतियोगितामा खेलाडीको प्रदर्शनबाट सन्तुष्ट भएको बताए। 'बंगलादेशसँगको खेलमा खेलाडीले राम्रो प्रदर्शन गरेको पाएँ। यद्यपि, खेलाडीहरूले गोल अवसर चुकाउन पुगे,' श्रेष्ठले भने, 'स्कोर नहुनु नै हारको मुख्य कारण देखियो।' बंगलादेशका प्रशिक्षक पिटर जेम्सले समेत नेपाली खेलाडीको प्रशंसा गरेका छन्। 'हामीविरुद्ध नेपाली टोलीको प्रदर्शन राम्रो थियो,' पिटरले भने।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com